नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नुपरेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्

कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं

सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७२

एक्सटेन्सन: २२५ (९ बजेदेखि ६ बजेसम्म)

>> मंगलबार, साउन ३, २०७४ >> Tuesday, July 18, 2017 >> www.newsofnepal.com >> नेसं ११३७ दिला ला: ९ >> वर्ष २३, अंक १८९ >> पृष्ठ १२ >> मूल्य रू. १०/-

२ { डा. केसी अनशन बस्ने

५ { भरतपुर प्रकरणको सुनुवाइ फेरि सच्चो

६ { पूर्वी रूकुमलाई नयाँ जिल्ला बनाउन पहल

९ { आर्थिक चलखेल पराजयको कारण : माओवादी केन्द्र

३० करोड फिर्ता प्रकरण

बाढीपीडित हेरेको हेरै

अप्रत्यासित रुपमा एकैपटक ठूलो रकम आएको र स्थानीय चुनाव, बैंकको प्रक्रिया मिलाउँदा मिलाउँदै रकम बाँड्न नभ्याएको कर्मचारीको दाबी।

कुमार श्रेष्ठ, बाँके

बाँके र बर्दिया जिल्लाका बाढीपीडितलाई आएको करोडौं रकम फिर्ता भएको छ।

२०७१ सालमा आएको भीषण बाढीबाट पीडित भएका बाँके र बर्दियाका पीडितका लागि आएको ३० करोड रुपियाँ फिर्ता भएको हो। दुई जिल्लाका ५ हजार बढी बाढीपीडितका लागि ४९ करोड ५० लाख रुपियाँ आएको थियो। बाँकेका १ हजार ६ सय ५२ र बर्दियाका ३ हजार ५ सय ७९ जना बाढीपीडितका लागि रकम आएको थियो। बाढीबाट पूर्णरूपमा क्षति व्यहोरेका पीडितलाई बल्ल-बल्ल रकम आए पनि बाँड्न नसकेर फिर्ता भएको हो।

सरकारले किस्ता-किस्तामा रकम दिने कार्यविधि बनाएको थियो। सोही अनुरूप बर्दियाका ३ हजार २ सय ४८ र बाँकेका ६ सय १२ जनाले पहिलो किस्ता लिएका छन्। शहरी विकास तथा भवन डिभिजन कार्यालय, नेपालगन्जले रकम बाँडेको थियो। कार्यालयका इन्जिनियर होमनाथ भुसालका अनुसार पहिलो किस्तामा ५० हजार दिइएको थियो। बाँके र बर्दियाका गरी ३ हजार ८ सय ६० जनालाई पहिलो किस्ता दिँदा १९ करोड ३० लाख खर्च भएको छ। बाँकी ३० करोड २० लाख फिर्ता भएको छ।

अप्रत्यासित रूपमा एकैपटक ठूलो रकम आएको र चुनाव, बैंकको प्रक्रिया मिलाउँदा मिलाउँदै रकम बाँड्न नभ्याएको कर्मचारीहरूले बताए। 'सबैलाई पहिलो किस्तासम्म दिन सकिएको भए आधा रकम खर्च हुन्थ्यो, जति गरे पनि सकिएन' -इन्जिनियर भुसालले भन्नुभयो।

सरकारले जग्गा नभएकालाई साढे ३ लाख र जग्गा भएकालाई ३ लाख रुपियाँ दिने घोषणा गरेको थियो। त्यही अनुसार पहिलो किस्ताको रकम जिल्लामा आएको थियो। भारतले एकतर्फी रूपमा राप्ती नदीमा बनाएको लक्ष्मणपुर बाँध र कलकलवा तटबन्धका कारण पानीको बहाव रोकिएपछि २०७१ साउन २९ गते राति आएको भीषण बाढीले बाँकेका १३ हजार बढी घरपरिवार विस्थापित भएका थिए।

राप्ती नदीबाट सीधा मारमा पर्ने होलिया र बेतहनीका धेरै जनता पहिलो किस्ताको रकम पाउनबाट छुटेका छन्। 'होलिया र बेतहनीका धेरैलाई दिन सकिएन, त्यहाँका सबैजसोलाई दिन सकिएको भए राम्रो हुन्थ्यो' -इन्जिनियर भुसालले भन्नुभयो।

होलिया र बेतहनीका धेरै छुट्नुमा गाविस सचिवको लापरबाही भएको लक्ष्मणपुर बाँध पीडित संघर्ष समितिका संयोजक जगदीशबहादुर सिंहले बताउनुभयो। 'धेरै जनताले त थाहा नै पाएनन्। थाहा पाएकाहरू पनि सचिवलाई खोज्दैमा ठिक्क भयो', सिंहले भन्नुभयो- 'होलिया र बेतहनीका सचिवको लापरबाहीले गर्दा यहाँका धेरै पीडितले पहिलो किस्ता पाउन सकेनन्।'

२०७१ मा आएको बाढीपीडितलाई सरकारले २०७२ वैशाखमा आएको भूकम्पपीडित सरह राहत दिने घोषणा गरेको थियो। त्यो पनि सर्दै आउँदा गत वैशाखमा एक्कासि ठूलो रकम जिल्लामा आएको थियो। फिर्ता भएको रकम नयाँ आर्थिक वर्षको शुरुआतमै फेरि आउनेमा पीडितहरू आशावादी रहेका छन्।

जनता आवासमा थप रकम खर्च

शहरी विकास तथा भवन डिभिजन कार्यालय नेपालगन्जले जनता आवास कार्यक्रममा भने थप बजेट मागेर खर्च गरेको छ।

बाँके र बर्दियाका दलित समुदायका लागि २ हजार ५० घर बनाउन १२ करोड ८५ लाख रुपियाँ आएको थियो। त्यो खर्चेर पनि कार्यालयले थप रकम मगाएको हो। इन्जिनियर होमनाथ भुसाललका अनुसार जनता आवास कार्यक्रममा १६ करोड ९ लाख रुपियाँ खर्च गरिएको छ।

बर्दियाका १ हजार ३० र बाँकेमा १ हजार २० घर बनाउनका लागि पैसा आएको थियो। जनता आवास कार्यक्रममा पनि किस्ताअनुसार रकम दिइएको थियो। 'पहिलो किस्ता सबैले लगे। दोस्रो पनि ५० प्रतिशत हाराहारीले लगे, १० प्रतिशतजतिले तेस्रो किस्ता लगेका छन्', इन्जिनियर भुसालले भन्नुभयो- 'जनता आवासमा धेरै प्रगति भयो।'

सरकारले निश्चित जातिहरू वादी, राजी, गन्धर्व जातिका लागि जनता आवास कार्यक्रम सञ्चालन गरिरहेको अघिल्लो वर्षदेखि दलित समुदाय सबैलाई समेटिएको थियो। 'वादी, राजी, गन्धर्वलाई विशेष प्राथमिकता दिने भनिएको छ', इन्जिनियार भुसालले भन्नुभयो- 'अरू दलितलाई पनि समेट्न भनिएको छ।'

विगतमा जग्गा नभएकाले सुविधा पाउँदैनथे। यसपालि ऐलानी जग्गाका विषयमा कार्यविधि मौन बसेको छ।

प्रधानन्यायाधीशद्वारा पदभार ग्रहण

काठमाडौं, (नेस)

प्रधानन्यायाधीश गोपालप्रसाद पराजुलीले सोमबार पदभार ग्रहण गर्नुभएको छ।

उहाँलाई राष्ट्रपति विद्यादेवी भण्डारीले प्रधानन्यायाधीशमा नियुक्त गर्दै पद तथा गोपनीयताको शपथग्रहण गराउनुभएको हो। शपथलगत्तै सर्वोच्च अदालत आउनुभई पराजुलीले पदभारग्रहण गर्नुभयो। राष्ट्रपति कार्यालयबाट सर्वोच्च अदालत आउँदा पराजुलीलाई कर्मचारीहरूले पुष्पगुच्छासहित स्वागत गरेका थिए।

२७औं प्रधानन्यायाधीश पराजुली आउँदो वैशाख १५ गतेसम्म पदमा रहनुहुनेछ। २०४७ सालमा पुनरावेदनको अस्थायी न्यायाधीशका रूपमा उहाँ न्यायसेवामा प्रवेश गर्नुभएको थियो। यसअघि महाअभियोग लागेर प्रधानन्यायाधीश सुशीला कार्की निलम्बनमा परेपछि पराजुलीले केही दिन कार्यवाहक प्रधानन्यायाधीशका रूपमा काम गर्नुभएको थियो।

पदभार ग्रहणपछि सञ्चारकर्मीसँग कुराकानी गर्दै प्रधानन्यायाधीश पराजुलीले ३९ बुँदे कार्ययोजनाअनुसार नै अघि बढ्ने बताउनुभयो।

असनका पुराना घरहरू ढलेनन्, तर एक्लो घर किन ढल्यो भन्दै पराजुलीले सँगै रहेको जोशीतिर हेर्दै भन्नुभयो- 'मेरो सहयोगी वरिष्ठ न्यायाधीश हुनुहुन्छ, उत्तराधिकारी साथी पनि हो। हामी एउटै उद्देश्यका साथ मैले जुन प्लान लिएर आएको छु यसमा कुनै विमति छैन। हामी दुवै एकढिक्का भएर सहकार्य हुन्छ।' साथै न्यायाधीश दीपकराज जोशीलाई आफ्नो उत्तराधिकारी भन्दै उहाँले दुवै एक भएर काम गर्ने बताउनुभयो। अतिरिक्त समयमा न्यायाधीशले ऐच्छिक रूपमा काम गर्ने भन्ने करिब-करिब सहमति भएको भन्दै उहाँले भन्नुभयो- 'अतिरिक्त काम गरेर भए पनि जनतालाई सेवा दिन सबै न्यायाधीश लालायित हुनुहुन्छ।'

प्रधानन्यायाधीश पारदर्शी र उत्तरदायी होस् भन्ने सबैले हेर्न चाहेको भन्दै उहाँले त्यो पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले आफू आग्रह पूर्वाग्रहबाट परिचालित नहुने र आफ्नो उद्देश्यप्रति प्रस्ट रहेको समेत बताउनुभयो।

(क्रमशः पृष्ठ ९ मा)

बाबुछोरी एउटै पासोमा

हेटौंडा, (नेस)

उत्तरी मकवानपुरको थाहा नगरपालिका-१ स्थित कुलगाउँमा बाबुछोरीले एउटै पासोमा आत्महत्या गरेका छन्। काठमाडौंबाट केही दिनअघि मात्र आएका गोविन्द बलामीले आइतबार राति करिब ९ बजे ४ वर्षीया छोरी रशितासहित आत्महत्या गरेको इलाका प्रहरी कार्यालय पालुङका हवल्दार शिवराज सुवेदीले बताउनुभयो। गोविन्दका आमाबुबा र बहिनी सुतेपछि पासो लगाइएको थियो।

करिब २६ वर्षीय बाबु र छोरीले सुत्ने कोठामा एकै ठाउँमा पासो लगाएर आत्महत्या गरेको प्रहरीले बताएको छ। गोविन्दकी पत्नीले पनि करिब २ वर्षअघि आत्महत्या गरेको स्थानीयले बताएका छन्। बलामी पेसाले चालक हुन्।

तत्काल समिति गठन गर्न एमालेको माग

काठमाडौं, (नेस)

नेकपा एमालेले जिल्ला समन्वय समिति गठनका लागि अविलम्ब पहल गर्न निर्वाचन आयोगको ध्यानाकर्षण गराएको छ।

निर्वाचन सम्पन्न भएको लामो समय बितिसक्दा पनि जिल्ला समन्वय समिति गठनमा अन्योल र ढिलाइ रहेको भन्दै एमालेले आयोगको ध्यानाकर्षण गराएको हो। एमाले संसदीय दलका उपनेता सुवास नेम्वाङको नेतृत्वमा सोमबार निर्वाचन आयोग पुगेको टोलीले प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवसहितका आयुक्तलाई भेटेर जिल्ला समन्वय समिति गठनका लागि आवश्यक निर्देशन दिन आग्रह गरेको हो।

एमालेले निर्वाचन सम्पन्न भएका ६७ मध्ये ३१ जिल्लामा बहुमत ल्याएर एकल जिल्ला समन्वय समिति गठन गर्ने हैसियत बनाएको छ। तर, अहिलेसम्म जिल्ला समन्वय समिति गठन नभएकोमा एमाले असन्तुष्ट बनेको हो।

एमाले टोलीले २०७४ माघ ७ भित्र तीनवटै तहका निर्वाचन सम्पन्न गर्नुपर्ने दायित्वबाट सत्तापक्ष भाग्न खोजेको भन्दै सरकारलाई दबाब दिन निर्वाचन आयोगलाई आग्रहसमेत गरेको छ। आयोग पदाधिकारीसँगको भेटपछि नेम्वाङले सत्तापक्ष चुनावबाट भाग्ने आशंका रहेको बताउनुभयो।

(क्रमशः पृष्ठ ९ मा)

स्थानीय शासन सञ्चालनसम्बन्धी विधेयक

'फास्ट ट्रयाक' मा विधेयक पारित गरिँदै

सुनील महर्जन, काठमाडौं

संसदमा विचाराधीन रहेको स्थानीय शासन सञ्चालनसम्बन्धी विधेयक, २०७३ द्रुत गति (फास्ट ट्रयाक) बाट पारित गर्नुपर्ने भन्दै सरकारले त्यसका लागि तयारी अघि बढाएको छ।

ऐनको अभावमा संविधानले परिकल्पना गरेबमोजिम गाउँपालिका र नगरपालिकाले काम गर्न जनप्रतिनिधिहरूको हातखुट्टा बाँधेको भन्दै प्रतिक्रिया दिन थालेका छन्। यस्तो अवस्थामा राजनीतिक तहबाट सो विधेयक पारित गर्न लाग्ने समय बचत गरेर फास्ट ट्रयाकबाट पारित गर्ने तयारी अघि बढाएको संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले जनाएको छ।

'स्थानीय तहको निर्वाचनबाट जनप्रतिनिधि बहाल भएको अवस्थामा लामो समयसम्म ऐनविहीन राख्नुहुन्न। त्यसैले यसलाई फास्ट ट्रयाकबाट पारित गर्नुपर्दछ' -उपप्रधानमन्त्रीसमेत रहनुभएका संघीय मामिला तथा स्थानीय विकासमन्त्री विजयकुमार गच्छदारले नेपाल समाचारपत्रसँग भन्नुभयो।

'विधेयक फास्ट ट्रयाकबाट पारित गर्न प्रमुख राजनीतिक दलका सचेतकहरूसँग छलफल गरिसकेका छौं। अब दलका प्रमुखहरूसँग मात्र कुराकानी गर्न बाँकी रहेको छ' -उपप्रधानमन्त्री गच्छदारले भन्नुभयो।

सो विधेयकउपर सांसदहरूबाट संशोधन प्रस्ताव राख्ने अवधि आइतबार सकिएको छ। गत वैशाख मसान्तमा संसदमा दर्ता गराइएको सो विधेयकबारे सांसदहरूबाट धेरै संशोधनको प्रस्ताव आएको बुझिएको छ। संसदमा विचाराधीन विधेयकमध्ये सम्भवतः सबैभन्दा बढी संशोधनको प्रस्ताव पनि सोही विधेयकबारे आएको छ। सो विधेयकबारे छलफल गर्ने क्रममा कतिपय सांसदले सो ऐनको नाउँ परिवर्तन गर्नुपर्नेसमेत संशोधन प्रस्ताव हालेका छन्।

स्थानीय शासन भन्नाले केन्द्र वा संघबाट शासन गर्ने नियतले आएको भन्ने अर्थ लाग्दछ। त्यसैले यसलाई स्थानीय तह सञ्चालनसम्बन्धी ऐन भन्नुपर्ने संशोधन आएको समेत मन्त्रालयले जनाएको छ।

(क्रमशः पृष्ठ ९ मा)

महानगरको १५ नारा

अधिकांश महत्त्वाकांक्षी, कार्यान्वयनमा आशंका

ईश्वरराज ढकाल, काठमाडौं

काठमाडौं महानगरपालिकाले सार्वजनिक गरेको नीति तथा कार्यक्रममा १५ वटा नारा समावेश गरेको छ। नाराले भरिएको योजनामा कार्यान्वयनमा त्यत्तिकै चुनौती देखिएको छ। असार ३० गते सम्पन्न पहिलो नगरसभामा सार्वजनिक गरिएका नारामा अधिकांश महत्त्वाकांक्षी छन्।

योजना कार्यान्वयन गरेरै छाड्ने प्रतिबद्धता जनाउनुभएका मेयर विद्यासुन्दर शाक्यले केही कार्यान्वयनको तहमा गइसकेको दाबी गर्नुभयो। उहाँले भन्नुभयो- 'जनताको मत जितेर आएका जनप्रतिनिधिले सार्वजनिक गरेको योजना लागू गरेरै छाड्नेछौं।'

कामपाले 'सम्वृद्ध, सुरक्षित र जीवन्त शहर स्वच्छ र सुन्दर काठमाडौं महानगर' नारालाई प्राथमिकता दिएको छ। 'सामाजिक विकास तथा समाज कल्याण हाम्रो दायित्व', सक्षम युवा, उत्कृष्ट खेलकुद, उपयुक्त रोजगारी हाम्रो जिम्मेवारी, जनउपयोगी शिक्षासमक्ष नागरिक, स्वस्थ नागरिक स्वस्थ महानगर, स्थानीय सरकार पूर्वाधार विकासको आधारजस्ता मीठा नारा तय गरिएको छ।

'हामीले तय गरेको नारालाई साकार पारेरै अघि बढाउनेछौं' -मेयर शाक्यले भन्नुभयो। 'महानगरले तय गरेको योजनाको आधारमा ५ देखि २० वर्षे विकास योजना तय गर्नेछौं। त्यसपछि विस्तारै कार्यान्वयनको पाटोमा अघि बढाउनेछौं' -उहाँको भनाइ थियो।

'हामी २० वर्षसम्मको योजनालाई थ्रीडी बनाएर सार्वजनिक गर्नेछौं। कस्तो घर बनाउने, राजधानीलाई हरियाली बनाउन के गर्ने, अबको २० वर्षपछि कस्तो महानगर बनाउनेलगायतका विषय समेटेर थ्रीडी तयार गर्नेछौं। योजनालाई योजनामा मात्रै सीमित नराखी साँच्चीकै कार्यान्वयनमा जानेछौं' -मेयर शाक्यको भनाइ थियो। बृहत्तर योजनाअनुसार ५ वर्षे आवधिक योजना तय गर्ने तयारी कामपाले गरेको छ।

योजनामा छनोट गरिएका नारालाई कार्यान्वयन गर्न तत्काल र दीर्घकालीनरूपमा काम अघि बढाउने महानगरको सोच रहेको छ।

नीति तथा कार्यक्रममा समावेश गरेका योजनामा 'हाम्रो आवास, मौलिक र सुरक्षित आवास', 'हाम्रो काठमाडौं, उज्यालो काठमाडौं', 'सहज, सुलभ र व्यवस्थित शहरी यातायात', 'हाम्रो मातृभाषा, हाम्रो गौरव', 'हाम्रो संस्कृति र सम्पदा, पर्यटकका लागि चिनारी रहन्छ सदा-सदा', 'सफल महानगरका लागि सुशासन', 'सूचना तथा सञ्चार सुसूचित हुन पाउनु हाम्रो अधिकार', 'स्वस्थ वातावरणसहितको सुन्दर महानगर', 'सुरक्षा र विपत् व्यवस्थापन आजको आवश्यकता', 'सक्षम न्याय प्रणाली र कानुनी व्यवस्था' नारा तय गरिएको छ।

योजनामा भएका नारालाई कार्यान्वयन गर्न महानगर तयार रहेको बताउँदै मेयर शाक्यले भन्नुभयो- 'योजनालाई क्रमशः कार्यान्वयन गर्दै लैजानेछौं।' योजनामा स्मार्ट ट्वाइलेट, सफा टोल अभियान, अत्याधुनिक सूचना केन्द्र स्थापना, नदी निकास क्षेत्रमा वृक्षरोपण, प्रत्येक वडामा फायर हाइड्रेन्ट स्थापना, विष्णुमती, वागमती र धोबीखोलामा सम्पदा मार्ग निर्माण, आफ्नै स्रोतसाधन र नेपाली जनताको सहयोगमा काष्ठमण्डप निर्माण गर्ने, हाल सञ्चालनमा रहेका पेट्रोल पम्पलाई स्मार्ट पेट्रोल पम्पमा परिवर्तन गर्ने, स्मार्ट पार्किङ निर्माण गर्ने, ठमेललाई पैदल क्षेत्रका रूपमा विकास गर्ने, विभिन्न ठाउँमा स्मार्ट भर्टिकल कार पार्किङ निर्माण गर्ने, साइकल सिटी बनाउने, बस ग्यापिङ ट्रान्जिट, मेनोरेल, सिटी केबल कार, ट्राम्प र मेट्रोजस्ता विभिन्न प्रकारको विकल्पहरूको अध्ययन गरी बृहत्तर शहरी यातायात योजना निर्माण गर्नेलगायतका योजना रहेका छन्।

'हामीले घोषणा गरेको योजनालाई कार्यान्वयन गर्दै लैजानेछौं, पहिलो चरणमा बाटाको खाल्डाखुल्डी पुर्नेछौं, फोहोर व्यवस्थापन, हरियाली प्रवर्द्धन, महानगरको सुशासन कायम राख्न विभिन्न कामको थालनी गर्नेछौं' -मेयर शाक्यको भनाइ थियो। सबै सरोकारवाला निकायसँगको सहकार्यमा सबै योजना कार्यान्वयनलाई सँगै अघि बढाउने उहाँको भनाइ थियो।

नेपाल समाचारपत्र

www.newsofnepal.com

महानगर

2017, JULY Tuesday 18

ठूला अस्पताल र मेडिकल कलेजहरु देशका एकाध ठूला शहरमा मात्र केन्द्रित हुँदा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचबाट देशको तीन चौथाइ जति जनसंख्या विमुख भइरहेको छ। त्यो अवस्थाको अन्त गरी गुणस्तरीय स्वास्थ्य सेवाको न्यायोचित वितरण गर्नका लागि प्रत्येक प्रदेशमा कम्तीमा एउटा सरकारी मेडिकल कलेज खोल्ने भनेर गरिएको सम्झौता तदारूकताका साथ कार्यान्वयन गरिनुपर्छ।

चिकित्सा शिक्षामा योग्य विद्यार्थीमाथि अन्याय

डा. केसी अनशन बस्ने



भगवती तिमल्सिना
bgtimilsina@yahoo.com

चिकित्साशास्त्र अध्ययन संस्थानका प्राडा गोविन्द केसीले चिकित्सा शिक्षाको सुधारका ठोस मागहरू राखी पूरा गर्न सरकारको ध्यानाकर्षण गर्दै असार ३१ गतेको अल्टिमेटम दिनुभएको थियो। सरकारले समयमा सम्झौताको कार्यान्वयन नगर्दा विद्यार्थीहरू मर्कामा परेकाले आफूले यही साउन ९ गते अपराह्न ४ बजेदेखि सत्याग्रह शुरु गर्न बाध्य भएको बताउनुभएको छ।

चिकित्साशास्त्र अध्ययन संस्थान (आईओएम) यतिबेला मेडिकल माफियाहरूको कमाईखाने भाँडोका रूपमा परिणत हुँदै छ। एमडी एमएसको भर्नामा निजी मेडिकल कलेजहरूले ऐनको ठाडो उल्लघंन गर्दासमेत सरकार र त्रिवि पदाधिकारीहरू कानमा तेल हालेझैं गरी बसेका छन्। चिकित्सा शिक्षामा सबै नेपालीको गुणस्तरीय स्वास्थ्य सेवामा समान पहुँच पुऱ्याउन एवं सबै विद्यार्थीको सुलभ र गुणस्तरीय शिक्षामा समान पहुँचको सुनिश्चितता गर्ने कानुनी तथा व्यवहारिक व्यवस्था गर्ने विषयमा सरकारले विगतमा गरेका सम्झौताको पूर्ण पालना नहुँदा विद्यार्थी अनिर्णयको बन्दी बनेकाले आफू पुनः आमरण अनशन बस्ने निर्णयमा पुगेको डा. केसी बताउनुहुन्छ।

> हामीहरु एक दशकदेखि स्वास्थ्य सेवा र स्वास्थ्य शिक्षालाई गुणस्तरीय बनाउन, सबै नेपालीको गुणस्तरीय स्वास्थ्य सेवामा समान पहुँच पुऱ्याउन एवं सबै विद्यार्थीको सुलभ र गुणस्तरीय चिकित्सा शिक्षामा समान पहुँचको सुनिश्चितता गर्ने कानुनी तथा व्यवहारिक व्यवस्था गर्न संघर्ष गरिरहेको विदितै छ। हाम्रो यो लडाइँ समाजमा आमरूपमा सुशासनका लागि समेत रहेको छ।

डा. केसीले विज्ञप्तिमा भन्नुभएको छ- 'हामीहरू गत दशकदेखि स्वास्थ्य सेवा र स्वास्थ्य शिक्षालाई गुणस्तरीय बनाउन, सबै नेपालीको गुणस्तरीय स्वास्थ्य सेवामा समान पहुँच पुऱ्याउन एवं सबै विद्यार्थीहरूको सुलभ र गुणस्तरीय चिकित्सा शिक्षामा समान पहुँचको सुनिश्चितता गर्ने कानुनी तथा व्यवहारिक व्यवस्था गर्न संघर्ष गरिरहेको विदितै छ। हाम्रो यो लडाइँ समाजमा आमरूपमा सुशासनका लागि समेत रहेको छ।

तर, हामीसित भएका सम्झौताहरू बारम्बार उल्लंघन गरिरहेका सरकार र राजनीतिक दलहरूले चरम गैरजिम्मेवारीपन देखाउँदै त्यस्तो कानुनी व्यवस्था गर्ने चिकित्सा शिक्षा ऐनको विधेयक संसद् मा पुगेको एक वर्ष पुगिसक्दासमेत पारित गरेका छैनन्। त्यसो नहुनुमा निजी मेडिकल कलेज खोलेर व्यापार गर्न उद्यत् प्रमुख दलका शीर्ष नेताहरू तथा स्वार्थको द्वन्द्व हुने संसदीय समितिका सदस्यहरू मुख्य जिम्मेवार छन्।

यही मौका छोपेर विद्यार्थी भर्ना, सिट र शुल्क निर्धारणमा चरम अनियमितता गरेर लुट मच्चाइरहेका छन् जसले गर्दा ३ करोड नेपालीको स्वास्थ्य र ज्यानसमेत खतरामा पर्ने अवस्था सिर्जना भएको छ। त्रिभुवन विश्वविद्यालयका पदाधिकारीहरूले विगतका सम्झौताबमोजिम आईओएमलाई थप स्वायत्तता दिनको सट्टा त्यसविपरीत हुने गरी आईओएममा कायम अधिकारहरू खोसेर लिने काम गरेका छन्।

त्यसैको फलस्वरूप त्रिवि पदाधिकारीसित मिलेमतो गरेर निजी मेडिकल कलेजहरूले विद्यार्थी भर्ना र शुल्कको विषयमा आईओएमको निर्णय, मन्त्रिपरिषदको निर्देशन र अदालतको आदेशसमेत नटेरेर चरम अराजकता प्रदर्शन गरेका छन्। परिणामस्वरूप विधिवतरूपमा योग्यताक्रममा रहेका विद्यार्थीको पढाइ अनिश्चित भएको छ भने नियामक निकायले दिँदै नदिएका सिटमा समेत मोलमोलाईमा विद्यार्थी भर्ना भएका छन्।

ठूला अस्पताल र मेडिकल कलेजहरू देशका एकाध ठूला शहरमा मात्र केन्द्रित हुँदा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचबाट देशको तीन चौथाइ जति जनसंख्या विमुख भइरहेको छ। त्यो अवस्थाको अन्त गरी गुणस्तरीय स्वास्थ्य सेवाको न्यायोचित वितरण गर्नका लागि प्रत्येक प्रदेशमा कम्तीमा एउटा सरकारी मेडिकल कलेज खोल्ने भनेर हामीसित गरिएको सम्झौता तदारुकताका साथ कार्यान्वयन गरिनुपर्छ।

हाल सञ्चालनमा रहेको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा तत्काल विद्यार्थी भर्नाको व्यवस्था गर्नका साथै दाङस्थित राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान तत्काल शुरु गर्न, गेटास्थित मेडिकल कलेज शीघ्र सञ्चालनमा ल्याउन तथा दुर्गम जिल्लाहरू समेट्ने गरी डोटी/डडेल्धुरा, पाँचथर/इलाम, उदयपुर, धनुषा/महोत्तरीलगायतका ठाउँमा सरकारी मेडिकल कलेजहरू खोलिनुपर्छ।

मेडिकल शिक्षाको क्षेत्रमा हाल व्याप्त अनियमितता र अराजकतालाई राज्यका विभिन्न अंगबाट अनेकरूपमा संरक्षण रहेको समेत देखिएकाले हामी त्यस्तो खाले संरक्षणको भर्त्सना गर्दछौं। विभिन्न पक्षहरूको आर्थिक स्वार्थका लागि नागरिकहरूको स्वास्थ्यमा गम्भीर खेलबाड गरिने अवस्था राज्यको कुनै पनि अंगबाट भएमा त्यो हामीलाई सह्य हुने छैन। पछिल्लो समय अदालतका केही आदेशहरूका आडमा तथा समयमा पेसी र सुनुवाई नभएका कारण मेरिटका विद्यार्थीहरू भर्ना नहुने, नियामक निकायले दिँदै नदिएका सिटमा भर्ना लिने जस्ता कामहरू भएकाले त्यसले मेडिकल माफियाको हितमा काम गरिरहेको दुःखद स्थिति छ।

साथै विगतदेखिसमेत सन्देहास्पद भूमिका रहेको न्यायीक नेतृत्व यस खालका विकृति र विसंगतिलाई निर्मूल गरेर सही अर्थमा न्याय दिँदै मेडिकल शिक्षाको गुणस्तर कायम गर्न तत्पर भएको देखिँदैन। न्यायपालिकालाई समेत जवाफदेही बनाउन त्यहाँभित्रका गलत व्यक्ति र प्रवृत्तिविरुद्ध संघर्ष गर्न हामी प्रतिबद्ध छौं। सरकार, राजनीतिक नेतृत्व र संसदसमेत यो क्षेत्रको संवेदनशीलता बुझेर आ-आफ्नो ठाउँबाट सुधार र सुशासनका लागि भूमिका खेल्नेछन् भन्ने हाम्रो अपेक्षा छ। त्यसो नभएमा राज्यका जुनसुकै अंगलाई जवाफदेही बनाउन नागरिकका हैसियतले हामीले हरेक उपाय अपनाएर संघर्ष गर्ने कुरा जानकारी गराउन चाहन्छौं।

यसैबीच सुधारका ठोस मागहरू राखी हामीले बारम्बार सरकारको ध्यानाकर्षण गर्दै ती माग पूरा गर्न यही असार ३१ गतेको अल्टिमेटम दिएका थियौं। सो अवधिमा मागहरू पूरा नभएकाले यही साउन ९ गते अपराह्न ४ बजेदेखि सत्याग्रह शुरु गर्ने जानकारी गराउँछु। साथै विगतमा झैं यसपल्ट पनि नागरिकहरूको हरेक तह र तप्काबाट सद्भाव, सहयोग र सहभागिता हुनेछ भन्ने विश्वास व्यक्त गर्दछु।

सत्याग्रहका माग हरू :

१) तत्काल माथेमा प्रतिवेदनअनुरूप हामीले दिएका सुझावसहित चिकित्सा शिक्षा ऐन पारित गरियोस्।

२) चिकित्सा शिक्षा क्षेत्रमा भएका अनियमितता रोक्न निम्न काम गरियोस्। आईओएममा तत्काल डीनको सिफारिसअनुसार सहायक डीन र क्याम्पस प्रमुख नियुक्त गरियोस्। आईओएमलाई विगतका सम्झौताअनुसार थप स्वायत्तता दिँदै विद्यार्थी भर्ना, शुल्क र सम्बन्धनसम्बन्धी अधिकार त्रिवि कार्यकारी परिषद्बाट आईओएममा फिर्ता गरियोस्। सरकारी निर्देशन र अदालतको आदेश अटेरी गर्ने मेडिकल कलेजको सम्बन्धन तत्काल खारेज गरियोस्। चिकित्सा शिक्षा आयोग नबनुञ्जेलसम्म मेडिकल शिक्षाका सबै तहको शुल्क विश्वविद्यालयले नभई सरकारले तोक्ने व्यवस्था गरियोस्।

एमडी, एमएस र एमडीएस तहको शुल्क यही शैक्षिक सत्रदेखि लागू हुने गरी काठमाडौं विश्वविद्यालयमा जस्तै सबै निजी कलेजहरूका लागि २२ लाख कायम गरियोस्। आईओएममा पदाधिकारी नियुक्त नगरेर अस्तव्यव्यस्त बनाउने, आईओएमका अधिकार खोसेर लैजाने तथा नाजायजरूपमा धेरै शुल्क कायम गर्ने त्रिवि पदाधिकारीलाई तत्काल बर्खास्त गरियोस्।

विद्यार्थीको माग

यसै विषयलाई लिएर सरकारी चिकित्सक संघ नेपाल, डक्टर्स सोसाइटी अफ नेपाललगायतका ९ वटा संस्थाले सामूहिकरूपमा चिकित्साशास्त्र अध्ययन संस्थानका डीन प्राडा जगदीश अग्रवाल समक्ष, युनिभर्सल कलेज अफ मेडिकल साइन्सेजले कलेजको सम्बन्धन नै खारेज गर्न माग गरेका छन्।

त्रिवि चिकित्साशास्त्र अध्ययन संस्थानले चिकित्साशास्त्रतर्फको स्नातकोत्तर तहको प्रवेश परीक्षा सञ्चालन गरी त्रिविका विभिन्न सम्बन्धन प्राप्त निजी कलेजहरूमा मेरिटका आधारमा विद्यार्थी भर्नाको सिफारिस गरेकोमा युनिभर्सल कलेज अफ मेडिकल साइन्सेजले उनीहरूलाई भर्ना गर्न अस्वीकार गरेको अवस्था रहेको भन्दै सामूहिकरूपमा विज्ञप्ति जारी गरेका छन्। सर्वोच्च अदालतले विभिन्न मितिमा मेरिट भर्नाको आदेश दिएको र मिति २०७४ असार २२ गते नेपाल सरकारको मन्त्रिपरिषद् कार्यालयले मेरिटमा भर्ना गर्न निर्देशनात्मक आदेश दिएको तथा त्यसो नगर्ने मेडिकल कलेजहरूको सम्बन्धन खारेजीको प्रक्रिया शुरु गर्ने जानकारी गराएको छ।

मन्त्रिपरिषद् कार्यालयको असार २२ कै निर्देशनात्मक आदेशअनुरूप युनिभर्सल मेडिकल कलेजको सम्बन्धन खारेजी प्रक्रिया तत्काल अगाडि बढाउन तथा दोस्रो काउन्सेलिङको प्रक्रिया तत्काल रोक्न माग गरिएको छ।

विज्ञप्तिमा डा. कालुसिंह खत्री, कार्यवाहक अध्यक्ष, डक्टर्स सोसाइटी अफ नेपाल, डा. दीपेन्द्र पाण्डे, अध्यक्ष, सरकारी चिकित्सक संघ नेपाल, डा. सन्तोष पौडेल, अध्यक्ष, राष्ट्रिय चिकित्सक संघ नेपाल, डा. विष्णु भण्डारी, अध्यक्ष, रेजिडेन्ट एसोसिएसन अफ न्याम्स, डा. कश्यप श्रेष्ठ, अध्यक्ष, नेसनल रेजिडेन्टस डक्टर्स एसोसिएसन, डा. अजितकुमार यादव, अध्यक्ष, जुनियर रेजिडेन्ट्स वेलफेयर सोसाइटी, डा. विश्वबन्धु बगाले, अध्यक्ष, डक्टर्स फर चेन्ज, डा. समीर लामा, डा. तोसिमा कार्की, सेभ मेडिकल फ्रचार्टर्निटी मुभमेन्ट, डा. अभिषेकराज सिंह, कार्यवाहक संयोजक, सोलिडारिटी फर डा. केसी अलायन्सले सामूहिक हस्ताक्षर गरेका छन्।

लाज ढाक्दै सूचना

चौतर्फीरूपमा युनिभर्सल कलेजको खारेजीको मागसहित जिल्ला प्रशासन कार्यालय, त्रिभुवन विश्वविद्यालय, प्रधानमन्त्री, डीनको कार्यालयलगायत अदालत गुहारन विद्यार्थीलाई बाध्य बनाउँदै आएको युनिभर्सल मेडिकल कलेज भैरहवाले साउन २ गते सूचना जारी गरेर ३ गतेसम्म भर्ना भइसक्नुपर्ने नत्र कलेज जवाफदेही नहुने १ दिनको म्यादमा भर्ना भइसक्नुपर्ने लज्जास्पद सूचना जारी गरेर कानुनीरूपमा आफूलाई चोख्याउन खोज्दै छ।

स्वास्थ्य सेविकाको भूमिका निर्वाह गर्दै महिला

अनिल बोगटी

नेपालमा गर्भवती र नवजात शिशुको स्वास्थ्यको सन्दर्भमा पछिल्ला वर्षहरूमा प्रगति हुँदै गएको छ। यसै सन्दर्भमा महिला स्वास्थ्य स्वयंसेविकाले नियमितरूपमा पुऱ्याएको योगदानलाई यस्तो प्रगतिमा महत्त्वपूर्ण अंगको रूपमा लिइन्छ। त्यसैले महिला स्वास्थ्य स्वयंसेविका बन्न स्थानीय महिला र किशोरीहरू उत्साहित छन्। पहुँच नपुगेका र पीछाडिएका समुदायका महिला र किशोरीहरू महिला स्वास्थ्य सेविकाको भूमिका निर्वाह गरिरहेका छन्।

उनीहरूमध्ये एक हुन् धनुषाको सीमावर्ती तुलसीयाही गाविस-६ की २५ वर्षीया पिन्की महरा। उनी यति बेला महिला स्वास्थ्य स्वयंसेविकाको रूपमा काम गरिरहेकी छिन्। दलित समुदायको बाहुल्यता रहेको उक्त वडामा पिन्की गर्भवती महिला र सुत्केरीहरूलाई स्वास्थ्य शिक्षा दिन पाउँदा निकै खुसी देखिन्छिन्। दलित समुदायकी उनी गर्भवती तथा सुत्केरी भएका आमाहरूले ध्यान दिनुपर्ने कुरा, उनीहरूका लागि आवश्यक पोषण, सुरक्षित मातृत्व, खोप, परिवार नियोजन, खतराको अवस्था र जन्मतयारी, सुत्केरी आमा र नवशिशु स्याहार सम्बन्धी जानकारी प्रत्येक महिना दिने जस्ता काममा व्यस्त छिन्। उनी भन्छिन्- 'मेरो दुई वटा बच्चा हुँदा केही जानकारी थिएन, अहिले टोल छिमेकका महिलालाई सुरक्षित मातृत्वबारे शिक्षा दिई सेवा लिन प्रोत्साहन गर्दै आमा र नवजात शिशुलाई मृत्युको मुखबाट जोगाई सहयोग गर्न पाउँदा खुसी लागेको छ।' शुरुमा उनलाई आफू दलित समुदायको महिला भएकाले स्वास्थ्य सेवाबारे टोल छिमेकले छुवाछुत वा जातीय भेदभाव हुने चिन्ता थियो। तर, ग्रामीण मातृ स्वास्थ्य परियोजना लागू भएपश्चात् स्वास्थ्य आमा समूहले गर्भवती महिला समूह गठन गरी सर्वसम्मतरूपमा महिला स्वास्थ्य स्वयंसेविकाको जिम्मेवारी दिएपछि उनमा समुदायका गर्भवती र सुत्केरीलाई शिक्षा दिने उत्साह झन् बढेको छ।

समूहमा आबद्ध सुकदेवी साह भन्छिन्- 'गाउँ-घरकी बुहारीले हामीलाई स्वास्थ्य सेवाबारे जानकारी दिने भएपछि खुसी भयौं, छुवाछुत वा भेदभावको भावना हामीमा छैन।' गर्भवती महिला समूहमा आबद्ध मन्टुट साह भन्छिन्- 'हामीलाई सुरक्षितरूपमा बच्चा जन्माउन अस्पताल जानुपर्छ भन्नेसमेत थाहा थिएन, अहिले महिला स्वास्थ्य स्वयंसेविकाले धेरै कुरा सिकाउनुभएको छ र हामीले त्यसलाई उपयोग गर्ने मौका पाएका छौं।'

प्लान इन्टरनेसनल नेपाल र नेपाल सरकार स्वास्थ्य मन्त्रालयको सहकार्यमा यूएस एडको अनुदानमा धनुषासहित तराई र पहाड गरी १५ जिल्लामा मातृ तथा शिशु मृत्यु दरमा कमी ल्याउन सहयोग गर्नका लागि स्वास्थ्य आमा समूहको उपसमूह गर्भवती महिला समूह गठन गरी मासिकरूपमा स्वास्थ्य शिक्षा दिने कार्य भइरहेको छ। यसै क्रममा महिला स्वास्थ्य स्वयंसेविकालाई तालिमसहित सामग्री पनि उपलब्ध गराइएको छ।

सङ्खुवासभा, धनकुटा, सुनसरी, मोरङ, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, रौतहट, सर्लाही, बारा, पर्सा, मकवानपुर, नवलपरासी र रूपन्देहीका गरी विकासको सूचकको हिसाबमा पछाडि परेका ३ सय ३५ गाविसहरूमा यो परियोजना सञ्चालन भएका छन्।

आफू सुत्केरी हुँदाको बखत सुरक्षित मातृत्वबारे थाहा नपाएका महिलासमेत अहिले स्वास्थ्य स्वयंसेविका भएर काम गरिरहेका छन्। धनुषाकै भुचक्रपुर गाविसकी सन्जिला महतो ग्रामीण भेगमा महिला स्वास्थ्य सेविकाको रूपमा काम गर्दा आफूलाई गर्व लाग्ने गरेको बताउँछिन्। स्थानीय स्वास्थ्य चौकीका अहेव प्रमोद महतोका अनुसार महिला स्वास्थ्य स्वयंबाट सुरक्षित मातृत्वबारे जानकारी पाएपछि गर्भवती महिलाहरू अस्पताल जानेक्रम बढेको छ। घरमै प्रसूति गराउँदा समस्या हुने र कतिपय घटनामा गर्भवती महिलाको ज्यानै जान सक्ने जोखिमबारे थाहा पाएपछि उनीहरू सदरमुकामस्थित अस्पतालहरूमा जान थालेको महतोको अनुभव छ।

महिला स्वास्थ्य स्वयंसेविकाको कारण शिशु मृत्युदर, मातृ मृत्युदर, बाल मृत्युदर घटाउन तथा नवजात शिशुको जन्मदर्तालगायतको अभियानमा सहयोग पुगेको छ। नेपाल जनसंख्या तथा स्वास्थ्य सर्भेक्षण (एनडीएचएस) को पछिल्लो तथ्यांकअनुसार, ५ वर्षअघि १ हजार जीवित जन्ममा ५ वर्षमुनिका ५४ बालबालिकाको मृत्यु हुने गरेकोमा सुधार भई ३९ माथ्रेरेको छ। सर्भेक्षणका अनुसार २८ दिनभित्रका शिशुको मृत्युदर घटेको छ। ५ वर्षअघि प्रति १ हजार जीवित जन्ममा ३३ रहेको नवजात शिशु मृत्युदर २१ मा पुगेको छ। सर्भेक्षणले गर्भवती महिलाको जाँचमा समेत वृद्धि भएको देखाएको छ। त्यस्तै, ५८ प्रतिशत रहेको गर्भवती जाँच ८४ प्रतिशत पुगेको तथ्यांकले देखाएको छ। ३५ प्रतिशत मात्र महिलाले स्वास्थ्य संस्थामा सुत्केरी गराउँदै आएकोमा हाल ५७ प्रतिशत पुगेको छ। सर्भेक्षणले दक्ष प्रसूतिकर्मीबाट घरमै सुत्केरी गराउनेको प्रतिशतसमेत वृद्धि भएको छ।

(लेखक प्लान इन्टरनेसनल नेपालमा आबद्ध हुनुहुन्छ।)

सरकारलाई गिज्याउँदै मासु जाँच ऐन

रोशन पराजुली/हेटौंडा

सरकारले राजधानीबाहिर 'स्लटर हाउस' चलाउनेलाई अनुदान दिने घोषणा गरेको छ। 'स्लटर हाउस' नहुँदा नागरिक दूषित मासु खान बाध्य भएकाले मासु बजार विस्तारका लागि यस्तो निर्णय गरिएको हो।

पशुपन्छी काटुनुपूर्व स्वास्थ्य परीक्षण गर्नुपर्ने २०५५ सालमा बनेको ऐनमा उल्लेख छ। निरोगी भए अत्याधुनिक बधशालामा काटेको मासुको पुनः गुणस्तर परीक्षण गरी कम्तीमा माइनस १० डिग्री सेल्सियस तापक्रममा २४ घण्टा डिपफ्रिजमा राख्नुपर्छ। यसरी डिपफ्रिजमा राखिएको मासुमात्र बिक्री गर्न पाइने प्रावधान छ। तर, व्यवसायीले त्यसो नगरी मासु बेच्छन्। र, किन्नेले किन्छन्।

पशु बधशाला र मासु जाँच ऐन, २०५५ पशु बधशाला र मासु जाँच गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन हो। सर्वसाधारण जनताको स्वास्थ्य र हित कायम राख्न मासु तथा मासुबाट बन्ने खाद्य पदार्थमा मिसावट रोक्न र मासुमा हुने स्वस्थता तथा मासुको स्वभाविक गुण बिग्रन नदिएर उपयुक्त स्तर कायम राख्ने उद्देश्यसहित बनेको ऐन प्रभावकारीरूपमा लागू भने हुनसकेको छैन।

२०५५ सालमा हेटौंडा नगरका चार किल्ला तोकेर देशमा पहिलोपटक ऐन लागू गरिएको थियो। ऐन कागजमा मात्र सीमित छ। हेटौंडा बजारमा रहेका पसलबाट मासु किनेर खाँदा होसियार हुनुपर्ने भएको छ। माछामासु व्यवसायीका कारण उपभोक्तालाई गम्भीर स्वास्थ्य समस्या हुने खतरा रहेको यससम्बन्धी जानकारहरूले बताएका छन्। व्यवसायीले माछामासु खुला तरिकाले झुण्ड्याएर राख्ने गरेका छन्।

खसी, कुखुरा काटेर प्लास्टिक वा अन्य हावा, ग्याँस र पानी नछिर्ने गरी फ्रिजिङ गरिएको छ भनेमात्र त्यस्तो मासु प्रयोग गर्न योग्य हुन्छ। तर, त्यसरी फ्रिजिङ गरिएको कम्तीमा १० घण्टा हुनुपर्छ। जिल्ला पशु सेवा कार्यालय मकवानपुरका डा. सञ्जीव ठाकुरका अनुसार लगातार १० घण्टा फ्रिजमा सुरक्षित तरिकाले पोको पारी राखिएको मासुमात्र खानयोग्य हुने बताए। यसबाहेक मासु व्यवसायीले सुरक्षाका थुप्रै मापदण्ड पूरा गर्नुपर्ने हुन्छ।

हेटौंडाका करिब २ दर्जन बढी माछामासु पसल छन्। मासु बिक्री गर्नेले एप्रोन (सफा कपडा) लगाउनुपर्ने हुन्छ भने उनीहरूले हातमा सुरक्षित पन्जा प्रयोग गर्नुपर्ने नियम पनि छ। तर, नियम जति भए पनि त्यसको कार्यान्वयन भएको छैन। पसलमा बेच्न राखिएका मासु अस्वस्थ भएको सर्वसाधारणको गुनासो छ।

जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरका वरिष्ठ पशु विकास अधिकृत डा. रामप्रकाश प्रधानले उपभोक्तालाई स्वस्थ मासु प्रयोग गर्ने वातावरण बताउन आफू लागिपरेको बताए। उनले यसबारे उपभोक्ता र व्यवसायी दुवैलाई जानकार बनाउनुपर्ने बताए। उनले यसबारे व्यवसायीको चेतना वृद्धिको काम गरिने बताए।

ऐनले मासु भन्नाले मानिसले खानयोग्य पशुको मासुलाई संकेत गरेको छ। ऐनलाई कागजीरूपमा मात्र बुझ्ने हो भने उपभोक्ताको हितमा राम्रो व्यवस्था गरेको छ। इजाजतपत्र नलिएर पशु वधशाला स्थापना गर्न वा मासु बिक्री गर्न नपाइने नियमले धेरै कुरा व्यवस्थित गर्नसक्छ। तर, यहाँ प्रक्रिया पूरा नगरी सञ्चालित मासु पसल वा बधशाला छन्।

त्यसो त राज्यले ऐनअनुसार कार्यान्वन गर्न सकेको छैन। सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नेपालको कुनै पनि क्षेत्रमा पशु बधशाला स्थापना गर्न सक्नेछ भनिए पनि बधशाला स्थापन हुन नसक्दा जथाभावीरूपमा मासुको कारोबार हुने गरेको छ।

कसैले व्यवसायीका रूपमा बधशाला सञ्चालन गर्न चाहे गैरसरकारी क्षेत्रमा पशु बधशाला स्थापना गर्न सरकारले तोकेबमोजिम इजाजत दिन सक्नेछ। तर, गैरराज्यका तर्फबाट व्यवस्थित बधशाला सञ्चालन भएको पाइँदैन।

उकुषाले चुमिन् मिस एसिया नेपालको ताज

श्रीलंकाको स्पर्धामा नेपालको प्रतिनिधित्व गर्दै

राजधानीमा शनिबार सम्पन्न सौन्दर्य प्रतियोगितामा बानेश्वर भीमसेनगोलाकी १८ वर्षीया मोडल उकुषा गिरीले *मिस एसिया नेपाल* २०१७ को ताज चुमेकी छिन्। विभिन्न टीभीसीमा काम गरी मोडलका रूपमा स्थापित भइसकेकी उकुषाले मुख्य उपाधि जित्ने दर्शकदीर्घाबाटै अनुमान आइसकेको थियो। दर्शक अनुमानअनुसार नै *मिस एसिया नेपाल* २०१७ मा उनकै नाम घोषणा भयो। आफ्नो नाम *मिस एसिया नेपाल* २०१७ विजेताका रूपमा घोषणा भएपछि उकुषाले आफ्नो आँखाबाट आँसु सम्हाल्न सकिनन्। उनका हर्षासु यसअघि *मिस एसिया ग्लोबल*मा नेपालको प्रतिनिधित्व गरिसकेकी सुप्रभा कुँवरले ताज पहिराइदिँदासम्म पनि कायमै थियो।

विभिन्न उत्पादनका साथमा च्याम्प मोडलिङसमेत गर्दै आएकी उकुषाले *मिस एसिया नेपाल* २०१७ को ताज जितेबापत आगामी असोज महिनामा श्रीलंकामा हुने अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगिता *मिस एसिया ग्लोबल*मा नेपालको प्रतिनिधित्व गर्ने अवसर प्राप्त गरेकी छिन्। उनलाई उपाधिबापत नगद ५० हजार रुपियाँका साथमा विभिन्न म्युजिक तथा टीभीसी भिडियोमा खेल्ने अवसर प्रदान गरिने आयोजक संस्था नेक्स्ट इभेन्ट इन्टरनेसनलले जनाएको छ। उकुषाले *मिस एसिया नेपाल* २०१७ का साथ *मिस पर्सनालिटी*को उपउपाधिलाई पनि चुमेकी छिन्। मिडिया पर्सनालिटी जीपी तिमल्सेना, *पूर्व मिस ग्लोबल इन्टरनेसनल* नीलम चन्द, *पूर्व मिस नेपाल अर्थ* मेधा कोइराला, व्यवसायी तथा कलाकार रचिता क्षत्री र पूर्व *मिस अरोमा चितवन* इशा प्रधानले विभिन्न चार राउन्डमा प्रतियोगीहरुको प्रस्तुतिको मूल्यांकन गर्दै मुख्य विजेताका रूपमा उकुषा गिरीको नाम घोषणा गरेका थिए।

प्रतियोगितामा काभ्रेपलाञ्चोककी मेडिकल विद्यार्थी परीक्षा विष्ट *फस्ट रनर्सअप* भइन् भने जानकी श्रेष्ठ *मिस पपुलर* र *मिस बेस्ट ड्रेस*सहित *सेकेन्ड रनर्सअप* भइन्। त्यसै गरी नेहा विष्ट *मिस बब्ली* र *चार्मिङ*, सुष्मा ठकुरी *मिस ट्यालेन्ट*, सुमी भट्टराई *बेस्ट वाल्क* र कृषा श्रेष्ठ *मिस कन्फिडेन्ट* भए। आयोजकका अनुसार विजेता र *फस्ट* तथा *सेकेन्ड रनर्सअप* १ वर्षसम्म आयोजक नेक्स्ट इभेन्ट इन्टरनेसनल तथा फ्रेन्ड्स इनिसेटिभको गुडविल एम्बेस्डर रहनेछन् भने सम्पूर्ण उपउपाधि विजेता तथा प्रतियोगीहरुलाई विभिन्न अवसर प्रदान गरिनेछ।

मिस एसिया नेपाल २०१७ का लागि प्रतियोगीहरुलाई एक महिनासम्म वाक, बोलीचाली, सौन्दर्यलगायतका विभिन्न विषयमा विभिन्न क्षेत्रका विज्ञहरुबाट प्रशिक्षण प्रदान गरिएको थियो। प्रतियोगिताका लागि सोनी खड्का र टेलिभिजन कार्यक्रम प्रस्तोता प्रिया रानी लामाले कोरियोग्राफी गरेका थिए।

साहिदले अवार्ड चुम्दा
सुशान्त असन्तुष्ट

भनिन्छ बलिउड गसिपैगसिपको भण्डार हो। स-साना कुराले पनि बलिउडमा प्राथमिकता पाउने गरेका छन्। हालैमात्र अमेरिकाको न्युयोर्कमा सम्पन्न *१८औं आइफा अवार्ड*मा बलिउडका लगभग सबै कलाकार सहभागी भए। जहाँ अभिनेता सुशान्त सिंह राजपुत पनि उपस्थित थिए।

अवार्ड समारोहमा उत्कृष्ट नायक-नायिकाको उपाधि क्रमशः साहिद कपुर र आलिया भट्टले जिते। साहिदले फिल्म *उड्ता पञ्जाब*बाट उत्कृष्ट अभिनेताको अवार्ड हात पार्दा दर्शकदीर्घामा बसेका अर्का अभिनेता सुशान्तसिंह राजपुत भने खुसी देखिएका थिएनन्। सायद त्यो अवार्ड साहिदको हातमा परेको उनलाई मन परेन र लगत्तै ट्विटरमा *आइफा हाहाहाहा* लेखेर ट्विट गरिदिए। उनको यो ट्विटपछि समर्थकहरुले समेत सुशान्तले असन्तुष्टि व्यक्त गर्नुको साटो साहिदको जितको खुसी मनाउनुपर्ने बताएका थिए। सायद सुशान्त *एमएस धोनी : द अन्टोल्ड स्टोरी*बाट आफैंले उत्कृष्ट अभिनेताको अवार्ड पाउनेमा विश्वस्त थिए। त्यसैले साहिदले अवार्ड जित्दा उनले सिंगो अवार्डलाई नै मजाकमा उडाइदिए। सुशान्तको यस्तो हर्कतपछि भने उनलाई व्यंग्य गर्दै ट्विट गर्नेको संख्या पनि कम छैन।

मधुको डोली चढ्ने चाहना

गायिका मधु क्षत्रीले यसपालि डोली चढ्ने अठोटका साथ तीज गीत सार्वजनिक गरेकी छिन्। मधुले तीज गीत *पातै फरर* सार्वजनिक गरेकी हुन्।

गीतको म्युजिक भिडियोमा मधुले नै कम्मर मर्काएकी छन्। उनलाई आश्विन मगरले अभिनयमा साथ दिएका छन्। भद्र वलीको शब्द र संगीत रहेको गीतको भिडियोलाई वासु बरालले छायांकन गरेका हुन् भने सम्पादन राजेशकुमारले। थुप्रै गीतमार्फत् दर्शक-स्रोताको मन जित्न सफल मधुको केही महिनाअघिको *ब्युटी ब्युटी* छले राम्रै चर्चा पाएको थियो। गत ७ वर्षदेखि आफ्ना गीत प्रस्तुत गर्न थालेकी मधुले सबैखाले गीत गाउने गरेकी छन्। तर, उनको पहिचान भने लोकगीत रहेको छ।

कामनाको हरेक अंक विशेष अंक

यस अंकका आकर्षणहरू:

दीपक दीपाले किन लिएनन् अवार्ड?

यस वर्षको अवार्डको खाता खोल्दै सम्पन्न एनएफडीसी नेसनल फिल्म अवार्ड २०७३ मा छक्का पञ्जाको नाममा सर्वोत्कृष्ट फिल्म, निर्देशक, अभिनेतृसहित ५ विधाको अवार्ड घोषणा भयो। तर दीपकराज गिरी, दीपाश्री निरौलालगायत छक्का पञ्जाको नाममा अवार्ड घोषणा हुनुअगाडि नै कार्यक्रमस्थलबाट बाहिरिए, किन? विशेष रिपोर्ट।

प्रियंकाद्वारा खुलमखुला चुम्बन गरेर प्रेम प्रदर्शन

एनएफडीसी नेसनल फिल्म अवार्ड २०७३ मा हलिउड बलिउड शैली अपनाउँदै नायिका प्रियंका कार्कीले सर्वोत्कृष्ट नायिकाको अवार्ड जितेको उन्मादमा आफ्ना प्रेमी नवनायक आयुष्मान जोशीलाई आफ्नो र उनको आमाका साथमा सबैका सामु भरिभराउ हलमा अधरमै चुम्बन गरिदिइन्। रोचक रिपोर्ट।

वर्तमान संगीत : कसैको नजरमा उर्वर, कसैको अनुभवमा दयनीय

वर्तमान संगीत क्षेत्रलाई नियाल्ने क्रममा सम्बन्धित संगीतकर्मीमध्ये नै कसैले यसलाई उर्वर पाएका छन् भने कतिपयको अनुभवमा दयनीय अवस्था पनि देखिएको छ। खासमा के छ नेपाली संगीतको वर्तमान अवस्था? संगीतकर्मीकै अनुभवमा विशेष रिपोर्ट।

८९/१० फिल्म सफल

नेपाली फिल्मको निर्माण र प्रदर्शनमा व्यापक वृद्धि भए पनि असफल फिल्मको बाढी उर्लंदै गएको छ। झन्डै ९० फिल्म रिलिज भएको बजारमा मुस्किलले १ दर्जन फिल्मले मात्र व्यापारिक सफलता हासिल गरेको पाइएको छ। के कति कारणले फिल्मको व्यापारमा ह्रास आइरहेको छ? व्यापारिक समीक्षा।

रंगमञ्चबाट रजतपटमा

कुनै बेला रंगमञ्चीय कलाकार फिल्मका लागि उपयुक्त हुँदैनन् भन्ने मानिन्थ्यो। तर अहिलेको फिल्म क्षेत्र लगभग रंगमञ्चबाट आएकै कलाकारको भरथेगमा अगाडि बढिरहेको छ। पुरानै कुरा सम्झिने हो भने पनि नेपालमा फिल्म निर्माण आरम्भ हुँदा निर्माण भएको आमामा शीर्ष भूमिकमा निर्वाह गर्ने अभिनेतृ चैत्यदेवी र सोही फिल्ममा नायिकाको भूमिका निर्वाह गर्ने भुवन थापा (चन्द) पनि रंगमञ्चबाट फिल्ममा आएका थिए। कसरी धानिरहेका छन्, रंगमञ्चका कलाकारले फिल्म क्षेत्र? विस्तृत रिपोर्ट।

मारवाडी समुदायबाट मिस नेपाल

मिस वर्ल्डजस्तो अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगितामा प्रमुख उपाधि चयन गर्ने व्यवस्थालाई पछ्याउँदै एक जनाबाहेक फाइनलमा पुगेका बाँकी ६ जना प्रतिस्पर्धीको कानमा बाहिरको आवाज सुन्न नसकिने एयरफोन लगाउन लगाई सोधिएको प्रश्नमा तार्किक जवाफ दिँदै उर्लाबारी, मोरङकी मारवाडी समुदायबाट निकिता चाण्डकले यसपालिको मिस नेपालको ताज कसरी चुमिन्? विस्तृत रिपोर्ट।

साथमा

बलिउडसम्म छाउँदै अदिती, कलाक्षेत्रको वर्ष दिन, फेरिँदै फेसन शैली, सेलिब्रेटी राज : आमा भए पनि उमेर बढे पनि उस्तै, पिताको चार उपहार शाहरुखलाई ठूलो पाठ, यसरी हुन्छ मिस युनिभर्स। फोवीलाई फिल्मबाट पछुतो, ज्याकी चान हडकडदेखि हलिउडसम्म, कलाक्षेत्रले गुमाएका कलाकर्मीहरू ।

तथा

नियमित स्तम्भहरू सम्पादकीय, समाचार, हलिउड बलिउड, पेटारो र हुइयाँ

आफ्नो प्रति समयमै सुरक्षित गर्नुहोस्।

विचार

{ मैले जे चाहेँ त्यो पाएँ, तर त्यसको लागि मैले के-के गर्नुपऱ्यो ? त्यो केवल मलाई मात्र थाहा छ। मेरो जीवन यसको अभावमा पनि सबभन्दा ठूलो अभाव ज्ञानको अभाव हो। धनको अभावलाई लोकमा ठूलो अभाव मानिदैन।

- तिरुवल्लुवर

सम्पादकीय

नेपाल समाचारपत्र

खर्च विवरण बुझाऊ

स्थानीय तहको पहिलो र दोस्रो चरणको निर्वाचन सम्पन्न भए पनि उम्मेदवारहरूले निर्वाचन आयोगमा खर्च विवरण बुझाएका छैनन् । उम्मेदवारहरूले निर्वाचन सम्पन्न भएपछि सम्बन्धित जिल्लामा खर्च विवरण बुझाउनुपर्ने प्रावधान छ । निर्वाचन आचारसंहिताअनुसार उम्मेदवारहरूले चुनाव सकिएको ३० दिनभित्र निर्वाचन खर्च विवरण निर्वाचन आयोगमा पेस गर्नुपर्ने भए पनि उम्मेदवारहरूले निर्वाचन आयोगको आचारसंहितालाई पूरै बेवास्ता गरेको देखिन्छ ।

स्थानीय तहको पहिलो चरणको निर्वाचन सकिएको दुई महिना बितिसकेको छ। आचारसंहितामा निर्वाचन प्रचारप्रसारको खर्च विवरण तोकिएको समयभित्र नबुझाउने दल वा उम्मेदवारलाई आयोगले निर्वाचन आयोगसम्बन्धी संघीय कानुनबमोजिम १५ हजार रुपियाँसम्म जरिबाना गर्न सक्छ । तर पहिलो चरणको निर्वाचन सम्पन्न भएको दुई महिना बितिसक्दासमेत निर्वाचन आयोगले अहिलेसम्म कुनै पनि उम्मेदवारलाई जरिबाना गर्न सकेको छैन ।

निर्वाचन आयोगले कडिकडाउ नगर्दा उम्मेदवारहरूले समयमा नै खर्च विवरण बुझाउनको लागि ढिलासुस्ती गर्दै आएका छन् । अहिलेसम्म कुनै पनि जिल्लाको चुनाव खर्चसम्बन्धी विवरण निर्वाचन आयोगसमक्ष आइपुगेको छैन । दुई नम्बर प्रदेशबाहेक ६ वटा प्रदेशका ६७ जिल्लामा स्थानीय तहको निर्वाचन सम्पन्न भइसकेको छ । स्थानीय तहको निर्वाचनमा १ लाख ११ हजार उम्मेदवारले उम्मेदवारी दिएका थिए । निर्वाचन आयोगले खर्च विवरण बुझाउनका लागि उनीहरूलाई कडा दबाब दिएको छैन । उम्मेदवारहरूले पनि आफ्नो दायित्व र जिम्मेवारी बहन गरेका छैनन् ।

जनतासमक्ष पारदर्शी हुनुपर्ने उम्मेदवारहरूले अहिलेसम्म खर्च विवरण नबुझाउनु राम्रो पक्ष होइन । निर्वाचन आयोगले जारी गरेको स्थानीय तह निर्वाचन आचारसंहिता २०७३ मा महानगरपालिकाका प्रमुख र उपप्रमुखका लागि जम्मा ७ लाख ५० हजार रुपियाँ र महानगरका वडा अध्यक्ष र अन्य सदस्यका लागि ३ लाख रुपियाँ मात्र खर्च गर्न पाउने उल्लेख गरेको थियो । तर निर्वाचन आयोगले जारी गरेको आचारसंहिताको उल्लंघन हुँदासमेत निर्वाचन आयोगले अहिलेसम्म कुनै पनि उम्मेदवारलाई कानुनी दायारामा ल्याउन सकेको छैन । पहिलो चरणको निर्वाचन २०७४ वैशाख ३१ र दोस्रो चरणको निर्वाचन २०७४ असार १४ गते सम्पन्न भए पनि उम्मेदवारहरूले खर्च विवरण बुझाउन ढिलासुस्ती गर्दै आएका छन्। खर्च विवरण नबुझाउने उम्मेदवारहरूलाई निर्वाचन आयोगले कानुनी दायरामा ल्याउनै पर्छ ।

लेखकहरूलाई अनुरोध

१००० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।

email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

स्थानीय तहमा विकासको रोडम्याप

डा. देवीप्रसाद आचार्य

> अहिले विज्ञान र प्रविधिको विकासले पूर्वाधारहरू निर्माण गर्न सजिलो भएको छ। कृषिको आधुनिकीकरणको लागि बजारमा नयाँ औजार, औषधि, बीउविजन, खेती गर्ने तरिकाहरू उपलब्ध छन्। सिंचाइका लागि बाँध बनाउने, तटबन्ध गर्ने, कुलो-नहर बनाउने औजारहरू पाइन्छन्। तसर्थ गाउँको विकास गर्नको लागि केवल कार्ययोजनाको खाँचो छ।

नेपाल गाउँ नै गाउँले भरिएको देश हो। गाउँको विकास नभई देशको विकास सम्भव छैन। गाउँमा गरिबी, अशिक्षा र अभाव छ। गुणस्तरीय शिक्षा छैन। स्वास्थ्यको सुविधा छैन। यातायात, बिजुली बत्ती र खानेपानी छैन। युवाहरू वैदेशिक रोजगारमा गएका छन्। गाउँका खेतबारीहरू बाँझिएका छन्। गाउँको दूरदराजमा बस्ने ठूलो जनसंख्या गरिबीको रेखामुनि बाँच्न बाध्य छ। छोराछोरीलाई विद्यालय पठाउन नसक्ने समुदायहरू धेरै छन्। महिला हिंसा, जातीय विभेद, छुवाछूत, बालविवाह, लैंगिक विभेदलगायतका सामाजिक समस्याले गाउँहरू सताइएका छन्। देउकी, झुमा, छाउपडी, घुम्टो प्रथा अझै बाँकी छ। धामीझाँक्री, बोक्सीको आरोपजस्ता अन्धविश्वासहरू व्याप्त छन्। दाइजो प्रथा सामाजिक समस्याको रूपमा रहेको छ। भोकमरी, अनिकाल, कुपोषणको मारमा गाउँलेहरू पिल्सिएका छन्। तसर्थ गाउँको विकासको कुरा गर्दा यी समस्यालाई समाधान गर्ने उपायको खोजी गरिनुपर्दछ।

समाजमा रहेको गरिबी, अभाव र उत्पीडनको अन्त्यका लागि भनेर लामो समयसम्म नेपाली जनताले राजनीतिक परिवर्तनको लागि संघर्ष गरे। २०४६ सालको जनआन्दोलन, माओवादीको दशबर्से जनयुद्ध, २०६२/६३ को आन्दोलनले ल्याएका राजनीतिक परिवर्तनका पछाडि देश विकास र आर्थिक समृद्धि एवं सामाजिक रूपान्तरणको अपेक्षा गरिएको थियो। राजनीतिक परिवर्तनले आर्थिक विकास र सामाजिक समस्याहरूको अन्त्य हन सकेको छैन। सामाजिक रूपान्तरणको संवाहक शिक्षा हो। एकातिर हाम्रो देशमा अझै पनि ४० प्रतिशतको जनसंख्या अशिक्षित छ भने अर्कोतिर शिक्षा समयसापेक्ष नभएको जनगुनासो छ। गाउँमा विद्यालयहरू छन्, गुणस्तरीय पठनपाठन छैन। शिक्षित युवापस्ता विदेशिएकाले गाउँहरूमा सामाजिक रूपान्तरण हुन सकेको छैन।

चेतनाको स्रोत शिक्षा हो। सामाजिक चेतनाविना समाज रूपान्तरण हुन सक्दैन। चेतनाको विकासविना सामाजिक समस्या ज्यूँका त्यूँ रहन्छन्। समाज विकासको आधार पनि शिक्षा हो। शिक्षा आर्जनका धेरै बाटा र पाटाहरू छन्। औपचारिक, अनौपचारिक र अनियमित शिक्षाका माध्यमद्वारा नागरिकहरूलाई शिक्षाको अवसर दिइनुपर्दछ। स्वास्थ्य सेवा स्वस्थ्य समाजको आधार हो। राज्यले गाउँहरूमा स्वास्थ्य चौकीहरूको स्थापना गरेको छ। तर डाक्टरहरू गाउँमा बस्दैनन्। औषधिको अभाव छ। तसर्थ गाउँको विकासको लागि गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा अनिवार्य सर्त हो।

नेपाली समाज विपन्नता र अभावको बाबजुद पनि मिलेर बसेको थियो। गाउँहरूमा सामाजिक विग्रह थिएन। गाउँले जीवन आपसी सहयोगले चलेका छन्। ऐंचोपैंचो, लेनदेन, अर्मपर्म गाउँले जीवनका लोतान्त्रिक अभ्यास हुन्। बाँच्ने र बँचाउने कला हुन्। हलगोरु दिएर मित्रता बढाउने र सहकार्य गरेर खेती किसानी गर्ने किसानहरू सहयोगमा आनन्द खोज्छन्। खुशी खोज्छन्। यिनी र यस्तै आपसी सहयोग र मेलमिलापले जीवन सहज र सुगम भएको छ। यी रैथाने स्थानीय लोकतान्त्रिक अभ्यासमा परिवर्तन भएको छ। समाजलाई राजनीतिक दलहरूले कार्यकर्ता, जात, जाति र क्षेत्रमा विभाजित गर्ने कुचेष्टा गरिएको छ। अधिकारका कुरा गरिएको छ। लोकतन्त्रलाई कर्तव्यविना अधिकारसँग जोडिएकोले सामाजिक सहयोग र सहकार्य ओझेलमा पर्दै गएको अनुभवशास्त्रीहरू बताउँछन्।

हाम्रा गाउँहरू प्राकृतिक स्रोत र साधनले सम्पन्न छन्। गाउँमा वन, जंगल, जमिन, जल, जडीबुटी र खानीहरूको उपलब्धता छ। तर यी सम्पदाहरूको प्रयोग हुन सकेको छैन। पानी छ, बिजुली छैन। खेतका फाँटहरूका छेउबाटै नदी र खोलाहरू बगेका छन्। सिंचाइको सुविधा छैन। वनजंगलहरू छन्। उपयोग हुन सकेको छैन। जडीबुटीहरू छन्। दोहन हुन सकेको छैन। खानीहरू छन्। राज्य अनभिज्ञ छ। विकासको लागि यी प्राकृतिक सम्पदाहरूको सदुपयोग गर्न आवश्यक छ।

हाम्रो देशमा राजनीतिक लडाइँको अन्त्य भएको छ। राणाविरुद्धको लडाइँ अग्रज पुस्ताले लड्यो। निरंकुश पञ्चायती व्यवस्थाविरुद्धको लडाइँ नयाँ पुस्ताले लड्यो। गणतन्त्र, लोकतन्त्र र संघीयताको लडाइँको अन्त्य भएको छ। देशमा लोकतन्त्र आएको छ। गणतन्त्रात्मक राज्य प्रणालीलाई संविधानमा दस्तावेजीकरण गरिएको छ। आत्मअधिकारसहितको स्वायत्त गाउँ सरकार बनाउनको लागि देशलाई ७ सय ४४ स्थानीय तहमा विभाजन गरी जनप्रतिनिधिमुलक स्थानीय सरकार बनाइएको छ। यस सरकारलाई आफ्नो गाउँ आफैंले बनाउने अधिकार पनि दिइएको छ। के साँच्चै अब हाम्रा गाउँ विकासले झिलिमिली होलान् त ? नेपाली समाजमा रहेको गरिबी र अभावको अन्त्य गर्न स्थानीय सरकार काविल होलान् त ? प्रतीक्षाको समय आएको छ।

स्थानीय तहमा स्थानान्तरण गरिएको अधिकारले मात्र गाउँहरू विकास हुन्छन् र देश विकास हुन्छ भन्नु हतारको अभिव्यक्ति हो। हरेक राजनीतिक कालखण्डहरूमा सिंहदरबार अधिकार सम्पन्न संस्था थियो र छ। सिंहदरबारवरिपरि जतिको बेथिति र राज्य सत्ताको दुरूपयोग अन्त कहाँ भएको छ र ? सिंहदरबारवरिपरिका संस्थाहरू भ्रष्टचारको आहालमा डुबेको तथ्यांक छ। दक्षिण एसियाका २७ वटा मुलुकहरूमा बंगलादेश र पाकिस्तानपछाडि नेपाल भ्रष्टाचारमा तेस्रो स्थानमा छ। सिंहदरबारवरिपरिका बस्तीहरूमा खानेपानी छैन। काठमाडौं धूलो, धुवाँ र प्रदूषणले ग्रस्त छ। काठमाडौंका बाटाघाटाहरू जीर्ण छन्। विश्वसम्पदा सूचीमा परेका मठ, मन्दिरहरू भत्किएका छन्। सिंहदरबारवरिपरि भएका अस्पतालहरूमा सर्वसाधारणका लागि स्वास्थ्य सेवाको पहुँच छैन। शिक्षालयहरूको बेथिति राजधानीमा नै बढी रहेको जनगुनासो छ। अधिकारले विकास हुने रहेछ त ? अधिकार बाँडेर विकास हुने कुरा नयाँ राजनीतिक प्रयोग हो। बाँकी कुरा भविष्यले नै देखाउला।

गाउँको विकास गर्न भिजन, मिसन र एक्सनसहितको अठोट चाहिन्छ। विकास योजना चाहिन्छ। आर्थिक पारदर्शिता चाहिन्छ। स्थानीय तहका जनप्रतिनिधिहरूको विकासमैत्री कार्यशैली चाहिन्छ। कार्ययोजनामा गाउँको प्रकृतिक स्रोत-साधन एउटा पक्ष हो भने स्थानीय मानवस्रोत विकास निर्माणको दोस्रो पक्ष हो। राज्यले प्रत्येक स्थानीय तहलाई केन्द्रबाट बजेट विनियोजन गरेको छ। यो बजेटलाई प्राथमिकताको आधारमा विकासमा लगाउन सकेमा गाउँहरूले विकासको गति लिन सक्छन्। तर विडम्बना, गाउँका युवाहरू वैदेशिक रोजगारमा छन्। बाँकी भएका युवाहरू शहरमुखी छन्। यी युवाहरूलाई गाउँतिर फर्काउन आवश्यक छ। आकर्षक आयआर्जनका योजनाहरूको मोडेल तय गर्न आवश्यक छ। कृषिमा आधुनिकीकरण, निर्यातमुखी खेती, पशुपालनमा व्यवसायीकरण, आन्तरिक पर्यटनको विकास, जडीबुटीको प्रयोग, प्रशोधन र उत्पादनको विकास योजना बनाउन आवश्यक छ।

अल्पकालीन विकास योजनामा गाउँ-गाउँमा आधुनिक कृषि, तरकारी खेती, फलफूल खेती, पुष्पखेती, माछापालन, केराखेती, उखु, अदुवा, अलैंची अम्रिसोलगायतका उत्पादनमा लगानी गर्नुपर्दछ। छोटो समयमा आयआर्जन गर्न सकिने नगदेशालीहरूमा वैज्ञानिक तरिकाले खेती गर्न सकेमा आयआर्जनमा वृद्धि हुन्छ। युवाहरूले गाउँमा नै आयआर्जनका व्यवसायहरू गर्न शुरु गर्दछन्। यसो गर्दा अहिले विश्वबजारमा प्राप्त प्रविधिलाई प्रयोग गरेर कृषि र पशुपालनलाई आधुनिकीकरण एवं व्यवसायीकरण गरी स्वरोजगार सिर्जना गर्न सकिन्छ। उन्नत जातका गाईभैंसी, भेडाबाखा, कुखुरालगायतका पशुपक्षीहरूको पालनबाट प्रशस्त आम्दानी गर्न सकिन्छ। अनि व्यवसायसँग सम्बन्धित घरेलु उद्योगहरूको स्थापना गर्दै जानुपर्दछ।

अहिले विज्ञान र प्रविधिको विकासले पूर्वाधारहरू निर्माण गर्न सजिलो भएको छ। कृषिको आधुनिकीकरणको लागि बजारमा नयाँ औजार, औषधि, बीउविजन, खेती गर्ने तरिकाहरू उपलब्ध छन्। सिंचाइका लागि बाँध बनाउने, तटबन्ध गर्ने, कुलो-नहर बनाउने औजारहरू पाइन्छन्। तसर्थ गाउँको विकास गर्नको लागि केवल कार्ययोजनाको खाँचो छ। पाँच वर्षभित्रमा अर्बौं रुपियाँको बजेट स्थानीय तहमा जाने भएकाले प्राथमिकताका आधारमा गाउँहरूको विकास गर्न अब ढिला गर्नुहुँदैन।

पाठक पत्र

प्रकोपबाट बचौं र बचाऔं

हरेक मानिसले कुनै न कुनै रूपबाट प्रकोपको अनुभव गरेको हुन्छ। प्राकृतिक वा अप्राकृतिक घटनाबाट उत्पन्न हुने यस्तै विनाशकारी अवस्थालाई नै प्रकोप भनिन्छ। बाढी, पहिरो, आगलागी, भुइँचालो, हुरीबतास, खडेरी, शीतलहर, हिमताल विस्फोट, महामारी, दुर्घटना आदि प्रकोपजन्य घटनाका केही उदाहरण हुन्। अधिकांश मानिसलाई धेरै वर्षा भएमा बाढीपहिरो जाने, गर्मीमा तातो हावा लू र हिउँदमा शीतलहर चल्ने, स्वच्छ पिउने पानी र सरसफाइको अभाव भएमा वा प्रदूषण बढेमा महामारी फैलिने, खाद्यान्नको अभावमा भोकमरी वा अनिकाल लागेर कुपोषण हुने, सुख्खा मौसममा आँधीबेहरी चल्ने, आगलागी हुने र कुनै पनि समयमा भुइँचालो जान सक्ने ज्ञान हुन्छ। समुद्रबाट निकै टाढा भएकाले नेपालमा समुद्री आँधीको प्रत्यक्ष प्रभाव पर्दैन। तराईमा चल्ने तातो हावा पहाडी तथा हिमाली क्षेत्रमा चल्दैन। त्यसैले भौगर्भिक बनोट, धरातलीय स्वरूप, जलवायुको वितरणजस्ता अन्तरनिहित अवस्था नै प्रकोपजन्य घटना उत्पन्न गर्ने कारक हुन् भन्न सकिन्छ। नेपालमा बाढीपहिरो, हुरीबतास, आगलागी, भुइँचालो, हिमताल विस्फोट, खडेरी, महामारी, शीतलहरजस्ता घटनाले जनधनको क्षति गर्ने भएकाले यस्ता घटनालाई नै प्रकोपजन्य घटना मानिन्छ। आजभोलि नेपालमा बाढीप्रकोपको समस्या बढ्दै जाँदा कति जनाले ज्यान गुमाइसकेका छन्। त्यसैले, आज यसको व्यवस्थापनबारे सचेत पार्नका लागि यो लेख लेख्दै छु।

नेपाल बहुप्रकोपीय जोखिम भएको देश हो। आजभोलि विभिन्न पत्रपत्रिकाको मुख्य पृष्ठका समाचारमा बाढीपहिरोको समाचार हेर्न र पढ्न पाइन्छ। लगातारको वर्षाले देशका विभिन्न ठाउँमा भौतिक क्षति भएको छ।

जोखिम न्यूनीकरण तथा पूर्वतयारीमा पर्याप्त लगानी र चासो कम हुनु, जनचेतनाको अभावजस्ता कारणहरूले गर्दा विभिन्न खालका प्रकोपहरूबाट हुने आर्थिक तथा मानवीय क्षति बढिरहेको अवस्था छ। दुई वर्षअघिको भूकम्पीय ध्वंश तथा त्यसपछिका प्राकृतिक विपत्तिअघिको तथ्यांक पनि डरलाग्दो नै छ। नेपालमा विभिन्न खालका प्राकृतिक र मानवसिर्जित विपत्तिहरूमा परी सन् २००० देखि २०१४ को अवधिमा ५ हजार ३ सय ७१ जनाको ज्यान गएको गृह मन्त्रालयको तथ्यांकले देखाउँछ। विपदबाट बर्सेनि झन्डै १ अर्ब २१ करोड रुपियाँको आर्थिक क्षति हुन्छ।

प्राकृतिक तथा मानवजन्य विपत्तिको फलस्वरूप हुने आर्थिक क्षतिका कारण देशको वार्षिक कुल गार्हस्थ्य उत्पादनमा साढे ४ प्रतिशतसम्मको नोक्सानी हुने गरेको छ। जनसंख्याको अनुपातमा नेपालमा विपदबाट हुने मानवीय क्षति विश्वमै उल्लेखनीय छ र दक्षिण एसियाका मुलुकहरूमध्येमा त सबैभन्दा बढी रहेको तथ्यांकले देखाउँछ। आर्थिक तथा भौतिक क्षतिका हिसाबले पनि नेपाल अग्रस्थानमै छ र यो बर्सेनि बढ्ने क्रममा पनि छ। यसरी प्रकोपजन्य घटनाका कारण हुने आर्थिक र मानवीय क्षति आफैंमा आर्थिक विकासमा ठूलो चुनौती हो। सीमित स्रोत र साधनबाट धेरै विकासका काम गर्नुपर्ने नेपालजस्तो मुलुकका लागि विपदबाट हुने क्षति न्यूनीकरणमा ध्यान दिन सकिएन भने यो विकास प्रक्रियामै ठूलो बाधकका रूपमा खडा हुनेछ।

मौसमजन्य, भौगर्भिक, जैविक तथा जलवायु परिवर्तनको जोखिमको दृष्टिकोणबाट निकै संकटापन्न अवस्थामा रहेको नेपालमा पछिल्ला वर्षहरू प्राकृतिक विपदका दृष्टिले निकै भयावह साबित भएका छन्। हजारौंको ज्यान लिने भूकम्प, गाउँ नै पुर्ने पहिरो, बाढी, डढेलो, खडेरीजस्ता प्राकृतिक विपत्तिहरूले एकपछि अर्को गर्दै नेपाललाई पिरोलिरहेका छन्, जसका कारण ठूलो जनधन तथा पर्यावरणीय र भौतिक क्षतिको सामना गरिरहनुपरेको छ देशले। जलवायु परिवर्तनका हिसाबले चौंथो, भूकम्पीय हिसाबले विश्वको ११ औं तथा बाढीपहिरोलगायतका प्रकोपका हिसाबले ३० औं जोखिमपूर्ण स्थानमा रहेको भनिएको नेपालमा घटित यावत घटनाक्रमहरूलाई दृष्टिगत गर्दा हाम्रो जोखिमपूर्ण प्रकोपको अवस्थालाई प्रस्ट पार्छ। हिमालय क्षेत्रको कमजोर भौगोलिक बनावट, भारतीय तथा तिब्बतीयन प्लेटको बीचमा पर्ने भूकम्पीय दृष्टिले निकै जोखिमपूर्ण भौगर्भिक संरचनालगायतका कारणले नेपाल प्रकोपको उच्च जोखिममा रहेको हो। नेपालमा प्रकोप संकटापन्न पक्ष आफैंमा संवेदनशील छ, तर त्योभन्दा भयानक विषय भनेको विपद्को कारण हुने क्षतिको दर निकै उच्च हुनु हो।

प्राकृतिक प्रकोपहरू स्वचालित घटनाक्रम हुनुका नाताले यिनलाई रोक्न नसकिने भए पनि यसबाट हुने क्षति घटाउन सकिन्छ। त्यस्तै, मानवजन्य प्रकोपहरूको नियन्त्रण मानिसकै हातमा हुन्छ। विकास प्रक्रियामा विपद् व्यवस्थापनको विषयलाई आबद्ध गर्ने, विपद् व्यवस्थापनको विषयलाई गरिबी निवारण र सामुदायिक सशक्तीकरणसँग जोड्ने, वातावरण संरक्षण तथा स्रोतको दिगो उपयोगजस्ता विषयमा जनचेतना वृद्धि गर्ने र राहत तथा उद्धारमुखीभन्दा पनि प्रकोप सुरक्षा र पूर्वतयारीका विषयमा राज्यका निकायहरू केन्द्रित हुने हो भने विपदबाट हुने क्षति घटाउन सकिन्छ। हामी प्राकृतिक प्रकोपको उच्च जोखिममा रहे पनि जोखिमबाट बच्ने र क्षतिलाई न्यूनीकरण गर्ने उपायका बारेमा अनभिज्ञ छौं। त्यसैले, प्रकृतिको खेल भनी प्रकोप सहनु हाम्रो बाध्यता बनिरहेको छ। हामीले प्राकृतिक प्रकोपलाई पूर्णरूपमा रोक्न नसके पनि पूर्वतयारी र सावधानी अपनाउने हो भने क्षति न्यूनीकरण गर्न सक्छौं। जनचेतना जगाउने हो भने मानवीय कारणले गर्दा हुने प्राकृतिक विपत्तिको दर पनि कम गर्न सकिन्छ। यसका लागि सम्बन्धित निकायले विपत्तिपछि राहत बाँड्न दौडिनेभन्दा प्रकोपको जोखिम कम गर्ने, क्षति घटाउनेलगायतका पूर्वतयारीका उपायमा ध्यान केन्द्रित गर्नुपर्छ।

- सीताराम बोगटी, भक्तपुर

गाउँ-गाउँमा सडक

गाउँघरमा सडकको निर्माण व्यापकरूपमा हुन जरुरी छ। सडक निर्माणले विकासको गतिलाई अगाडि बढाउने काम गर्छ। विकासका पूर्वाधारमा अत्यन्त महत्वपूर्ण पक्ष सडक यातायात पनि हो। गाउँको विकास गर्न र सिंहदरबार गाउँ गाउँमा लैजान सडक निर्माणलाई प्राथमिकता दिन जरुरी छ। यो विषयमा स्थानीय निकायका जनप्रतिधिको ध्यानाकृष्ट होस् भन्न चाहन्छु।

- जमुनामाया बोगटी, मकवानपुर, हेटौंडा

सामाजिक सञ्जाल

प्रधानमन्त्रीले सडकका खाल्डाखुल्डी पुर्न १५ दिन समय दिए। आदेश मात्र होइन कति-कति काम भयो। दैनिक प्रतिवेदनमार्फत हेर्न सके अझ प्रभावकारी हुनेछ।

Kisor Subedi
@mindkisor

हजुरआमाको हातमा नमेटिने डोरा मात्र थिए, सम्बन्ध डोराझैं बलिया थिए। नातिनीको पालामा मेहन्दी छ, सम्बन्ध पनि मेहन्दीझैं भेटिन्छ, चम्किन्छ, मेटिन्छ ! प्रकृति चापागाइं

@KitteSwit

तिजको बहाना बर्नार अश्लील गीत तथा भिडियो बजारमा ल्याउनेलाई जिन्दगीभरि गीत-संगीतको क्षेत्रमै जान नपाउने सजाय दिइयोस्।

preeti
@Chhetriamrita1

२०७४, साउन
मंगलबार
३

पटक-पटक पेसी तोकिएर स्थगित भएको भरतपुर निर्वाचन प्रकरणको सुनवाई सोमबार पनि पुनः सरेको छ। **सोमबार बहस नसकिएकाले अब अर्को सुनुवाई साउन ८ गते हुने भएको छ।**

नेपाल

सरकारसँग दोलखाली सांसदको माग

जुँगुका कुलबहादुर मार्ने को हो ?

नेपाल समाचारपत्र

काठमाडौं

दोलखाबाट निर्वाचित तीन सांसदले महान्यायाधिवक्ता रमनकुमार श्रेष्ठले गैरकानुनीरूपमा फायल खोसेर राखी न्याय मार्ने काम गरेको भन्दै खेद आपत्ति जनाउनुभएको छ।

निर्वाचित सांसद पशुपति चौलागाईं, आनन्दप्रसाद पोखरेल र पार्वत गुरुङले आज एमाले संसदीय दलको कार्यालयमा पत्रकार सम्मेलन गरी गौरीशंकर गाउँपालिका-१ जुँगु निवासी कुलबहादुर तामाङको हत्यारालाई जोगाउन महान्यायाधिवक्ता श्रेष्ठले गरेको हर्कतले सीमा नाघेको बताउनुभयो।

स्थानीय तह निर्वाचनको क्रममा गत वैशाख २६ गते जुँगुमा नेकपा माओवादी केन्द्रकी नेतृ देवी खड्काको निर्देशनमा उहाँसहित आएको हतियारधारी समूहले चारैतिरबाट घेरा हाली लखेटेर रेमशडाँडामा कुलबहादुर तामाङको हत्या गरेको थियो भने स्थानीय शिक्षक दिलबहादुर बुढाथोकीलाई मरणासन्न हुने गरी घाइते बनाएर छाडेको थियो।

भाला रोपेर हत्या गरिएको र घाइते बनाएको घटनामा संलग्न सबैलाई जिल्ला अदालत दोलखाले साधारण तारिखमा रिहा गरेपछि जिल्ला सरकारी वकिल कार्यालयले उच्च अदालत पाटनमा पुनरावलोकनको निर्णय लिएको थियो।

तर, महान्यायाधिवक्ता श्रेष्ठले जिल्ला सरकारी वकिलबाट सो फायल लिएर बेपत्ता पारेको सांसदत्रयको भनाइ छ। 'कुलबहादुर तामाङको हत्या कस्ले गऱ्यो ? दिलबहादुर बुढाथोकीलाई गम्भीर घाइते कस्ले बनायो ? हत्यारा को हो ? आक्रमणकारी को हो ? सरकारले हामीलाई बताइ दिनपऱ्यो, हाम्रो भनाइ यत्ति नै हो' -पत्रकार सम्मेलनमा सांसद पशुपति चौलागाईंले भन्नुभयो।

उहाँले महान्यायाधिवक्ताले आफैं पुनरावलोकनमा लैजानुपर्ने सरकारवादी मुद्दालाई महान्यायाधिवक्ता श्रेष्ठले नै रोकेर पदीय दुरुपयोग मात्रै नभई नैतिकता र पेसाविरोधी काम गरेको बताउनुभयो। 'जुँगु हत्याकाण्ड जघन्य अपराध हो, अक्षम्य अपराध हो, कुनै हालतमा क्षमा वा सम्झौता गर्न सकिँदैन, तर संवैधानिक निकायमा रहेका पदाधिकारी नै संविधान र कानुनविरोधी काम गर्दै हुनुहुन्छ, यो झनै ठूलो अपराध हो' -एमाले पोलिट ब्युरो सदस्यसमेत रहनुभएका सांसद चौलागाईंको भनाइ थियो।

दोलखा २ का सांसद तथा पूर्वमन्त्री आनन्दप्रसाद पोखरेलले महान्यायाधिवक्ता श्रेष्ठको अमर्यादित र गैरकानुनी काम तत्काल नसच्चिए परिणाम गम्भीर हुने चेतावनी दिनुभयो। 'हत्यारालाई कारबाही गराउने दायित्वमा रहेको व्यक्ति पदीय दुरुपयोग गर्दै हत्यारा बचाउन लाग्दा अदालत र कानुन व्यवसायी स्वयंको अपमान हुन्छ, यस्तो कानुनविरोधी काम नगर्न हामी सचेत गराउन चाहन्छौं, आफ्नो गलत काम तत्काल नसच्याए गम्भीर परिणाम भोग्नुपर्छ' -सांसद पोखरेलले भन्नुभयो।

'जिल्ला अदालतले मृतकलाई नै दोषी हो भने जसरी मर्यादा र सीमा बाहिर गएर आदेश दियो, यति वदनियतपूर्ण आदेश वा फैसला अहिलेसम्म भएकै छैन', पोखरेलले भन्नुभयो- 'त्यो आदेशले अदालतप्रति दोलखाली जनताको विश्वास घटेको छ, हामी माथिल्लो अदालतबाट न्याय दिलाएर जनतामा अदालतप्रतिको विश्वासलाई पुनः कायम गराउन चाहन्छौं, तर महान्यायाधिवक्ता स्वयं अदालतमाथि विश्वास गर्नुहुँदैन भन्ने सन्देश दिइरहनुभएको छ, यो निकै गम्भीर छ।'

दोलखा १ का सांसद एवं एमाले केन्द्रीय सदस्य पार्वत गुरुङले कुलबहादुर तामाङको हत्यारालाई बचाउन महान्यायाधिवक्ता श्रेष्ठले पदमा बसेर गर्न नमिल्ने सबै अपराध गरेको बताउनुभयो।

'महान्यायाधिवक्ता रमन श्रेष्ठले मुद्दा चलाए बापत जिल्ला सरकारी वकिललाई सरुवा गरेर कारबाही गर्नुभएको छ, पुनरावेदनका लागि माथिल्लो अदालतमा अपिल गर्ने दोलखा सरकारी वकिलको निर्णयकै कारण उहाँलाई सरुवा गरिएको छ, त्यत्तिले मात्र नपुगेपछि आफैंले पुनरावलोकनको फाइल खोसेर महान्यायाधिवक्ताले राख्नुभएको छ', सांसद गुरुङले भन्नुभयो- 'ज्यान मुद्दा सरकारवादी भएकाले सरकार आफैंले अघि बढाउनुपर्नेमा महान्यायाधिवक्ताले नै रोकेर राख्नु पदीय दायित्व र मर्यादाविपरीत हो, यस्तो हर्कत सभ्य समाज र कानुनी राजमा कल्पना गर्न सकिँदैन।'

दोलखाका तीनैजना सांसदले विशेष अपिलसमेत जारी गर्नुभएको छ। अपिलमा न्याय मार्ने काम नगर्न महान्यायाधिवक्ता र सरकारलाई सचेत गराइएको छ।

लिम्बुलाई दर्ज्यानी चिह्न प्रदान

काठमाडौं, (नेस)

मन्त्रिपरिषद्को हालैको निर्णयअनुसार उपरथी दर्जामा पदोन्नति हुनुभएका सैनिक इन्टेलिजेन्स महानिर्देशनालयका सहायक रथी कर्मेन्द्रविक्रम लिम्बुलाई सोमबार जंगी अड्डामा आयोजित एक विशेष समारोहमा प्रधानसेनापति राजेन्द्र क्षत्रीले उपरथी दर्जाको दर्ज्यानी चिह्न पछि प्रदान गर्नुभएको छ।

साथै सोही मितिबाट उपरथी दर्जामा पदोन्नति हुनुभएका सहायक रथी शिवराम खरेल विशेष कारणले उपस्थित हुन नसक्नुभएको र सहायक रथी ईश्वर हमाल हाल विदेशमा रहनुभएको हुँदा उहाँहरुलाई उपरथी दर्जाको दर्ज्यानी चिह्न पछि प्रदान गर्न मिलाइएको छ।

संसोधित सुचना

मिति २०७४/१/२२ गते नेपाल समाचारपत्रमा प्रकाशित १५ दिने सुचनामा किता नं. ७२९, ७३१, ७३२, ७३४, ७३५, ७३६, ७३८, ७४२, ७४३, ७४५, ७४६, १२४६, १३८०, १३८५, १३८६, १३८७, १३८८, १३८९, १३९०, १३९१, १३९२, १२४४, १२४५ कित्तानम्बरहरु सो सुचनामा सो कित्ताहरु छुटहुन गएकोले यो सुचना पुन प्रकाशित गरिएको छ।

श्री सुर्वणेश्वरी ईटा उद्योग
ठेगानाः बालुवा-२, हाल पाँचखाल न.पा.१२, काभ्रे
प्रो. राम गोपाल श्रेष्ठ

संक्षेप

सुनका गहना चोरी

काठमाडौं, (नेस)

नागार्जुन नगरपालिका-२ गैरीगाउँस्थित अनिल गुरुङको घरबाट आइतबार कोही नभएको अवस्थामा नगद तथा सुन र हीराका गहनासमेत गरी करिब ३५ लाख ९६ हजार रुपियाँ बराबरको धनमाल चोरी भएको छ। फरार चोरहरुको प्रहरीले खोजतलास गरिरहेको छ।

जुस किन्दा ट्याक्सी गायब

काठमाडौं, (नेस)

तनहुँ व्यास-१४ निवासी शिवहरि पन्तको ट्याक्सी हराएको छ। काठमाडौं दरबारमार्ग महेन्द्र शालिक नजिकैबाट गत असार ३१ गते बिहान पौने दुई बजे ट्याक्सी हराएको हो। जुसको लोभमा ट्याक्सी गायब भएको रहस्य खुलेको छ।

दरबारमार्ग महेन्द्र शालिक नजिकै गत असार ३१ गते बिहान २ बजे यात्रुले ट्याक्सी चालकलाई जुस किन्न पठाउँदा बा२ज ११२१ नम्बरको ट्याक्सी नै गायब भएको खुल्न आएको छ। दुई जना यात्रुले बानेश्वर र मैतीदेवी जान्छु भन्दै ट्याक्सीमा चढी आफूलाई जुस किन्न पठाएको र फर्किंदा ट्याक्सी नै गायब भएको ट्याक्सीचालक पन्तले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो।

पन्तले ट्याक्सीको खोजीका लागि सबैसँग आग्रह गर्नुभएको छ। उहाँले ती दुवै यात्रुले मादक पदार्थ सेवन गरेको बताउनुभयो। पन्तले विगत ८ वर्षदेखि ट्याक्सी चलाउँदै आउनुभएको थियो।

चरेससहित पक्राउ

काठमाडौं, (नेस)

धादिङ खनियाबास गाउँपालिका-४ बस्ने कुमारसिंह तामाङलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट करिब ५ केजी लागूऔषध चरेससहित शुक्रबार प्रहरीले पक्राउ गरेको छ। नेपाल एयरलाइन्सको उडानबाट थाइल्यान्डको बैंकक जान लागेका तामाङलाई चेकजाँच गर्ने क्रममा सुटकेसको पिँध भागमा फल्स बटम बनाई लुकाईछिपाई राखेको उक्त लागूऔषध फेला परेको हो। तामाङको साथबाट १ थान राहदानी, हवाई टिकट ३ थान र ८ सय यूएस डलरसमेत बरामद भएको छ। अनुसन्धानको क्रममा तामाङलाई उक्त सुटकेस धादिङ खनियाबास-३ बस्ने रविन गुरुङले दिएको खुल्न आएकाले गुरुङलाई काठमाडौं टोखा नगरपालिका-८ बानियाटारस्थित मेरिना रेस्टुरेन्ट अगाडिबाट प्रहरीले पक्राउ गरेको छ।

त्यसै गरी धरान उप-महानगरपालिका-७ बस्ने जितेन गुरुङलाई लागूऔषध लुपिजेसिक-८ एम्पुल, डाइजेपाम-८ एम्पुल र एभिल-८ एम्पुलसहित आइतबार प्रहरीले पक्राउ गरेको छ। प्रहरीले जितेनको श्रीमती पूर्णिमा गुरुङलाई समेत नियन्त्रणमा लिई यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ।

भरतपुर प्रकरणको सुनुवाई फेरी सर्‍यो

काठमाडौं, (नेस)

पटक-पटक पेसी तोकिएर स्थगित भएको भरतपुर निर्वाचन प्रकरणको सुनवाई सोमबार पनि पुनः सरेको छ।

न्यायाधीशद्वय ओमप्रकाश मिश्र र पुरुषोत्तम भण्डारीको संयुक्त इजलासमा सोमबार सुनुवाई शुरू भएको हो। सोमबार रिट निवेदकका तर्फबाट अधिवक्ता टीकाराम भट्टराईले मात्र बहस गर्न भ्याउनुभयो।

उहाँले भरतपुर महानगरपालिकाको मतगणनास्थल अनधिकृत कब्जा नभएको र ऐन पढेर मतपत्र च्यात्ने अपराध गरिएको जिकिर गर्नुभयो। सोमबार बहस नसकिएकाले अब अर्को सुनुवाई साउन ८ गते हुने भएको छ।

न्यायाधीश भण्डारी उपचारका लागि अमेरिका जानुपर्ने भएकाले सुनुवाई एक साता पर धकेलिएको हो। भरतपुर महानगरपालिकामा मतगणनाका क्रममा माओवादी कार्यकर्ता मधु न्यौपाने र द्रोण शिवाकोटीले मतपत्र च्यातेपछि १९ नम्बर वडामा पुनः मतदान गर्ने निर्णय कार्यान्वयन नगर्न माग गर्दै सर्वोच्चमा रिट परेको थियो।

आयोगको निर्णयमा चित्त नबुझेपछि वडा नम्बर १९ का एमाले उम्मेदवार गुञ्जमान विक र सोही वडाका मतदातासमेत रहेका अधिवक्ता तुलसी पाण्डेले सर्वोच्चमा रिट दायर गर्नुभयो।

रिटमाथि प्रारम्भिक सुनुवाई गर्दै न्यायाधीश चोलेन्द्रशमशेर जबराको इजलासले तत्काल पुनः मतदानको निर्णय कार्यन्वयन नगर्न निर्वाचन आयोगलाई अन्तरिम आदेश दिएको थियो।

२० नम्बर वडाको मतगणना बाँकी रहँदा १९ नम्बरको आधाभन्दा बढी गणना भइसकेपछि मतपत्र च्यातिएको थियो। पछिल्लो गणनामा एमालेका देवी ज्ञवाली माओवादीकी रेणु दाहालभन्दा ७ सय ८४ मतले अगाडि हुनुहुन्थ्यो।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
मध्य पश्चिमाञ्चल क्षेत्रीय सडक निर्देशनालय
डिभिजन सडक कार्यालय, सुर्खेत

प्रविधिक प्रस्ताव छनौट भएका बोलपत्रदाताको आर्थिक प्रस्ताव खोल्ने सूचना

सूचना प्रकाशित मितिः २०७४/०४/०३

यस डिभिजन सडक कार्यालयको सूचना नं.: २३/२०७३/०७४, मितिः २०७४/०२/०९ गते नेपाल समाचारपत्र दैनिक पत्रिकामा प्रकाशित तपसिल बमोजिमका ठेक्काको बोलपत्र आव्हानको सूचना अनुसार प्राविधिक प्रस्तावहरु खोली सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५९, ६०, ६२ र ६३ बमोजिम परीक्षण गरी योग्यताको सबै आधारमा सफल हुने देहाय बमोजिमका सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाताहरुका आर्थिक प्रस्ताव तपसिलको मिति, समय र स्थानमा खोलिने भएकोले उपस्थित हुन सम्बन्धित सबैको जानकारीको लागि अनुरोध गरिन्छ।

तपसिल

क्रं सं.	बोलपत्र नं.	सफल बोलपत्रदाताहरु
१	DROSKT/ 337157-4/073/ 74-285	M/s Bamti Bhandar Ni. Se., Kathmandu
		M/s Elite Rabin JV, Surkhet
		M/s Surya/Hamro JV, Surkhet
		M/s Pappu/ Shyam and Shanker/ Nanjila and Aakanshya JV, Surkhet
		M/s Adventure/TDR JV, Kailali
		M/s Jaya Budha/ Nepal Mega Builders JV, Surkhet
२	DROSKT/ 337157-4/073/ 74-286	M/s Bamti Bhandar Ni. Se., Kathmandu
		M/s Elite/ Rabin JV, Surkhet
		M/s Surya Construction Firm Pvt. Ltd., Surkhet
		M/s Kastamandap Construction Pvt. Ltd, Kathmandu
		M/s Amar/ Malla JV, Dailekh
		M/s Pappu/ Shyam and Shanker/ Nanjila and Aakanshya JV, Surkhet
		M/s Adventure/ TDR JV, Kailali
		M/s Jayabudha/ Nepal Mega Builders JV, Surkhet
३	DROSKT/ 337157-4/073/ 74-287	M/s Elite/ Rabin JV, Surkhet
		M/s Adventure/ TDR JV, Kailali,
		M/s Kastamandap Construction Pvt. Ltd, Kathmandu
		M/s Amar/ Malla JV, Dailekh
		M/s Pappu/ Shyam and Shanker/ Nanjila and Aakanshya JV, Surkhet
४	DROSKT/ 337320-4/073/ 74-288	M/s Surya Construction Firm Pvt. Ltd., Surkhet
		M/s Pappu/ Shyam and Shanker/ Nanjila and Aakanshya JV, Surkhet
		M/s Jaya Budha/ Nepal Mega Builders JV, Surkhet
५	DROSKT/ 337320-4/073/ 74-289	M/s Surya Construction Firm Pvt. Ltd., Surkhet
		M/s Pappu/ Shyam and Shanker/ Nanjila and Aakanshya JV, Surkhet

तपसिल

मितिः २०७४ श्रावण ९ गते
समयः दिनको १ बजे
स्थानः डिभिजन सडक कार्यालय सुर्खेत

डिभिजन प्रमुख

सिनेमा कर्नर

Gopi Krishna Movies
Dolby Digital, DTS Surround Sound
Luxurious & Pushback Seats
Extraordinary Picture Quality
Comfort Lounge
Comfy Cabins Serving Food on order
Massage Chair
Children's Corner
Coffee Joints
Rhythm Room
In-Theatre Advertising

TODAY'S MOVIES

Jagga Jasoos 8:20, 11:20 2:20, 5:20
Sayad 2 8:20, 11:20 2:20, 5:20
Ma Yesto Geet Gauxu 8:20, 11:20 2:20, 5:20
Mandira 8:20, 11:20 2:20, 5:20
कमीना 8:20, 11:20 2:20, 5:20
धनपति 8:20, 11:20 2:20, 5:20
कारखाना 8:20, 11:20 2:20, 5:20

Booking: 4812393/4812409

Guna Cinema
एकै छानामुनी ८ सिनेमा हल

Jagga Jasoos
तारेमिर
धनपति
सायन-२
लाल्टिन
म यस्तो गित गाउछु
रातो घर

Information SMS "smscinema" to 4862 or Dial 01618015 202777
Show Time 9:00, 12:00, 3:00, 6:00

गंगा चलचित्र मन्दिर
2 in 1 बालाजु, काठमाडौं, फोन नं. ४८५१०३०४६२, ४८४१६८०२०६



माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

आजको राशि

ज्यो. चन्द्रेश शर्मा

मेष: धनलाभ, उपहारादि वस्तु प्राप्ति, चिताएको कुरा पुग्ने सम्भावना।
वृष: धनको खर्च, चोटपटकको सम्भावना, वादविवाद, निरर्थक खर्च।
मिथुन: आम्दानी, साथीभाइ-इष्टमित्रबाट सहयोग, खाद्यान्न प्राप्ति।
कर्कट: स्वस्थता र आनन्दको अनुभूति, कार्य सफल, सुख-सन्तोष।
सिंह: राजकाज, मुद्दामामिलामा झमेला, मान-सम्मानमा चोट, तनाव।
कन्या: शारीरिक अस्वस्थता, आर्थिक नोक्सानी, काममा बाधा-व्यवधान।
तुला: धन-सम्पत्ति प्राप्ति, समस्या समाधान, पुरस्कार-सम्मान पाइने।
वृश्चिक: धनलाभ, खेलकुद-परीक्षामा सफलता, पैसा प्राप्तिको सम्भावना।
धनु: बाथ-वायुजन्य रोग, गर्न लागेको काममा बाधा-अड्चन, सन्ताप।
मकर: छिमेकमा विवाद, पेटको स्वास्थ्य समस्या, विनाउपलब्धिको दौडधुप।
कुम्भ: द्रव्यलाभ, इज्जत-प्रतिष्ठामा वृद्धि, कार्य सफल, प्रसन्नता।
मीन: नोक्सानी, मानसिक चञ्चलता, निरर्थक धन र समयको बरबाद।

नेपाल समाचारपत्र

www.newsofnepal.com

नेपाल

2017, JULY
Tuesday
18

पूर्वी रुकुमलाई नयाँ जिल्ला नबनाउँदा जिल्ला समन्वय समिति गठन गर्न समस्या हुने भन्दै उनीहरुले जिल्ला समन्वय समिति गठन हुनुअघि नै पूर्वी रुकुमलाई नयाँ जिल्लाको मान्यता दिन सरकार र सबै दलका शीर्ष नेताहरुलाई आग्रह गर्ने पहल थालेका छन्।

पूर्वी रुकुमलाई नयाँ जिल्ला बनाउन पहल

नरेन्द्र केसी, दाङ

प्रदेश नम्बर ५ मा परेको पूर्वी रुकुमलाई नयाँ जिल्ला बनाउन जनप्रतिनिधिहरूले पहल थालेका छन्। पूर्वी रुकुमलाई नयाँ जिल्ला नबनाउँदा जिल्ला समन्वय समिति गठन गर्न समस्या हुने भन्दै उनीहरूले जिल्ला समन्वय समिति गठन हुनुअघि नै पूर्वी रुकुमलाई नयाँ जिल्लाको मान्यता दिन सरकार र सबै दलका शीर्ष नेताहरूलाई आग्रह गर्ने पहल थालेका छन्।

संविधानले पश्चिम रुकुमलाई प्रदेश नम्बर ६ र पूर्वी रुकुमलाई प्रदेश नम्बर ५ मा राखेको छ। निर्वाचन आयोगले पनि सोहीअनुसार पश्चिम रुकुमका ६ स्थानीय तहमा वैशाख ३१ गते र पूर्वी रुकुमका ३ स्थानीय तहमा जेठ १४ गते निर्वाचन गराएको थियो। संविधानले प्रस्टरूपमा एउटै जिल्लालाई दुई प्रदेशमा राखे पनि नयाँ जिल्लाबारे अन्योल रहेको भन्दै भर्खरै निर्वाचित जनप्रतिनिधिहरूले राजधानीमा पुगेर नयाँ जिल्लाका लागि पहल थालेका छन्।

उनीहरूले आइतबार केन्द्रमा प्रतिनिधित्व गर्ने जिल्लाका नेताहरूसँग छलफल गरेका छन्। 'जिल्लाबाट निर्वाचित जनप्रतिनिधिहरू राजधानीमा पुगेर छलफल थाल्नुभएको छ', नेकपा माओवादी केन्द्रका पोलिटब्युरो सदस्य एवं जिल्ला इन्चार्ज तेजबहादुर ओली 'प्रतिक' ले भन्नुभयो- 'अब चरणबद्धरूपमा सरकार र शीर्ष नेताहरूसँग नयाँ जिल्लाको विषयमा छलफल गर्ने कुरा भएको छ।' राजधानी पुगेका पूर्वी रुकुमका जनप्रतिनिधिले सोमबार स्थानीय तह सञ्चालनसम्बन्धी अर्थविद्हरूसँग छलफल गर्दै छन्। यो कार्यक्रम सकिएपछि नयाँ जिल्लाका लागि अभियान अघि बढ्ने भूमे गाउँपालिकाका अध्यक्ष रामसुर बुढाले जानकारी दिनुभयो।

राजधानी पुगेका जनप्रतिनिधिहरूले आइतबार गृहमन्त्री जनार्दन शर्मा, पूर्वमन्त्री गणेशमान पुन, माओवादी केन्द्रका सचिवालय सदस्य पूर्ण घर्ती, नेता कमला रोका, तेजबहादुर ओलीलगायतसँग छलफल गरेका छन्। सीमांकनका क्रममा फरकफरक प्रदेशमा परेका दुई जिल्लामध्ये नवलपरासीको नवलपुर क्षेत्रले यसअघि फरक जिल्लाको माग गरेको थियो भने पूर्वी रुकुमले पनि औपचारिकरूपमा नयाँ जिल्ला निर्माणको पहल थालेको छ। उनीहरूका मागअनुसार नयाँ जिल्ला भएमा मुलुकमा ७७ वटा जिल्ला हुनेछन्।

पूर्वी रुकुमलाई नयाँ जिल्ला बनाउन भूगोल र जनसंख्या दुवै हिसाबले पुग्ने पूर्वी रुकुमका स्थानीयबासीसमेत रहेका माओवादी केन्द्रका इन्चार्ज ओलीले बताउनुभयो। 'अहिलेसम्म घोषणा नगरिएको मात्र हो, त्यसै पनि पूर्वी रुकुम हिमाली क्षेत्र हो', उहाँले भन्नुभयो- 'यसलाई हिमाली क्षेत्र घोषणा गर्नेबित्तिकै पूर्वी रुकुम मनाङ मुस्ताङभन्दा ठूलो जिल्ला हुनेछ।' रुकुमको नामकरण गरिएको रुकुमकोट, कमल दह, जिल्लाको पहिचान बनेको सिस्ने हिमाल, डोरपाटन शिकार आरक्ष आदि प्रदेश नम्बर ५ अन्तर्गत पूर्वी रुकुममै पर्दछन्। ५ नम्बर प्रदेशमा राखिएकाले पूर्वी नयाँ जिल्ला नबने रोल्पामा मिसिनुपर्ने बाध्यता छ। त्यसो गर्दा मनोवैज्ञानिक र सामाजिकरूपमा पनि राम्रो नहुने भन्दै पूर्वी रुकुमका जनप्रतिनिधिले नयाँ जिल्लाका लागि पहल थालेको भूमे गाउँपालिका अध्यक्ष बुढाले जानकारी दिनुभयो।

भोजभतेरको खर्चले विद्यालयमा अक्षयकोष

अनिल खत्री, गुल्मी

चुनावपछि जितेका जनप्रतिनिधिहरू अझै भोजभतेरमै अड्किएका छन्। तर केही त्यस्ता जनप्रतिनिधि छन्। जसले फजुल खर्चलाई समाजसेवामा लगाएर जनतामाझ लोकप्रिय बन्दै छन्। रेसुंगा नगरपालिका-७ का वडाध्यक्ष मोहनप्रसाद पाण्डे भोजभतेरमा गरिने अनावश्यक खर्चलाई विद्यालयको अक्षयकोषमा राख्ने निर्णय गरेका छन्।

उक्त वडाभित्रका तीनवटा प्राविलाई पाण्डेयले १५/१५ हजारका दरले सहयोग गरेका छन्। सोमबार एक कार्यक्रमका बीच २०४१ सालमा स्थापना भएको नवज्योति प्रावि नेटा, २०३९ सालमा स्थापना भएको अर्जुन प्रावि कुडापानी र २०४७ सालमा स्थापना भएको सृजना प्रावि भुजेलखर्कलाई उनले सहयोग गरेका हुन्। सदरमुकाम नजिकै रहे पनि ती विद्यालयहरू बत्तीमुनिको अँध्यारो जस्तै भइरहेका छन्।

जुन विद्यालयहरूमा गरिब र विपन्न परिवारका थुप्रै विद्यार्थीहरूले पठनपाठन गर्ने गर्दछन्। लामो समयसम्म पनि स्तरवद्धि भइरहेको छैन। 'पहिलेबाटै विद्यालय र विद्यार्थीका समस्यासँग नजिक थिएँ', पाण्डेले भने- 'यो व्यक्तिगत सानो सहयोग हो, जनप्रतिनिधिको हिसाबले धेरै गर्नेछु।' उनले आगामी दिनमा त्यस्ता गरिब तथा जेहेनदार विद्यार्थी र विद्यालयको उन्नति र प्रगतिका लागि सबै निकाय र सरोकारवालासँग योजनाबद्ध रूपमा लाग्ने बताए।

उनले ती विद्यालयमा अध्ययन गर्ने बालबालिकाका लागि भनेर 'यमकान्त मनकली पाण्डे गरिब तथा जेहेनदार छात्रवृत्ति अक्षयकोष' नै निर्माण गरेका छन्। कोषलाई बढाउँदै लैजाने र त्यसको ब्याजबाट विपन्न विद्यार्थीलाई शैक्षिक सामग्री प्रदान गरिने पाण्डेले बताए। कुनै सरकारी सुविधा नखाने बताएका उनले केही समय अगाडि आफूले पाएको सरकारी भत्तासमेत कृषकलाई प्रदान गरेका थिए।

अक्षयकोषको चेक बुझ्दै नवज्योति प्राविका प्रध्यानाध्यापक गोकर्ण फुल्देलले पैसाको मूल्यभन्दा हिम्मत र हौसला नै प्रमुख कुरा भएको बताए। त्यस्तै सृजना प्रावि भुजेलखर्कका शिक्षक चन्द्र चुँदराले यो सहयोग दलित समुदायका बालबालिकाको हित र भविष्यका लागि एउटा इँटा बन्ने अपेक्षा व्यक्त गरे। वडाध्यक्ष पाण्डेयसहित सबै जनप्रतिनिधिलाई नवज्योति प्राविमा स्वागत तथा अभिनन्दन गरिएको थियो।

नाम दर्ताका लागि निर्वाचन कार्यालयमा मतदाताको भीड

कृष्णउदास खनाल, वीरगन्ज

निर्वाचन आयोगले प्रदेश र स्थानीय तहको निर्वाचनका लागि भन्दै मतदाता नामावली संकलन कार्य एकपटकका लागि भन्दै आह्वान गरेपछि पर्सास्थित जिल्ला निर्वाचनको कार्यालयमा मतदाताको भीड लागेको छ।

निर्वाचन आयोगले आइतबारदेखि फोटोसहितको मतदाता नामावली संकलन शुरू गरेपछि पर्साका स्थानीयको नाम दर्ताका लागि आकर्षण बढेको हो। पर्सामा नाम छुटेका मतदाताको नामावली दर्ता गराउनेको चाप बढेको छ। प्रदेशसभा र प्रतिनिधिसभा सदस्य चुनावका लागि निर्वाचन आयोगले साउन १५ गतेसम्म मतदाता नामावली संकलन अभियान शुरू गरेकाले नाम छुटेकाहरू नामावली दर्ता गराउन गाउँगाउँबाट वीरगन्ज आइरहेका हुन्। खास गरी १८ वर्ष उमेर पुगेका तर मतदाता नामावलीमा नाम नलेखाएका वा लेखाए पनि ठेगानालगायत विवरण फरक परेकाहरूलाई आफ्नो स्थायी ठेगाना भएको जिल्लाको जिल्ला निर्वाचन कार्यालयमा सम्पर्क गर्न जिल्ला निर्वाचन प्रमुख अधिकृत हुमनाथ पराजुलीले आग्रह गरे।

जिल्ला निर्वाचन कार्यालय वीरगन्ज र जिल्ला प्रशासन कार्यालय दुई ठाउँमा फोटोसहितको मतदाता नामावली संकलन भइरहेको जिल्ला निर्वाचन कार्यालय, पर्साका प्रमुख हुमनाथ पराजुलीले बताए। जिल्ला प्रशासन कार्यालय पर्सामा उल्लेख्य संख्यामा सेवाग्राहीको भीड लागेको छ। तर विगतजस्तै यसपालि पनि मतदाता नामावली टोलीले गाविसमा नगएर जिल्ला निर्वाचन कार्यालय तथा जिल्ला प्रशासन कार्यालयमा मतदाताहरूले नाम दर्ता गराउनुपर्ने बाध्यता रहेको सेवाग्राहीले गुनासो गरेका छन्।

पर्सा, हरिहरपुर बिर्ताबाट पत्नीको नाम मतदाता नामावलीमा दर्ता गराउन जिल्ला निर्वाचन कार्यालय आएका रमेश पटेलले भीडभाड तथा प्रचण्ड गर्मीमा वीरगन्ज आएर नाम दर्ता गराउन समस्या भएको बताए। जिल्ला निर्वाचन कार्यालय, पर्साका प्रमुख निर्वाचन अधिकृत हुमनाथ पराजुलीले पर्सामा करिब २ लाख मतदाता नामावली छुटेको बताए। जम्मा जनसंख्या साढे ६ लाख रहेकोमा हाल २ लाख ८२ हजार मतदाता नामावली रहेको र १८ वर्ष पूरा गरेका करिब २ लाखको हाराहारीमा मतदाता बाँकी रहेकाले धेरैभन्दा धेरै मतदाता नामावली संकलन गर्ने कार्यालयको योजना रहेको बताए। पर्सामा भने प्रदेशसभासहित प्रतिनिधि सभा र असोजमा हुने स्थानीय तहको निर्वाचनमा समेत सहभागी हुने बताइएको छ।

मन्दिरमा सोमबारे भक्तजनको घुइँचो

नेपाल समाचारपत्र

हेटौंडा

हिन्दु धर्मालम्वीहरूको विशेष महत्वसाथमा हेर्ने साउनको पहिलो सोमबारका दिन हेटौंडाको पशुपति मन्दिरहरूमा भक्तजनको घुइँचो लाग्यो। साउनको पहिलो सोमबार भएकाले भक्तजनका लागि अझ विशेष दिन हो।

मकवानपुरकाका विभिन्न मन्दिरमा बिहानैदेखि श्रद्धालु भक्तजनको घुइँचो लागेको थियो। हेटौंडाको पशुपति मन्दिरमा भक्तजनको घुइँचो लागेको थियो। कुष्माण्ड सरोवरलगायत मन्दिरमा पनि घुइँचो देखिन्थ्यो। साउनमा महिलाहरू हरियो पहिरनमा सजिनुका साथै हरियो चुरा र हातमा मेहन्दी लगाएर सोमबारे व्रत बस्ने गर्छन्।

हेटौंडा-१२, पदमपोखरी बेलडाँडामा रहेको गुप्तेश्वर महादेव मन्दिरमा ठूलो बोलबम यात्रा आयोजना गरिएको छ। यस वर्ष बोलबम यात्रासमेत स्थानीयस्तरमै गरिएको स्थानीय माधव ढुंगानाले बताए। कुष्माण्ड सरोवर त्रिवेणीधामबाट जल बोकेर बेलडाँडामा रहेको शिव मन्दिरमा जल चढाउने गरी बोलबम यात्रा तय गारिएको थियो।

महिनामा साउन र बारमा सोमबार भगवान शिवको बार भएकाले यस दिनमा शिवको पूजाआराधना एवम् दर्शन गर्नाले मनोकामना पूरा हुन्छ भन्ने धार्मिक विश्वासमा भक्तजनको भीड लागेको हो। साउनको सोमबार शिवलाई शुद्ध जल चढाएर खुसी बनाउन सकिन्छ भन्ने शास्त्रीय मान्यता छ।

भक्तजनको लाइन व्यवस्थित गरिएको थियो। यस वर्ष साउनमा पाँच सोमबार परेको छ। पाँचवटा सोमबार परेको साउनबाट नयाँ व्रतालुले पनि साउने सोमबारको व्रत शुरू गर्छन्। साउनको सोमबार व्रत गरे मनको इच्छा पूरा भएर अटल सौभाग्य प्राप्त हुने धार्मिक विश्वास छ। यही विश्वासमा शिवालयमा बिहानदेखि भक्तजनको भीड लागेको थियो।

पौराणिक मान्यतामा शंकरको पूजा आराधनाका लागि सर्वश्रेष्ठ दिन महाशिवरात्रि र त्यसपछि साउन महिनाको सोमबार र हरेक महिनामा आउने सोमबारको महत्त्व छ। देवादिदेव महादेवलाई साउन महिना अति प्रिय मानिन्छ। यसै मान्यताअनुसार यस महिना खास गरेर सोमवारको व्रत/उपवास तथा पूजा आराधना एवम् रुद्राभिषेक, पाठ, जप आदि गरी शिवको विशेष पूजा गरिन्छ। महिनाभर माछामासु परित्याग गर्ने चलन पनि छ।

वर्गीकृत डिस्प्ले

वर्गीकृत डिस्प्ले

आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० ।-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि.
भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०१६
४२१९६११, ४२१९४४५

वर्गीकृत विज्ञापन

डिप्रेशन र माईग्रेनको सफल उपचार !!!

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्केने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही मैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प ताल्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहींबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

युनिक मेडिटेशन सेन्टर
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९,
९८१३१२५५५८

मर्मत

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्टकारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

उपलब्धी सुविधाहरू

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

चाहियो

मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।
खान बस्नको सुविधासहित।
If you are satisfied,
tell others
If not tell us.
राजु मो-बाइक कन्सर्न
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८९, ५०१०५५०

बाथ तथा दमको अचुक उपचार

हिमाली जडीबुटीहरुको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।
बाथ एवं नसारोग : स्यालको बोसो, चौरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।
दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।
मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)
फोन : ४७२००४६
मोबाइल : ९८५१०७३५००

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA **को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू**

काठमाडौं

गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४९८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४१३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३९७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८९१ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३१४१, फ्याक्स: ३५३९९६ ● थ्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट् ग्यालरी वनस्थली ४३६४१२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३१५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्युनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२,फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२९१७३ फोन : ४२७४६३३, ४२८९२६०

ललितपुर ह्याम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५१२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६१५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

भक्तपुर सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाचेँ : ६१२७२४

२०७४, साउन
मंगलबार
३

रोम विधानलाई विश्वका १ सय २४ राष्ट्रले अनुमोदन गरेका छन्। नेपालले त्यसलाई अनुमोदन गरेको छैन। २०६३ साउन ६ गते प्रतिनिधिसभाले संकल्प प्रस्ताव पारित गरेको थियो। राष्ट्रिय मानवअधिकार आयोगले पनि २०६५ साउन २२ गते रोम विधान अनुमोदनका लागि प्रधानमन्त्री एवं मन्त्रिपरिषद् कार्यालयमा सिफारिस पत्र पठाएको थियो।



दण्डहीनता अन्त्यका लागि रोम विधान आवश्यक

नेपाल समाचारपत्र

बाँके

राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय, नेपालगन्जले द्वन्द्वकालका १ सय ३५ वटा घटनालाई अनुसन्धान गरी कारबाहीका लागि सिफारिस गऱ्यो। त्यसमा सरकारले २० वटा अर्थात् १५ प्रतिशत पूर्ण कार्यान्वयन, ७७ वटा (५७ प्रतिशत) आंशिक र ३८ वटा अर्थात् २८ प्रतिशत कार्यान्वयन नै गरेको छैन।

आर्थिक वर्ष २०७३/०७४ मा बाँके जिल्ला अदालतमा ३ हजार ७ सय ९२ मुद्दा दर्ता भएकोमा २ हजार १ सय ५३ अर्थात् ५६ प्रतिशत फैसला भयो। यस आर्थिक वर्षमा दर्ता भएका ८ सय ४५ निवेदनमध्ये ५ सय २८ वटा (६२ प्रतिशत) फैसला कार्यान्वयन भएको छ।

यी दुई तथ्यांक हेर्दा फैसला/सिफारिस कार्यान्वयनको अवस्था सन्तोषजनक देखिँदैनन्। यसले दण्डहीनता बढाएको छ। मुलुकमा व्याप्त दण्डहीनताको संस्कृति अन्त्य तथा कानुनी शासनको प्रत्याभूतिका लागि न्यायिक निकायबाट गरिएका फैसलाहरूको पूर्ण कार्यान्वयन तथा राष्ट्रिय मानवअधिकार आयोगबाट गरिएका सिफारिसहरूको पूर्ण कार्यान्वयन हुन सकेमा मात्र पीडितले न्यायको अनुभूति गर्ने सम्बद्धहरू बताउँछन्।

अन्तर्राष्ट्रिय न्याय दिवसको अवसरमा नेपालगन्जमा आयोजना गरिएको पीडितहरूको न्यायमा पहुँच र कार्यान्वयनमा सरोकारवालाको भूमिका विषयक कार्यक्रममा गम्भीर प्रकारका फौजदारी अपराधको अनुसन्धान तथा उक्त अपराधमा न्याय प्राप्तिका लागि नेपालले अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान तत्काल अनुमोदन गर्नुपर्ने बताइएको छ। राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय, नेपालगन्जका निर्देशक मुरारी खरेलले रोम विधान अनुमोदन भएमा कानुनी शासन, मानवअधिकार अवस्थालाई सुदृढ हुनुका साथै दण्डहीनताको संस्कृतिको अन्त्य गर्न थप सघाउ पुग्ने विश्वास व्यक्त गर्नुभयो।

रोम विधानलाई विश्वका १ सय २४ राष्ट्रले अनुमोदन गरेका छन्। नेपालले त्यसलाई अनुमोदन गरेको छैन। २०६३ साउन ९ गते प्रतिनिधिसभाले संकल्प प्रस्ताव पारित गरेको थियो। राष्ट्रिय मानवअधिकार आयोगले पनि २०६५ साउन २२ गते रोम विधान अनुमोदनका लागि प्रधानमन्त्री एवं मन्त्रिपरिषद् कार्यालयमा सिफारिस पत्र पठाएको थियो। रोम विधानले दण्डहीनताको निषेध, अदालती कारबाहीमा निष्पक्षता र कानुनको उचित प्रक्रिया अपनाइने, मृत्युदण्ड लागू गर्न नपाइने तथा पीडित तथा साक्षीको सुरक्षा गरिने कुरालाई सुनिश्चित गरेको छ।

नेपालले रोम विधान अनुमोदन नगर्नुमा नेताहरू भुतलक्षी कारबाहीबाट डराएको अधिकारकर्मीहरू बताउँछन्। व्याप्त दण्डहीनताको अन्त्य गरी कानुनी राजको स्थापना, दण्डहीनतालाई विस्तारित हुन नदिन र नरसंहार, मानवताविरुद्धको अपराध, युद्ध अपराधजस्ता कार्य हुनबाट रोक्न, पीडितलाई न्याय दिलाउन, अन्तर्राष्ट्रिय मानवीय कानुनद्वारा प्रदत्त अधिकारको रक्षा र प्रभावकारी कार्यान्वयन गर्न र अन्तर्राष्ट्रिय समुदायसँग समझदारी कायम गर्न रोम विधान नेपालमा आवश्यक रहेको कानुन व्यवसायी तथा अधिकारकर्मीहरूले बताएका छन्।

प्रमुख जिल्ला अधिकारी रविलाल पन्थले उजुरी आइनपुग्दै 'माथिबाट' फोन आउने प्रवृत्तिले काम गर्न अप्ठेरो परेको बताउनुभयो। नेपाल बार एसोसिएसनका केन्द्रीय उपाध्यक्ष शालिकराम सापकोटाले संविधान बचाउन पनि रोम विधान आवश्यक रहेको बताउनुभयो। वरिष्ठ अधिवक्ता विजय गुप्ताले पीडित र पीडक दुवै प्रधानमन्त्री भइसक्दा पनि दण्डहीनता उस्तै रहेको बताउनुभयो।

जिल्ला न्यायाधिवक्ता टेकबहादुर थापाले अपराध व्यावसायिक भएकाले प्रहरीभन्दा चोर बलियो रहेको टिप्पणी गर्नुभयो। एसपी टेकप्रसाद राईले कानुनको अधीनमा बसेर काम गर्दा धेरै चुनौती नआउने बताउनुभयो। 'अहिले जिप्रकामा नेताहरूको लाइन लाग्न छोडेको छ' -एसपी राईले भन्नुभयो।

न्यायका लागि द्वन्द्वपीडित समाज, बाँकेकी अध्यक्ष चन्द्रकला उप्रेतीले कानुन कमजोरका लागि मात्रै भएको टिप्पणी गर्नुभयो। 'पीडितले भनेअनुसार कारबाही हुनुपर्छ', उप्रेतीले भन्नुभयो- 'बेपत्ता आयोग आफैं बेपत्ता छ। सरोकारवालाको भूमिका नाता, कृपा र सम्पत्तिवादमा देखिन्छ।'

दुई मिनेट

४० जनाद्वारा नाम दर्ता

डोटी, (नेस)

जिल्ला निर्वाचन कार्यालय डोटीले आइतबारबाट पुनः फोटोसहितको मतदाता नामावली संकलनको कार्य शुरू गरेपछि पहिलो दिन मात्रै ४० जनाले नाम दर्ता गराएका छन्। डोटीमा आइतबार २८ पुरुष तथा १२ महिला गरी ४० जनाले नाम दर्ता गराएका हुन्। पहिलो दिन जिल्ला निर्वाचन कार्यालय डोटीमा पुगेर ४० जनाले फोटोसहितको मतदाता नामावलीमा नाम दर्ता गराएको जिल्ला निर्वाचन अधिकृत नन्दीराज ओझाले जानकारी दिनुभयो।

६४ हजारमा बसाहा निर्माण

लमजुङ, (नेस)

बेसीशहर नपा-८ को मर्स्याङ्दी नदी किनारस्थित कपुरेश्वर महादेव मन्दिरमा सोही वडा निवासी वृषबहादुर पौडेलले आफ्ना स्वर्गीय मातापिताको सम्झनामा बसाहा र मन्दिरवरपर १ सय ८ वटा पाला निर्माण गरेका छन्। पौडेल उक्त मन्दिर व्यवस्थापन समितिका अध्यक्षसमेत हुन्।

आफ्ना स्वर्गीय पिता रनध्वज पौडेल र माता लक्ष्मी पौडेलको सम्झनामा उक्त मन्दिरमा बसाहा र पाला निर्माण गरेको पौडेलले जानकारी दिए। सो निर्माण कार्यमा कुल ६४ हजार ५ सय ९० रुपियाँको खर्च भएको शिलालेखसमेत राखिएको छ। यसअघि बेंसीशहरकै चनौटे निवासी अर्जुन राउतकी आमा लुकुकुमारी राउतले उक्त मन्दिरमा जडान गरिदिएको पाला चोरी भएको थियो।

पहिरोले पावरहाउस बगायो

डोटी, (नेस)

लगातारको अविरल वर्षाका कारण आएको पहिरोले डोटीको बड्डी केदार गाउँपालिका-४ मन्नाकापडीमा रहेको सेरेगाढ लघु जलविद्युत् परियोजनाको पावरहाउस बगाएको छ। उक्त जलविद्युत् बगाउँदा साविकको मन्नाकापडी गाविस पूरै अन्धकार भएको छ। पहिरोले विद्युत् उत्पादन गर्ने मेसिन, पावरहाउस तथा करिब एक सय मिटर कुलोसमेत बगाएको छ। पहिरोका कारण ४० लाख बराबरको क्षति भएको स्थानीय मीनराज जोशीले बताउनुभयो।

एक भारतीयद्वारा आत्महत्या

महोत्तरी, (नेस)

महोत्तरीमा एक भारतीयले आत्महत्या गरेका छन्। आत्महत्या गर्ने भारतीय विहार राज्यको सितामढी जिला घर भएको अन्दाजी २६ वर्षीय कमलेश महतो रहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ। महतो एकडारा गाउँपालिका-६ मरुवाहीमा आफ्नै कमलेश च्वाइस कोल्ड स्टोर्स एन्ड मिट हाउसमा आइतबार साँझ कपडाको पासो लगाई झुन्डिरहेको अवस्थामा स्थानीयबासीले देख्नासाथ प्रहरीलाई खबर गरेका थिए। लासको मुचुल्का उठाई पोस्टमार्टमका लागि राति नै जलेश्वर अस्पताल ल्याइएको प्रहरीले बताएको छ। सोमबार बिहान लास दाह संस्कारका लागि आफन्तको जिम्मा लगाइसकिएको प्रहरीले जनाएको छ।

बैतडीमा ६१ मुद्दा दर्ता

बैतडी, (नेस)

गएको एक वर्षको अवधिमा जिल्ला प्रहरी कार्यालय बैतडीमा विभिन्न ९१ मुद्दा भएका छन्। गत आर्थिक वर्ष २०७३/०७४ मा सबैभन्दा बढी झुन्डिएर मृत्यु भएका ३०, भवितव्य ज्यान मुद्दा १५ वटा मुद्दा दर्ता भएका जिल्ला प्रहरी कार्यालय बैतडीका प्रमुख तथा प्रहरी नायब उपरीक्षक हेरम्ब शर्माले जानकारी दिनुभयो। यस्तै केही सार्वजनिक अपराधका १३, फुटकर ज्यान मुद्दा ६, सवारी ज्यान मुद्दा र विष सेवन गरी मृत्यु भएका ५/५ वटा मुद्दा दर्ता भएका छन् भने कर्तव्य ज्यान मुद्दा ३, लागूऔषध चरेस र जबरजस्ती करणीका २/२ वटा मुद्दा दर्ता भएका प्रहरीले जनाएको छ। ज्यान मार्ने उद्योग, नदीमा हाम फाली मृत्यु, चोरी मुद्दा, आवश्यक वस्तु संरक्षण ऐन, सरकारी कागज कीर्ते, जबरजस्ती करणी उद्योग, ज्यान मार्ने महल, अवैध गर्भपतन, आगो लगाउने र करेन्ट लागेर मृत्यु भएको १/१ गरी जम्मा ९१ मुद्दा जिल्ला प्रहरी कार्यालय बैतडीमा दर्ता भएका हुन्।

प्रहरी परिसरमा वृक्षरोपण

चन्द्रौटा, (नेस)

वडा प्रहरी कार्यालय चन्द्रौटा कपिलवस्तु परिसरमा सोमबार बिहान वृक्षरोपण गरिएको छ। वृक्षरोपण गरी वातावरण संरक्षणमा थप टेवा पुऱ्याउन तथा स्वच्छ, सुन्दर र हराभरा वातावरण बनाउन वृक्षरोपण गरिएको हो। कार्यालय प्रमुख प्रहरी निरीक्षक झवीन्द्रप्रसाद भट्टराईले बिरुवा रोपेर वृक्षरोपणको शुरुआत गर्नुभएको थियो। वृक्षरोपणले प्राकृतिक सुन्दरताका साथै प्रहरी परिसरको वातावणीय संरक्षणमा ठूलो सहयोग पुग्ने प्रहरी निरीक्षक भट्टराईले विश्वास व्यक्त गर्नुभयो। टिक, मसला, सतिसाल, आँप, लिची लगायतका दुई सय ५० बिरुवा रोपिएको कार्यालय प्रमुख भट्टराईले बताउनुभयो।

बैठक भत्ताको रकम असहाय तथा विपन्न बालबालिकालाई

दयाराम पण्डित, बाजुरा

नेपाल पत्रकार महासंघ बाजुरा शाखाका अध्यक्ष प्रकाश सिंहले बाजुराका असहाय तथा विपन्न महिला तथा बालबालिकाका लागि आर्थिक सहयोग गरेका छन्। जिल्ला बालकल्याण समितिलाई सिंहले १५ हजार ८० रुपियाँ सहयोग गरेका छन्।

पत्रकार प्रकाश सिंहले जिल्ला बालकल्याण समिति संयोजक एवं प्रमुख जिल्ला अधिकारी देवेन्द्र लामिछानेलाई १५ हजार ८० रुपियाँको बैंक भौचर हस्तान्तरण गरेका हुन्। अध्यक्ष सिंहले २०७३ फागुन २४ गते पत्रकार महासंघ बाजुरा शाखा अध्यक्ष भइसकेपछि पत्रकार महासंघको नाममा जिल्लाका विभिन्न गोष्ठी र बैठकबाट आएको भत्तास्वरूपको रकम हस्तान्तरण गरेका हुन्। जिल्लाका विपन्न महिला, टुहुरा, अनाथ, असहाय, सहाराविहीन बालबालिकाका लागि आर्थिक सहयोग गरेको जिल्ला बालकल्याण समिति संयोजक एवं प्रमुख जिल्ला अधिकारी देवेन्द्र लामिछानेले बताएका छन्।

नेपाल पत्रकार महासंघको प्रतिनिधित्व हुने गरी चैत ८ गतेबाट असार २७ गतेसम्म जिल्लामा बैठक र गोष्ठीमा सहभागी भएको भत्ताबापतको रकम जिल्ला बाल संरक्षण कोषको खातामा जम्मा गरेका छन्। चार महिनाको अवधिमा २२ ओटा बैठकबाट आएको भत्ता जिल्लाका बालबालिकाहरूलाई सहयोग गरेको अध्यक्ष प्रकाश सिंहले बताएका छन्। जिल्ला विकास समिति, जिल्ला स्वास्थ्य कार्यालय, पशु सेवा कार्यालय, हुलाक, पशु निर्वाचन कार्यालय, महिला तथा बालबालिका कार्यालय, पिसविन, सुआहारा, गिफ्ट एओएसलगायतका सरकारी तथा गैरसरकारी कार्यालयको बैठक तथा गोष्ठीमा सहभागिता भएको भत्ता रकम रहेको बताएका छन्। उनले बाजुराका यस्ता दूर दराजमा रहेका विपन्न महिला, अनाथ टुहुरा तथा असहाय बालबालिकाका लागि सानो भए पनि सहयोग गर्न पाएकोमा खुसी भएको बताएका छन्।

प्रमुख जिल्ला अधिकारी देवेन्द्र लामिछानेले भने सिंहले दिएको रकम विपन्न महिला, असहाय, टुहुरा बालबालिकाका लागि खर्च हुने बताएका छन्। 'बाजुरामा पत्रकारहरूको मनकारी भावनाको कदर गर्दछु र पत्रकारले बाजुरामा सबैभन्दा बढी सहयोग गरेका छन्' -उनले भने।

पत्रकारहरूले बाजुराको सामाजिक आर्थिक र विकास क्षेत्रका गरेको अथक् सहयोगलाई कहिल्यै नभुल्ने बताए। पत्रकार सिंह विगत ७ वर्षदेखि बाजुरामा कार्यरत पत्रकार हुन्, उनले विपन्न महिला तथा बालबालिकाका क्षेत्रमा विगत लामो समयदेखि कमल चलाउँदै आएका छन्। फेरि पनि सिंहले पत्रकार महासंघमा प्रतिनिधित्व गरेको बैठक अन्तर्क्रियाबापतको भत्ता रकम असहायहरूलाई हस्तान्तरण गर्ने बताए।

सल्लीबजारमा बाढी पस्यो

सल्यान, (नेस)

जिल्लाको बन्गाड कुपिण्डे नगरपालिका सल्लीबजारस्थित गैरीबजारमा बाढी पसेको छ। हिजोदेखि परेको अविरल वर्षाका कारण बन्गाड खोलामा आएको बाढी गैरीबजारमा पसेको हो। बाढी बजारमा पस्दा आधा दर्जन बढी पसलहरू डुबानमा पर्नुका साथै लाखौंको धनमाल बगाएको छ।

बाढीले पुष्कर बीसी, लालबहादुर शाही, हरि विक, हरि ग्रिल उद्योग, विनिता नास्ता पसल, मेघराज गिरी, दिनेश पुनको घर तथा पसलमा बाढी पस्दा लाखौंको क्षति पुऱ्याएको पीडित पुष्कर बीसीले बताउनुभयो। राति करिब ३ बजेतिर बजारमा बाढी पसेको स्थानीयले बताए। बन्गाड खोलामा आएको बाढी बजारमा पसेपछि व्यापारी तथा स्थानीय त्यहाँबाट विस्थापित भएका छन्।

पूर्वाञ्चल विश्वविद्यालय
स्कूल अफ इन्जिनियरिङ्ग एण्ड टेक्नोलोजी (पूसेट),
विराटनगर

सूची दर्ता गर्ने बारेको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०७४/०४/०३)

यस क्याम्पसका लागि आर्थिक वर्ष २०७४/०७५ को निमित्त आवश्यक निम्नानुसारका सामान तथा सेवा उपलब्ध गराउन इच्छुक इजाजत प्राप्त दर्तावाला व्यक्ति, आपूर्तिकर्ता, फर्म, कम्पनी तथा सप्लायर्सहरुबाट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ अनुसार सूची (Standing List) दर्ताका लागि यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस क्याम्पसमा निवेदन दर्ता गराउन हुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः-

(१) मसलन्द तथा स्टेशनरी (२) इलेक्ट्रोनिक्स सामान सप्लाई तथा मर्मत (३) छपाई सम्बन्धी कार्यहरु (४) प्रिन्टर,फ्याक्स मेसिन,फोटोकपि मेसिनका Original टोनर कार्टिज र रिफिलिङ्ग सम्बन्धी कार्य (५) विज्ञापन एजेन्सी सेवा (६) कुरियर्स सेवा (राष्ट्रिय तथा अर्न्तराष्ट्रिय) (७) विद्युतिय सामानको आपूर्ति तथा मर्मत (८) फर्निचर तथा फर्निसिङ्ग सामानहरु (९) हार्डवेयर, सेनेटरी तथा निर्माण सम्बन्धी सामान आपूर्ति (१०) फर्निचर मर्मत सम्बन्धी कार्य (११) सुरक्षा सेवा सम्बन्धी कार्य १२) खेलकुद सम्बन्धी सामानहरु (१३) फिजिक्स, केमेष्ट्री, इलेक्ट्रोनिक्स, इलेक्ट्रीकल तथा सिभिल प्रयोगशाला सम्बन्धी सामान तथा मर्मत (१४) चमेना गृह संचालन सम्बन्धी कार्य (१५) विभिन्न परामर्श सम्बन्धी सेवा

दरखास्तसाथ पेश गर्नुपर्ने कागजातः-

१. (क) फर्म दर्ता प्रमाणपत्रको छायाँप्रति (ख) स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको छायाँप्रति (मूल्य अभिवृद्धि करमा दर्ता हुन नपर्नेको हकमा सोको आधिकारिक कागजातको छायाँप्रति) (ग) आर्थिक वर्ष २०७२/०७३ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

माथि उल्लेखित सामान, सेवा, मर्मत आदि प्रत्येक विषयगत छुट्टा छुट्टै दरखास्त दर्ता गराउनुपर्नेछ । रीत नपुगी र म्याद नाघि आएको निवेदनलाई मान्यता दिइने छैन । प्राप्त दरखास्तहरु स्वीकृत गर्ने नगर्ने अधिकार यस क्याम्पसमा सुरक्षित रहनेछ ।

क्याम्पस प्रमुख
फोन नं ०२१४६०६०७/४६०१०८

कर्जा चुक्ता गर्ने ३५ दिने अत्यन्त जरूरी सूचना

तपाई विगतमा विशालबजार कम्पनी काठमाडौंमा सटर नम्बर ३०१ मा पसल गरि बस्ने काठमाडौं -१६ निवासी प्रकाश श्रेष्ठले यस नेत्रावती बचत तथा ऋण सहकारी संस्था लि.बाट मिति २०७०/०९/११ मा साक्षी मार्फत लिनुभएको ऋणको साँवाब्याज चुक्ता भुक्तान गर्न पटक पटक तारताकेता गर्दा पनि आजसम्म बुझाउन नल्याउनुभएको र आफ् वा साक्षी मार्फत पनि सम्पर्क राख्न समेत नआउनुभएकोले उक्त ऋण ब्याज समेत यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस संस्थाको खातामा जम्मा गर्न ल्याउनुहोला अन्यथा नियमानुसार कार्वाही गरिने व्यहोरा सूचित गरिन्छ ।

तपसिल

ऋणीको नामः प्रकाश श्रेष्ठ
साक्षीको विवरण
१. नामः सुनिता श्रेष्ठ (निजको श्रीमती) ठेगानाः काठमाडौं -१६
२. नामः खगनाथ नेपाल ठेगानाः मच्छेगाउँ, काठमाडौं, ९८४१४२१६२७

नेत्रावती बचत तथा ऋण सहकारी संस्था लि. च.न.पा.-९ मच्छेगाउँ, काठमाडौं
फोन नं.: ९८४१७११४९५

नेपाल सरकार
पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
पशु सेवा तालिम तथा प्रसार निर्देशनालय
हरिहरभवन, ललितपुर ।

सूची दर्ता गराउने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७४/०४/०३

यस निर्देशनालयलाई आ.व. २०७४/२०७५ का लागि तपशिल बमोजिमका मालसामानहरु तथा सेवा पटक पटक वा एकै पटक खरिद गर्नु पर्ने भएकोले ईच्छुक इजाजत प्राप्त व्यक्ति फर्म, कम्पनी वा संस्थाहरुबाट खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ अनुसार मौजुदा सूची (Standing List) तयार गर्नुपर्ने भएकोले फर्म तथा व्यवसाय दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि स्थायी लेखा नम्बर र मूल्यअभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०७२/०७३ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि वा सो अवधिको कर दाखिला विवरण सम्बन्धित आन्तरिक राजश्व कार्यालयबाट प्राप्त पत्रको प्रतिलिपि । नोटरी पब्लिकबाट प्रमाणित गराई निवेदन साथ रु. १०/- को टिकट टाँस गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा एक वा एकभन्दा बढी कार्यको छुट्टाछुट्टै सूची दर्ताका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिलः

१. मसलन्द, स्टेशनरी तथा कार्यालय सामान आपूर्ति सम्बन्धी कार्य,
२. विभिन्न छपाई सम्बन्धी कार्य,
३. सवारी साधन मर्मत कार्य र सवारी साधनको पार्टपूर्जा,
४. कम्प्यूटर, यू.पि.एस., प्रिन्टर, फोटोकपि मेशिन, फ्याक्स मेशिन र सो को पाट्र्स आपूर्ति तथा मर्मत र सेवा सम्बन्धी कार्य,
५. फर्निचर तथा फर्निसिङ्ग सामान आपूर्ति तथा सो को मर्मत सम्बन्धी कार्य,
६. विद्युतीकरण, विद्युतिय सामाग्री उपकरण आपूर्ति तथा मर्मत सम्बन्धी कार्य,
७. पिउने पानी आपूर्ति सम्बन्धी कार्य,
८. पत्रपत्रिका आपूर्ति सम्बन्धी कार्य,
९. निर्माण, मर्मत सम्भार तथा रङ्गरोगन सम्बन्धी कार्य,
१०. सूचना प्रकाशन/प्रसारण तथा पाठ्यक्रम, श्रव्यदृश्य सामग्री निर्माण र प्रशारण सम्बन्धी कार्य,
११. ईन्टरनेट, नेटवर्किङ्ग, सफ्टवेयर, GIS तथा कम्प्यूटर तालिम सम्बन्धी कार्य,
१२. पशु सेवा सम्बन्धी तालिमको प्रयोगशाला उपकरण आपूर्ति, जडान तथा मर्मत एवम् व्यवस्थापन सम्बन्धी कार्य,
१३. ईन्धन, अन्य ईन्धन प्रयोजनका सामाग्री आपूर्ति, मर्मत तथा जडान कार्य,
१४. आवश्यक मेशिनरी औजार सामाग्री जस्तैः क्यामेरा, प्रोजेक्टर, सोलार, AC/Gas Room Heater आदि आपूर्ति तथा मर्मत सेवा कार्य,
१५. टेलिफोन आपूर्ति, जडान, मर्मत सम्भार सम्बन्धी कार्य ।
१६. परामर्श सेवा तथा अन्य विविध कार्यका लागि ।

हार्दिक श्रद्धाञ्जली तथा समवेदना

जन्म : २०१३/४/१३
स्व. श्रीमती दिलमाया थापा
स्वर्गारोहण : २०७४/०३/२३

हाम्रा सहकर्मी मित्र तथा, ब्लुबर्ड एजुकेसन नेटवर्क ललितपुरका संचालक ठंक थापाको पुजनियमाता श्रीमती दिलमाया थापाको असामयिक निधनले हामी अत्यन्त मर्माहत भएका छौं । उहाँको निधन भएको १३ औं दिनको पुण्य तिथिमा उहाँले मानव समाजलाई दिनुभएको योगदान हाम्रा लागि सदैव अविष्मरणीय र प्रेरणादायी रहने कुराको स्मरण गर्दै स्वर्गवासी आत्माको चिरशान्तिको कामनाका साथ हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । यस दुःखद् घडीमा धैर्यधारण गर्ने शक्ति मिलोस् भनी भगवानसँग प्रार्थना गर्दै शोकाकुल परिवारजन, आफन्त तथा इष्टमित्र प्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

ब्लुबर्ड एजुकेसन नेटवर्क
ब्लुबर्ड कलेज
ब्लुबर्ड माध्यमिक विद्यालय,
कुमारीपाटी, ललितपुर
प्रज्ञा अङ्ग्रेजी माध्यमिक विद्यालय,
नरेफाँट, कोटेश्वर, काठमाडौं

विश्व

कीर्तिमान

फिनल्यान्डमा कीर्तिमानका लागि बरफ पग्लेर बगेको पानीमा नाङ्गै नुहान कुदेका सयौं पौडीवाज। पूर्वी फिनल्यान्डमा एक साङ्गीतिक उत्सवका क्रममा शनिबार ७ सय ८९ जनाले बिना कपडा उक्त पौडीमा भाग लिएका थिए।

धन्यवाद

शिशु जस्टिन ट्रुडोलाई बोक्दै क्यानडाका प्रधानमन्त्री जस्टिन ट्रुडो। सिरियाली शरणार्थीले प्रधानमन्त्री ट्रुडोलाई धन्यवाद दिन आफ्नो सन्तानको नाम जस्टिन ट्रुडो राखेका थिए। क्यानडाले दुईवर्षमा ४० हजारभन्दा धेरै सिरियाली शरणार्थीलाई सरण दिएको छ।

2017, JULY
Tuesday
18

विश्व २ मिनेट

इरान

ग्राप्तचरलाई जेल सजाय

तेहरान, (एजेन्सी)

इरानमा एक अमेरिकी नागरिकलाई जासुसीको आरोपमा १० वर्षको जेल सजाय सुनाइएको अधिकारीहरूले बताए। ती जासुसको पहिचान चिनियाँ-अमेरिकी नागरिक सियु वाङका रूपमा गरिएको छ। ३७ वर्षीय सियु अमेरिकी प्रिन्सटन युनिभर्सिटीमा शोध गरिरहेका थिए। वाङलाई गतवर्ष अगस्टमा इरान छोडेर जाने प्रयास गरिरहँदा पक्राउ गरिएको थियो। अमेरिकी नागरिकलाई दिइएको सजायको घोषणा सरकारी टेलिभिजनमा गरिएको थियो। उनीमाथि अमेरिका र बेलायती संस्थाका लागि गोप्य जानकारी हासिल गर्ने प्रयास गरेको आरोप लगाइएको थियो।

भारत

दुर्घटनामा १६ को मृत्यु

श्रीनगर, (एजेन्सी)

भारत प्रशासित काश्मिरको रामवन जिलामा एक बस गहिरो भिरबाट खस्दा कम्तीमा १६ जनाको ज्यान गएको जनाइएको छ। दुर्घटनामा परेको बसमा अमरनाथ यात्राका लागि गइरहेको यात्रु रहेको पीटीआई समाचार एजेन्सीले जनाएको छ। जम्मु काश्मिर श्रीनगर राष्ट्रिय राजमार्गमा आइतबार भएको उक्त दुर्घटनामा ३० भन्दा धेरै घाइते भएको र धेरैको अवस्था गम्भीर रहेको जनाइएको छ। घाइतेहरू नजिकको अस्पतालमा भर्ना गरिएका छन्। प्रधानमन्त्री नरेन्द्र मोदीले एक ट्विटमार्फत शोक र समवेदना व्यक्त गरेका छन्।

चीन

छुरा आक्रमण

साङ्घाई, (एजेन्सी)

दक्षिणी चिनियाँ शहर सेन्झेनको वाल-मार्ट सुपर मार्केटमा एकजना छुरा बोकेका पुरुषले आक्रमण गर्दा कम्तीमा दुईजनाको ज्यान जानुका साथै अन्य नौ जना घाइते भएको स्थानीय प्रहरीलाई उद्धृत गर्दै सरकारी समाचार निकाय सिन्हवाले सोमबार जनाएको छ। आइतबार साँझ भएको सो घटनामा घाइते भएकाहरूको अस्पतालमा उपचार भइरहेको छ। जियाङ नाम ती आक्रमणकारीलाई नियन्त्रणमा लिएर प्रहरीले अनुसन्धान गरिरहेको छ। चीनमा अन्य मुलुकका तुलनामा हिंसात्मक घटनाहरु कमै हुने गरेको छ। तर केही वर्षयता छुरा र बन्चरोले आक्रमण गर्ने घटना बढ्दै गइरहेको छ।

संयुक्त अरब इमिरेट्स

आरोप अस्वीकार

अबुधावी, (एजेन्सी)

संयुक्त अरब इमिरेटस (यूएई)ले गत मे महिनामा कतारको सरकारी समाचार निकाय ह्याक गरेको भनी आफूमाथि लगाइएको आरोप सोमबार अस्वीकार गरेको छ। अमेरिकी गुप्तचर अधिकारीलाई उद्धृत गर्दै दि वासिङ्टन पोस्टले कतारका अमिरको आपत्तिजनक भनाइहरु पोस्टिङ गर्नुपछाडि यूएईको हात रहेको जनाएको छ। तर कतारका अमिरले त्यतिबेला नै आफ्ना बारे सार्वजनिक भएका समाचार बढाईचढाई गरिएको बताएका थिए। उक्त घटनाका कारण कतार र त्यसका छिमेकी राष्ट्रहरूबीचको कूटनीतिक सम्बन्ध प्रभावित हुन पुगेको थियो।

फ्रान्समा मारिएका यहुदीको स्मरणमा नेतान्याहु पेरिसमा

पेरिस, (एजेन्सी)

सन् १९४२ मा नाजीको कब्जामा गएको फ्रान्समा यहुदीहरूलाई सामूहिक गिरफ्तारीको स्मरणमा आयोजित एक समारोहमा भाग लिन इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहु पेरिस पुगेका छन्।

त्यसबेला १३ हजारभन्दा धेरै यहुदीलाई घेराबन्दी गर्दै वेलोड्रोम डिभायर स्टेडियममा राखिएको थियो। त्यसपछि उनीहरूलाई नाजीहरूको यातना शिविरमा लगिएको थियो।

फ्रान्सेली राष्ट्रपति इम्यानुएल म्याक्रोंसँग नेतान्याहुको यो पहिलो भेटवार्ता हो। वेलोड्रोम डिभायरमा आयोजित उक्त समारोहमा भाग लिने उनी पहिलो इजरायली प्रधानमन्त्री पनि हुन्। पेरिसमा आयोजित उक्त कार्यक्रममा उनले भने- 'म यहाँ नरसंहारमा ज्यान गुमाउनेहरूका लागि शोक प्रकट गर्न आएको हुँ।'

समारोहमा उनलाई सुन्न आउनेहरूमा यहुदी समुदाय र नरसंहारमा जीवित बच्न सफल व्यक्तिहरू थिए। उनले भने- '७५ वर्ष पहिले त यो शहरमा गहिरो अन्धकार छाएको थियो। फ्रान्सिसी क्रान्तिको मूल्य समानता, भाइचारा, स्वतन्त्रतालाई स्वतन्त्रता विरोधी शक्तिले आफ्नो जुत्तामुनि कुल्चेको हो कि भन्ने लाग्न थालेको थियो।'

उनले नाजी कब्जाका क्रममा फ्रान्समा यहुदीहरूलाई बचाउनका लागि आफ्नो ज्यान जोखिममा पारेका र आधुनिक समाजमा टाउको उठाएका 'पृथकतावादी शक्ति'लाई चेतावनी दिएका ती 'महान् तथा महानतम व्यक्तिहरू'को स्मरण गरे।

सन् १९४२ जुलाई १६ र १७ मा फ्रान्सका प्रहरीले १३ हजारभन्दा धेरै यहुदीलाई पक्राउ गरेका थिए। पक्राउ परेकामा करिब ४ हजार बच्चा थिए।

ती परिवारलाई आइफल टावरनजिकको वेलोड्रोम डिभायर साइक्लिङ स्टेडियम र राजधानीबाहिरको एउटा नजरबन्दी शिविरमा राखिएको थियो। त्यसपछि यिनीहरूमध्ये धेरैलाई रेलबाट आस्वित्ज यातना शिविरमा लगिएको थियो। यो यात्रापछि उनीहरूमध्ये १ सयभन्दा कममात्र बच्न सफल भएका थिए।

फ्रान्स यो घटनालाई लिएर सधैं विवादमा रहेको छ। म्याक्रोंको प्रत्यासी भएर चुनाव लडेका दक्षिण पन्थी नेता मेरी ल पेनले अप्रिल ९ मा उक्त त्रासदीका लागि फ्रान्स जिम्मेवार नभएको बताएकी थिइन्।

तर शनिबार आयोजित उक्त कार्यक्रममा फ्रान्सका राष्ट्रपति इम्यानुयल म्याक्रोंले फ्रान्सले नै उक्त सामूहिक गिरफ्तारी गरेको र कैदीहरूलाई अर्को स्थानमा लगेको स्वीकार गरे। सोही क्रममा १३ हजार १ सय ५२ यहुदीको मृत्यु भएको थियो।

उनले भने- 'यसमा एकजना पनि जर्मन नागरिक संलग्न थिएनन्।' उक्त कार्यक्रमपछि नेतान्याहु र म्याक्रों प्रत्यक्ष वार्ताका लागि भेटेका थिए। उनीहरूले सुरक्षा र कट्टरपन्थीविरुद्धको लडाइँजस्ता मुद्दामा चर्चा गरेका थिए।

यसअघि नेतान्याहु सन् २०१५ जनवरीमा फ्रान्स आएका थिए। उनी व्यङ्ग्य पत्रिका सार्ली हेब्डो, प्रहरी अधिकारी र कोसर सुपरमार्केटमा भएको हमलालाई लिएर आयोजित एकता मार्चमा सहभागी भएका थिए।

आइतबार नेतान्याहुले दुई देशबीच अधिक सहयोग हेर्न चाहेको बताउँदै इरानी शासनका बारेमा चिन्ता व्यक्त गरे। एक संयुक्त पत्रकार सम्मेलनमा म्याक्रोंले आफूलाई पश्चिमी देश र इरानबीच सन् २०१५ मा भएको परमाणु सम्झौताका बारेमा जानकारी भएको र त्यसप्रति आफू सतर्क रहेको आश्वासन दिए।

म्याक्रोंले इजरायल र प्यालेस्टिनी क्षेत्रबीच शान्तिवार्ता बहाल गर्न अपिल गर्दै फ्रान्सले 'दुई राष्ट्र सिद्धान्त'को समर्थन गरेको र प्यालिस्टिनीको अधीनस्थ इलाकामा इजरायल आवास निर्माणको विरोध रहेको बताए।

राष्ट्रपति म्याक्रोंले यो महिनाको शुरुवातमा पेरिसमा प्यालेस्टिनी नेता महमुद अब्बाससँग पनि भेटवार्ता गरेका थिए।

शरणार्थी युवतीको विमानबाट एकल विश्वयात्रा

न्युयोर्क, (एजेन्सी)

अफगान शरणार्थीको रुपमा अमेरिकामा जन्मेकी २९ वर्षीया साएस्ता वाइज नामक महिलाले एक्लैले विमान चलाएर विश्व भ्रमण गर्ने निर्णय गरेकी छिन्। उनले अन्य महिलाहरुलाई पनि प्रेरणा दिने उद्देश्यले आफूले यस्तो साहसिक कार्य गर्न लागेको बताएकी छिन्।

हाल अमेरिकामा बसोबास गर्दै आइरहेकी उनी एउटा मात्र इन्जिनयुक्त सानो विमान उडाएर हालसालै अफगानिस्तानको राजधानी काबुल आइपुगेकी छिन्। वाइजले आफूलाई अफगानिस्तानमा फर्कन पाउँदा निकै रोमाञ्चक महसुस भइरहेको पत्रकारहरुलाई बताएकी छिन्।

उनी झन्डै २९ वर्षपछि आफैले विमान चलाएर अफगानिस्तान पुगेकी हुन्। वेब साइटमा राखिएको उनको जीवनीअनुसार एउटा शरणार्थी शिविरमा जन्मेकी उनी सन् १९८७ मा सोभियत-अफगान युद्धबाट बच्न परिवारसहित अमेरिका पुगेकी थिइन्।

उनले आफू अमेरिकाको क्यालिफोर्नियाको सुविधाबाट वञ्चित क्षेत्र रिचमन्डमा हुर्केको बताएकी छिन्। कलेज गएर क्यारियरको बारे सोच्न थाल्दासम्म पनि आफूले उड्डयन क्षेत्रमा हात नहालेको उनले बताएकी छिन्।

काबुलमा आयोजित पत्रकार सम्मेलनमा उनले भनेकी छिन्- 'सानी छँदा मैले कलेजसम्म पढ्ने अनि कलिलै उमेरमा घरजम गरेर बस्नेबारे सोचेकी थिएँ। तर आफ्नो विमान उडाउने शौखबारे जानकारी पाएपछि भने त्यो योजनाले काम गरेन।'

'ड्रिम्स सोर' नामक गैर आयमूलक संस्था खोलेकी उनले युवतीहरुलाई विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित विषयतर्फ प्रेरित गर्ने उद्देश्यले आफूले यसरी विमान चलाएर विश्व भ्रमण गर्न लागेको बताएकी छिन्।

कार्यालय सरेको सूचना

समावेशी प्रेरणा बहुउदेशीय सहकारी संस्था लि. को का.म.न.पा.-३ महाराजगंज बाट का.म.न.पा.-११ बबरमहलमा कार्यालय सरेको सूचना जानकारी गराइन्छ ।

सम्पर्क नं.०१-४२३३०९१

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
मध्यमाञ्चल क्षेत्रीय सडक निर्देशनालय
डिभिजन सडक कार्यालय, काठमाडौं १, मिनभवन

सूची दर्ता गर्ने सम्बन्धि सूचना

(मिति २०७४।०४।०३)

यस डिभिजनमा आ.व. ०७४।७५ का लागि निम्न अनुसारको कार्यहरु गर्न गराउन सार्वजनिक खरिद (पहिलो संशोधन) ऐन, २०७३ तथा सार्वजनिक खरीद (चौथो संशोधन) नियमावली, २०७३ को प्रावधान अनुसार छुट्टाछुट्टै मौजुदा सूची तयार गर्नु पर्ने भएकोले सम्बन्धित कार्य गर्न इजाजत प्राप्त इच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नविकृत इजाजत पत्र, आयकर र मू.अ.कर दर्ता प्रमाणपत्रहरु र आ.व. २०७२।७३ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि सहित आफूले गर्न चाहेको कारोवारको व्यहोरा उल्लेख गरी रु. १०/- को टिकट टांसी प्रत्येक कामको लागि छुट्टाछुट्टै निवेदन दर्ता गराउन हुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. मसलन्द तथा स्टेशनरी सामानहरु, छपाई, निर्माण सामाग्री, पिउने पानी, फर्निचर, फर्निसिङ्ग सामानहरु आपूर्ति, कम्प्यूटर, प्रिन्टर, फोटोकपि, ट्राफिक सिग्नल लगायत अन्य विद्युतीय सामानहरु, सवारीसाधन मर्मत तथा पार्टपूर्जा आदि आपूर्ति गर्ने सम्बन्धि कार्य
२. कन्सल्टेन्सी सर्भिसेज, ल्याव टेष्ट सम्बन्धि कार्य
३. सडक निर्माण तथा मर्मत सम्बन्धि कार्य
४. सूचना प्रकाशन सम्बन्धि कार्य ।

● सूचीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस डिभिजनमा निहित रहनेछ ।

डिभिजन प्रमुख

सरिफको राजनीतिक भविष्य जोडिएको मुद्दा शुरु

इस्लामावाद, (एजेन्सी)

पाकिस्तानको सर्वोच्च अदालतले सोमबार प्रधानमन्त्री नवाज सरिफको भविष्य फैसला गर्ने मुद्दाको सुनुवाइ प्रारम्भ गरेको छ। उनको परिवारको सम्पत्तिलाई लिएर भ्रष्टाचारको आरोपमा भइरहेको अनुसन्धानले उनको पदसमेत खतरामा पर्ने सक्ने सम्भावना रहेको छ।

सर्वोच्च अदालतले सरिफलाई भ्रष्टाचाको मुद्दा चलाई प्रधानमन्त्री पदका लागि अयोग्य घोषण गर्न सक्छ। तर गत साता एउटा अनुसन्धान टोलीले उनको पारिवारिक सम्पत्तिसम्बन्धी २ सय ५४ पृष्ठ लामो प्रतिवेदन बुझाएपछि केही राजनीतिक विश्लेषकहरुले न्यायाधीशहरुले उनको सो मुद्दा बर्खास्त गर्न सक्ने अनुमान लगाएका थिए।

तर सरिफले भने शुरूदेखि आफूले कुनै पनि गलत काम नगरेको बताउँदै आएका छन्। अनुसन्धानकर्ताहरुले उनको पारिवारिक सम्पत्ति सोचिएभन्दा बढी भएको र उनकी पुत्री मरयमलगायत अन्य सन्तानले लन्डनका फ्ल्याटहरुमा स्वामित्व लिनका लागि जाली दस्तावेजहरुमा हस्ताक्षर गरेको आरोप लगाएका छन्।

सर्वोच्च अदालतबाहिर सुचना मन्त्री मरया औरंगजेबले सरिफका वकिलहरुले अनुसन्धानकर्ताहरुले पत्ता लगाएका कुराहरुको वैधानिकतामाथि नै चुनौती दिएको तथा उनी विरुद्ध झुठा प्रमाणहरु पेस गरिएको बताएका छन्।

एक नामुद उद्योगपतिका छोरा ६७ वर्षीय सरिफ तेस्रो पटक प्रधानमन्त्री बनेका हुन्। उनको पाकिस्तानी राजनीतिमा ठूलै महत्व राख्ने सेनासँग भने समुधुर सम्बन्ध छैन।

सरिफले आफूविरुद्ध षड्यन्त्र भइरहेको बताउँदै आफूलाई अपदस्थ गराउन सेना र न्यायालय लागिपरेको बताएका छन्। तर सैनिक प्रवक्ताले यस भ्रष्टाचार अनुसन्धानपछाडि सेनाको हात छ भन्ने आरोप सत्य नभएको बताएका छन्।

विपक्षी राजनीतिक नेता इमरान खानले सरिफमाथि अनुसन्धान गराउन व्यापक दबाब दिएका थिए। उनले सरिफको बाँकी जीवन कारगारमा बिल्ने भविष्यवाणी गरेका छन्। उनले यदि अदालतले सरिफलाई अपदस्थ नगरेको खण्डमा त्यसका लागि विरोध प्रदर्शन गर्ने प्रतिबद्धता जाहेर गरेका छन्।

२०७४, साउन
मंगलबार
३

{ बैठकमा नेताहरुले स्थानीय निर्वाचनमा अपेक्षित सफलता हासिल नभए पनि अधिकांश जिल्लामा २०७० सालको तुलनामा मतसंख्या बढेको, ९० भन्दा बढी स्थानमा पार्टीले दोस्रो हैसियत प्राप्त गरेको र कतिपय स्थानमा अत्यन्तै झीनो मतान्तरले पराजित हुनुपरेको रिपोर्टिङ गर्नुभएको थियो।

नेपाल

आर्थिक चलखेल पराजयको कारण : माओवादी केन्द्र

नेपाल समाचारपत्र

काठमाडौं

आइतबारबाट शुरू भएको नेकपा माओवादी केन्द्रको केन्द्रीय सचिवालय बैठकमा सातवटै प्रदेशका इन्चार्जहरूले स्थानीय तह निर्वाचनको चुनावी रिपोर्ट प्रस्तुत गर्नुभएको छ।

केन्द्रीय कार्यालय कोटेश्वरमा जारी बैठकमा प्रदेशका इन्चार्जहरूले चुनावी रिपोर्ट प्रस्तुत गर्नुभएको थियो। बैठकमा प्रदेश नम्बर १ बाट सावित्रीकुमार काफ्ले, प्रदेश नम्बर ३ बाट हितमान शाक्य, प्रदेश नम्बर ४ बाट देव गुरुङ, प्रदेश नम्बर ५ बाट वर्षामान पुन, प्रदेश नम्बर ६ बाट शक्तिबहादुर बस्नेत र प्रदेश नम्बर ७ बाट लेखराज भट्टले चुनावी रिपोर्ट प्रस्तुत गर्नुभएको थियो भने स्थानीय तहको निर्वाचन सम्पन्न हुन बाँकी प्रदेश नम्बर २ बाट इन्चार्ज मातृका यादवले राजनीतिक तथा संगठनात्मक अवस्थितिबारे रिपोर्ट गर्नुभएको थियो। रिपोर्ट प्रस्तुत गर्दै नेताहरूले स्थानीय तहको निर्वाचनमा अपेक्षित सफलता प्राप्त हुन नसकेको र त्यसमा पार्टीको संगठनात्मक व्यवस्थापन नै मुख्य समस्या रहेको रिपोर्ट प्रस्तुत गर्नुभएको थियो।

स्थानीय तह निर्वाचनमा अनुभवको कमी, निर्वाचनको पूर्वतयारीको कमी, पार्टी एकताको भाव तलसम्म सम्प्रेषण गर्नमा ढिलाइ, नेता-कार्यकर्ताको जनस्तरमा कमजोर सम्बन्ध, आर्थिक चलखेलजस्ता कारण निर्वाचनमा अपेक्षित सफलता हासिल नभएको नेताहरूले रिपोर्टिङ गर्नुभएको थियो। बैठकमा नेताहरूले स्थानीय निर्वाचनमा अपेक्षित सफलता हासिल नभए पनि अधिकांश जिल्लामा २०७० सालको तुलनामा मतसंख्या बढेको, ९० भन्दा बढी स्थानमा पार्टीले दोस्रो हैसियत प्राप्त गरेको र कतिपय स्थानमा अत्यन्तै झिनो मतान्तरले पराजित हुनुपरेको रिपोर्टिङ गर्नुभएको थियो।

बैठकको प्रारम्भ गर्दै पार्टी अध्यक्ष प्रचण्डले पार्टी पुनर्निर्माणको ऐतिहासिक आवश्यकतामा जोड दिँदै सचिवालय बैठक त्यसको प्रस्थानबिन्दु भएको बताउनुभयो।

अध्यक्ष प्रचण्डले विचार र एजेन्डामा अहिले पनि राजनीति माओवादीकै वरिपरि रहेको तर त्यसअनुरूप संगठनात्मक तयारी र व्यवस्थापन नहुँदा परिणाममा अपेक्षित सफलता हासिल गर्न नसकिएको बताउँदै जनस्तरसम्म जरा गाडेको पार्टी निर्माण अहिलेको मुख्य चुनौती भएकोमा जोड दिनुभएको थियो।

स्थानीय तह निर्वाचनको समीक्षा, तेस्रो चरणको स्थानीय तह निर्वाचन, प्रादेशिक र केन्द्रीय निर्वाचनको तयारी र पार्टीको संगठनात्मक निर्णयका लागि बोलाइएको बैठकमा मंगलबारदेखि जिल्ला इन्चार्जहरूले रिपोर्टिङ गर्ने कार्यसूची रहेको छ।

पत्रकारसहित ६ युवा सम्मानित

काभ्रे, (नेस)

विभिन्न क्षेत्रमा क्रियाशील युवालाई सम्मान गर्दै पेसा तथा व्यवसायमा थप सक्रिय हुने प्रेरणा प्रदान गरिएको छ। पेसा तथा व्यवसायमा संलग्न भएकाहरूमध्ये खुला विज्ञापनबाट माग गरिएका आवेदकहरूमध्येबाट ६ जनालाई नगदसहित सम्मान गरिएको हो।

जिल्ला युवा समितिको कार्यालय काभ्रेले ६ जना युवालाई सम्मान गरेको हो। जिल्ला स्तरीय युवा प्रतिभा तथा युवा उद्यमीको खोजी गरी विभिन्न विधामा युवाहरूको कार्यलाई थप प्रोत्साहन दिन उक्त कार्यक्रम आयोजना गरिएको जिल्ला अध्यक्ष विपीन लामाले बताए।

सूचना तथा सञ्चार विधाबाट सगरमाथा टेलिभिजनका पत्रकार रामसुन्दर आचार्य, लेखन विधामा घायल योद्धा नवराज ढकाल, समाज सेवामा चण्डिका वाग्ले, युवा उद्यमी श्रीकृष्ण धिताल, नारायण खकुरेल र सुमित्रा श्रेष्ठ सम्मानित भएका छन्।

युवाहरूलाई राष्ट्रिय युवा परिषद्का केन्द्रीय कार्यकारी उपाध्यक्ष माधव ढुंगेलले सम्मान गरेका थिए। युवा प्रतिभा तथा युवा उद्यमी सम्मान कार्यक्रममा बोल्दै ढुंगेलले स्वदेशको जनशक्तिलाई परिचालन गर्न सके मात्रै देशले काँचुली फेर्न सक्ने बताए।

विदेशमा रोजगारमा गएका युवाहरूलाई नीतिगत ढंगमा परिचालन गर्न नसक्नु र रेमिट्यान्सले नै देश सधैं चल्नेछ, सधैं विकास हुनेछ भन्ने संकीर्ण विचार राख्नु नै गलत भएको उनले बताए। स्थानीय अधिकारी को मलप्रसाद धमलाले अबको युग व्यावसायिकता उद्यमीशिलतातिर भएकाले युवाहरूलाई त्यतातर्फ लगाउन व्यावसायिक प्रणालीमा जोड दिनुपर्ने बताए।

जिल्ला युवा समितिका अध्यक्ष विपीन लामाले युवा भावनाहरूलाई राज्यले सम्मानको दृष्टिले हेर्न सके मात्रै थोरैबाट धेरै युवा सहभागिता हुने बताए।

बन्ने भयो स्वास्थ्य केन्द्र

सल्यान, (नेस)

सल्यानको पश्चिममा रहेको बन्गाडकुपिण्डे नगरपालिका-७ मा पर्ने ढोरपीपलमा समामुदायिक स्वास्थ्य सेवा केन्द्र बन्ने भएको छ।

साविकका-३ गाविस तथा अहिलेको ७, ८ र ११ को मध्यभागमा पर्ने ढोरपीपलमा कार्यालय व्यवस्थापनका लागि २ लाख ५० हजार प्राप्त भएको र प्रक्रिया अघि बढेको केन्द्रका अध्यक्ष दीपककुमार यरीले जानकारी दिएका छन्। साविकका माझकाँडा, घाँजरी र कुपिण्डे गाविसको मध्यभागमा पर्ने उक्त स्थानमा स्वास्थ्यकेन्द्र आसपासका ग्रामीण क्षेत्रका सेवाग्राही लाभान्वित हुनेछन्। नगरपालिका क्षेत्रमा परे पनि आर्थिक, सामाजिक र सांस्कृतिक रूपमा पछाडि परेको उक्त क्षेत्रमा स्वास्थ्य केन्द्र बने स्थानीयबासीलाई खलंगा, सल्ली जाने बाध्यता हट्नेछ।

काठमाडौं जिल्ला अदालतबाट जारी भएको इतलायनामा म्याद सूचना

मुद्दा नं. ०७३-PC-३५१४, फाँट नं. -१२

काठमाडौं जिल्ला अदालतबाट जारी भएको कोमल नाथ सिग्देलकी छोरी राज कुमार गौतमकी श्रीमती काठमाडौं महानगरपालिका वडा नं. ३५ बस्ने वर्ष ४३ की शान्ति सिग्देल गौतमका नामको इतलायनामा म्याद । मो. नं. ९८६७६८०२०६

उप्रान्त वादी काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३५ बस्ने राजकुमार गौतम र प्रतिवादी तपाई भएको सम्बन्ध विच्छेद मुद्दामा २०७४/०३/२७ को आदेशानुसार तपाईका नामको म्याद काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३५ को वतनमा पठाउँदा समेत फेला नपरेको भनी म्याद बेपत्ते भई रित पुर्वक तामेल हुन नसकेको र उक्त म्याद बदर भएको हुँदा जिल्ला अदालत नियमावली २०५२ को नियम २२ क बमोजिम यो ३० दिने सूचना म्याद प्रकाशित गरिएको छ । यो सूचना म्याद प्रकाशित भएका मितिले बाटाका म्याद बाहेक ३० दिन भित्र आफै वा वारेश मार्फत प्रतिउत्तर पत्र लिई आउनुहोला । कानूनका म्याद भित्र आफै वा वारेश पनि मुकरर गरी पठाउनु भएन भने कानून बमोजिम हुनेछ । पछी तपाईको कुनै उजुर बाजुर लाग्ने छैन । ईति सम्वत २०७४ साल आषाढ महिना २७ गते रोज ३ शुभम.....।

बालविवाहको वृद्धिदर ६२ प्रतिशत

सल्यान, (नेस)

विवाह गर्ने वा नगर्ने भन्ने विषय प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो। मानवअधिकारको दृष्टिकोणबाट आफूले रोजेको व्यक्तिसँग विवाह गर्न पाउने र आफ्नो भविष्यको मार्गचित्र तय गर्ने प्रत्येक नागरिकको हकअधिकार सुनिश्चित हुनुपर्दछ। यसका लागि प्राय: सबै मुलुकहरूले विवाहका लागि न्यूनतम उमेर तोकेका हुन्छन्। नेपालको मुलुकी ऐनमा विवाहका लागि कानुनी उमेर २० वर्ष तोकिएको छ। तर यस जिल्लामा बालविवाह गर्नेको संख्यामा वृद्धि भइरहेको छ।

गत आर्थिक वर्ष २०७३/०७४ मा ९४ वटा सम्बन्ध विच्छेदका मुद्दा दर्ता भएका छन्। जसमा १७ थान सम्बन्ध विच्छेदका मुद्दा २० वर्षमुनिका रहेको जिल्ला अदालत सल्यानले जनाएको छ। जिल्लामा बालविवाह गर्नेको संख्या दिनानुदिन बढ्दै गए पनि यस सम्बन्धीका मुद्दा अदालत वा प्रहरीसम्म आउन सकेका छैनन्।

गत आर्थिक वर्षमा एक थान मुद्दा मात्र बालविवाह बदरको आएको र सो मुद्दाको फैसला पनि भइसकेको जिल्ला अदालतका श्रेस्तेदार गणेशकुमार गौतमले जानकारी दिनुभयो। विगत ९ वर्ष यता हेर्ने हो भने बालविवाहको दर ४६.८ प्रतिशत रहेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो- '२०६७ बाट २०७३ सम्म आइपुग्दा बालविवाहको वृद्धिदर ६२ दशमलव २ प्रतिशत रहेको देखिन्छ। जसबाट १२.३ प्रतिशत बालबालिका पीडित भएका छन्।'

अशिक्षा र चेतनाको कमी, सामाजिक परिवेश, सञ्चार जगत्ले पारेको दुष्प्रभाव, गरिबी बेरोजगारी, कानुनको अज्ञानतालगायतकका कारण देखाउँदै उहाँले यसकारण बालविवाह बढी रहेको दाबी गर्नुभयो। जिल्लामा बालविवाह एकदमै खतरनाक रूपमा वृद्धि भइरहेकोमा चिन्ता व्यक्त गर्दै उहाँले यसलाई समयमा नै न्यूनीकरण गर्नुपर्नेमा सबै लाग्नुपर्नेमा जोड दिनुभएको छ।

उहाँले बालविवाह समाजको हितविपरीत भएको र समाजलाई दीर्घकालीन रूपमा असर पार्ने भएकाले बालविवाह गरेको थाहा पाएमा जोकोहीले पनि नजिकैको प्रहरी कार्यालयमा विवाह बदर गरी पाऊँ भनी जाहेरी दिनसमेत उहाँले सबैमा आग्रह गर्नुभयो।

नेपालमा बालबालिकाको क्षेत्रमा काम गर्ने संघसंस्थाहरू जुन रूपमा सक्रिय हुनुपर्ने थियो त्यो रूपमा काम नभएको भन्दै उहाँले अब यस विषयमा एकदमै सक्रिय हुन जरुरी रहेको बताउनुभयो। बालविवाह न्यूनीकरण गर्न हामी सबै सचेत हुनुपर्ने भन्दै उहाँले कानुनविपरीत भइरहेका यस्ता घटनाका दोषी पीडित र पीडक मात्रै नभई समाजमा रहेका सबैको उत्तिकै जिम्मेवारी रहेको बताउनुभएको थियो।

नेपालको संवैधानिक इतिहासमा हालै मात्र जारी भएको नेपालको संविधानले बालविवाहलाई पहिलोपटक बालअधिकार हननको विषयका रूपमा उल्लेख गरी दण्डनीय अपराधका रूपमा स्वीकार गरेको उहाँले जानकारी दिनुभयो।

द्वन्द्वपीडितको ७६ लाख फ्रिज

हेटौंडा, (नेस)

सरकारले द्वन्द्वपीडितलाई राहतस्वरूप पठाएको ठूलो रकम फ्रिज भएको छ।

शेरबहादुर देउवा नेतृत्वको सरकारले आव २०७३/०७४ को अन्तिम समयमा मात्र छुट्याएको रकम वितरण गर्ने समय आर्थिक वर्ष सकिएसँगै समाप्त भएर फ्रिज भएको हो। पीडितले समयमै सूचना नपाउँदा रकम फ्रिज भएको हो।

सूचना अभावले पीडितले जानकारी पाउन नसकेका हुन्। सरकारले सूचना प्रवाह गर्ने व्यवस्था मिलाएन। घरघरै पुगेर भन्नसक्ने अवस्था छैन। गाउँमा पुग्न समस्या हुने गरेको छ। खेतीपातीको समय परेकाले पनि पीडितहरू सदरमुकाम आउन पाएनन्। पीडितले सरकारले केही वास्ता नगर्दा दिक्क मानिरहेका थिए।

सरकारले मकवानपुरमा ७ करोड ६१ पठाएको थियो। १ सय ३५ द्वन्द्वपीडितका लागि असारसम्ममा रकम बाँड्न परिपत्र आए पनि आर्थिक वर्ष २०७४/०७५ को कारोबार शुरू भएपछि रकम फ्रिज भएको हो।

प्रशासनका लेखा अधिकृत अर्जुनप्रसाद ढकालका अनुसार ६ जना पीडितले रकम लिन नआएपछि ७६ लाख ७५ हजार रुपियाँ फ्रिज भएको छ।

उनका अनुसार १ सय ४ जना विस्थापितलाई प्रतिव्यक्ति २५ हजारका दरले ४८ लाख ७५ हजार वितरण गरिएको छ।

मृतक तथा बेपत्ता परिवारका लागि सरकारले उपलब्ध गराएको रकममध्ये सेना/प्रहरीका परिवारसहित १ सय ३२ जनाले ६ करोड ११ लाख लगेका छन्।

सरकारले आर्थिक सहायता निकासा गर्ने निर्णय गरेसँगै शान्ति मन्त्रालयअन्तर्गत राहत तथा पुन:स्थापना एकाइले जिल्ला प्रशासनमा रकमसहित अख्तियारी पाएपछि असार पहिलो सातादेखि रकम वितरण शुरू गरिएको प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद शर्मा दुवाडीले जानकारी दिए।

सरकारले पीडितका लागि १० लाख दिने भए पनि एकमुष्ट रकम पाउन भने सकेका छैनन्। सरकारले रकम छुट्याएअनुसार प्रशासनले यसपटक जिल्लाका सबै पीडितलाई १० लाखका दरले रकम चुक्ता गरेको छ।

शिवराज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चन्द्रौटा, कपिलवस्तु
५ नं. प्रदेश, नेपाल

आन्तरिक आय संकलन सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकासित मिति २०७४।४।०३

शिवराज नगरपालिका नगर कार्यपालिकाको कार्यालय कपिलवस्तुको मिति २०७४।०३।२८ को निर्णय बमोजिम तपसीलमा उल्लेखित आय शिर्षकहरुमा निम्न अनुसारको न्यूनतम ठेक्का अंकमा नघटने गरी आ.व.०७४।०७५ को लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुंदा इच्छुक दर्तावाला फर्म/व्यक्तिहरुबाट आफूले लिन चाहेको ठेक्काको दरभाउपत्र फाराम दस्तुर फिर्ता नहुने गरी तपसीलमा उल्लेखित भएको म्यादभित्र दरभाउपत्र खरिद गरी आफूले कबोल गरेको ठेक्का अंकको ५ प्रतिशतका दरले हुने रकम र गैर नेपाली नागरिक भए आफुले कबोल गरेको ठेक्का अंकको १० प्रतिशतका दरले हुन आउने रकम नगदै यस नगरपालिकाको नेपाल बैंक लिमिटेड चन्द्रौटा स्थित ग.३ धरौटी खाता नं २२८०३०००००००३०००००१ मा जम्मा गरेको सक्कलै भौचर वा १२० दिन सम्म म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी गरिएको बैंक जमानत दरभाउपत्र साथ राखी निर्दिष्ट स्थानमा दरभाउपत्रको सहीछाप गरी सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकासित गरिएको छ ।

शर्तहरु:

१. दरभाउपत्र फारम र शर्तहरुको सूची यस कार्यालयको राजश्व शाखा बाट तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने छ ।
२. यस नगर क्षेत्र भित्र स्थाई ठेगाना भएका दरभाउपत्रहरुले अनिवार्य रुपमा नगरपालिकामा व्यवसाय दर्ताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने छ ।
३. दरभाउपत्र प्रथम पटक सूचना प्रकासित भएको मितिले १५ औ दिन सम्म कार्यालय समय भित्र र उक्त दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र यस कार्यालयको राजश्व शाखाबाट खरिद गर्न सकिने छ ।
४. दरभाउपत्र १६ औ दिनको १२:०० बजे भित्र तथा उक्त दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र यस न.पा.कार्यालयमा दरभाउपत्र दर्ता गर्न सकिनेछ । दर्ता भएकै दिनको २.०० बजे बोलपत्र दरभाउपत्र वा निजको प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । दरभाउपत्र दाता वा निजहरुको प्रतिनिधी उपस्थित नभएता पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
५. कार्यालयबाट बिकी नभएको , दरभाउपत्रको दस्तखत नभएको र शर्त राखि पेश भएको दरभाउपत्र मान्य हुने छैन ।
६. रीत नपुगी वा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।
७. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।
८. व्यक्तिको हकमा टेण्डर स्वीकृत भए पछि सम्झौता गर्न आउदा मूल्य अभिबृद्धि करमा दर्ता गरेको प्रमाण पेश गर्नुपर्ने छ ।
९. कबूल रकम एकमुष्ठ बुझाएमा १० (दस) प्रतिशत छुट दिइने छ ।
१०. यसमा नपरेको अन्य कुराहरु प्रचलित ऐन, नियम अनुसार हुनेछ ।
११. यस सम्बन्धमा अन्य थप केही कुरा बुझ्नु परेमा यस कार्यालयको राजश्व शाखामा सम्पर्क गर्न सकिने छ ।

तपसिल

क्र.सं	नाम	ठेगाना	कार्यालयको न्यूनतम अंक	अवधि	बोलपत्र फाराम दस्तुर
१	चन्द्रौटा हाट बजार	शिवराज ६, चन्द्रौटा	१३,५०,०००	१ वर्ष	१०००.०
२.	हल्लानगर हाट बजार	शिवराज ११, चन्द्रौटा	१,००,०००	१ वर्ष	१०००.०
३	वडा नं. ५ र ६ को सिमाना समिति चोक उत्तरको जग्गामा चरिचरन वापत	शिवराज ५ र ६, चन्द्रौटा	२,००,०००	१ वर्ष	१०००.०
४	मोतीनगर पोखरी	शिवराज ७, मोतीनगर	१,५०,०००	५ वर्ष	१०००.०
५	डकहिया पोखरी	शिवराज ४, डकहिया	१,५०,०००	५ वर्ष	१०००.०
६	धर्मनगर पोखरी	शिवराज ८,धर्मनगर	१,२५,०००	५ वर्ष	१०००.०
७	सोनपुर ताल	शिवराज १, सोनपुर	३००,०००	५ वर्ष	१०००.०
८	विरपुर पोखरी	शिवराज ७, विरपुर	१२५,०००	५ वर्ष	१०००.०
९	विशुनपुर पोखरी मदरसा उत्तर तर्फको	शिवराज १२,विसुनपुर	१२५,०००	५ वर्ष	१०००.०
१०	चनई गाउँ पटाव बण्डा	शिवराज ४,क.व.	१५०,०००	५ वर्ष	१०००.०
११	भितरिया ताल	शिवराज २, क.व.	१७५,०००	५ वर्ष	१०००.०
१२	कटुवा ताल	शिवराज ३,क.व.	१२५,०००	५ वर्ष	१०००.०
१३	करहिया पोखरी	शिवराज ९,क.व.	१५०,०००	५ वर्ष	१०००.०
१४	दक्षिण रहटकोल उत्तर पोखरी	शिवराज १०, क.व.	१००,०००	५ वर्ष	१०००.०

कार्यकारी अधिकृत

प्रधानन्यायाधीशद्वारा...

आफ्ना व्यक्तिगत र ठूला योजना नभएको भन्दै प्रधानन्यायाधीश पराजुलीले व्यावहारिक र कार्यान्वयन योग्य कार्ययोजना अघि सारिएको दाबी गर्नुभयो। उहाँले भन्नुभयो- 'पद्धति र प्रणालीलाई भुलेर ठूलो उपलब्धि हासिल गर्न सकिँदैन।'

एक महिनाभित्र संवैधानिक इजलास गठन गरिसक्ने तथा अदालतमा रहेका कमीकमजोरी सुधारबारे विगतको अध्ययन प्रतिवेदन कार्यान्वयन गर्दै जाने उहाँले बताउनुभयो।

फास्ट...

सांसदहरूबाट आएको संशोधन प्रस्ताव अध्ययन गरी कति समेट्न सकिन्छ कति समेट्न सक्दैन भनेर अध्ययन गरेर तुरुन्तै सो विधेयक पारित गर्ने प्रक्रियामा लगिने पनि उपप्रधानमन्त्री गच्छदारले भन्नुभयो- 'एक साता, १० दिनभित्रमा विधेयकलाई पारित गर्नेछौं।'

संविधानबमोजिम शुरूमा क्रमश: संघ, प्रदेश र स्थानीय तहको निर्वाचन गराएको भए स्थानीय तह सञ्चालनमा यति जटिलता नआउने पनि उपप्रधानमन्त्री गच्छदारको भनाइ रहेको छ।

सरकारले विधेयक संसद्मा पेस गरेपछि सामान्यतया त्यसको सैद्धान्तिक छलफल, दफावार छलफल र संशोधन प्रस्ताव दर्ता गराउने दफावार पारित गराउने प्रक्रियाहरू अपनाउनुपर्ने संसद् सचिवालयले जनाएको छ।

फास्ट ट्रयाकमा समय बचत गर्न दफावार छलफलको साटो संसद्को विभिन्न समितिलाई जिम्मा दिनेलगायत समय लाग्ने प्रक्रियाहरू निलम्बन गर्ने गरिन्छ। तर स्थानीय तहजस्तो महत्त्वपूर्ण विधेयकमा दफावार छलफल नगरीकन पारित गर्न नहुने मत सत्तारूढ दलका सांसदहरूको समेत रहेको छ।

लोकतन्त्रको जगका रूपमा रहेको स्थानीय तह सञ्चालनसम्बन्धी जस्तो विधेयक फास्ट ट्रयाकबाट पारित गर्न नहुने नेपाली कांग्रेस, ललितपुर क्षेत्र नम्बर २ का सांसद चन्द्र महर्जनले बताउनुभयो।

ऐन नआएको अवस्थामा मन्त्रालयले जारी गरेको परिपत्र, निर्देशिकालाई जनप्रतिनिधिहरूले केन्द्रीकृत शासन व्यवस्था लाद्ने नियतले आएको भन्ने प्रतिक्रिया दिएका छन्। ऐन नभएको अवस्थामा परिपत्र र निर्देशिकाले काम चलाउनुपरेको मन्त्रालयले जनाएको छ।

संविधानको अनुसूचीमा-८ मा स्थानीय तहको एकल अधिकार सूची २२ वटा र अनुसूची ९ को संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूची १५ वटा रहेको छ। 'संविधानमा उल्लेख गरिएको यी अधिकारको विषय अर्मूत भएको उल्लेख गर्दै मन्त्रालयका मन्त्रालयका सचिव दिनेश थपलियाले स्थानीय तहबाट प्रयोग गर्ने अधिकाहरूको सम्बन्धमा ऐन आवश्यक भएको बताउनुभयो।

उहाँले भन्नुभयो- 'स्थानीय तहलाई माध्यमिक शिक्षासम्म सञ्चालन गर्ने अधिकार दिएको छ। यतिभन्दा अलि अमूर्त रहेको छ। यसको २९ वटा व्याख्या रहेको छ। यसलाई कसरी कुन प्रक्रियाले अघि बढाउनको लागि ऐन त चाहियो।'

तत्काल...

'निर्वाचन क्षेत्र निर्धारण आयोग गठन गरेको छैन। २४० क्षेत्रका कुरा गरेर चुनावबाट भाग्न खोजेकाले आयोगले सरकारलाई दबाब दिनुपर्छ' -उहाँले भन्नुभयो।

भेटमा एमालेले मतदाता नामावली संकलन सकेसम्म जनतालाई सहज हुने गरी व्यवस्था गर्न समेत आग्रह गरेको नेम्वाङले बताउनुभयो। उहाँले काठमाडौंमा बसोबास गरिरहेकाहरूले निर्वाचन आयोगमै फोटो खिचाएर सम्बन्धित ठाउँमा नामावली पठाउने व्यवस्था गर्न सकिने बताउनुभयो।

एमालेले विदेशमा रहेका नेपालीले दूतावासमा गएर फोटोसहितको मतदाता नामावली भर्ने र त्यो लगत सम्बन्धित गाउँमा पुग्ने गरी व्यवस्था गर्न समेत माग गरेको छ।

अर्थ

सोमबार कारोबारमा आएका सबै समूहका परिसूचक बढेपछि बजारको समग्र परिसूचक १ हजार ६ सय ४ दशमलव १५ अंकमा पुगेर रोकियो। सोमबार सबैभन्दा धेरै बीमा क्षेत्रको परिसूचक ९५ दशमलव ३५ अंकले बढेको छ।

2017, JULY
Tuesday
18

ज्योति
हिमाल स्टील आजको भाउ

	टोरस्टिल			टि. एम. टि. टेम्पकोर			टोरकारी	एनिल्ड
	८ मि.मि.	१०-२० मि.मि.	२५-३२ मि.मि.	८ मि.मि	१०-२० मि.मि	२५-३२ मि.मि	४.७५-७ मि.मि.	
काठमाडौं	७७.८५	७६.८५	७९.३५	७८.३५	७५.३५	७७.८५	७७.६५	८७.२२
वीरगंज	७५.९५	७४.९५	७७.४४	७६.४५	७३.४५	७५.९४	७५.७५	८५.४२
विराटनगर	७६.४५	७५.४५	७७.९४	७६.९५	७३.९५	७६.४४	७६.२५	८६.०२

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला। तौलमा हुक र चुरा समावेश छ।

JAGDAMBA STEEL
देशको मेरुदण्ड
बिक्री मूल्य रू. प्रति किलोग्राम

स्थानहरु / साइज	JAGDAMBA E ८ एम.एम.	१०-२० एम.एम.	२५ एम.एम.	२८-३२ एम.एम.
काठमाडौं	७६	७३	७६	७६
सिमरा, बिरगंज, कलैया	७४/४०	७१/४०	७४/४०	७४/४०
मलंगवा, जनकपुर, नारायणघाट	७५/४०	७२/४०	७५/४०	७५/४०
लाहान, विराटनगर, धरान, इटहरी	७६/९५	७३/९५	७६/९५	७६/९५
विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर	७५/१०	७२/१०	७५/१०	७५/१०
पोखरा, स्याङ्जा	७५/६०	७२/६०	७५/६०	७५/६०

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।
JAGDAMBA E Fe 500 NS:191
EARTHQUAKE RESISTANT REBAR
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।

विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
२०७४ साउन ३ जुलाई १८ २०१७

खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

	खरिद दर	बिक्री दर
भारतीय रुपियाँ १०० का रु.	१६०.००	१६०.१५
अमेरिकी डलर १ का रु.	१०२।७०	१०३।३०
युरो १ का रु.	११७।५७	११८।२६
पाउन्ड स्टर्लिङ १ का रु.	१३४।३०	१३५।०८
स्विस फ्रन्क १ का रु.	१०६।५३	१०७।१५
अस्ट्रेलियन डलर १ का रु.	८०।२०	८०।६७
क्यानाडियन डलर १ का रु.	८१।०७	८१।५४
सिङ्गापुर डलर १ का रु.	७४।९७	७५।४१
जापानी यन १० का रु.	९।१२	९।१८
चिनियाँ युआन १ का रु.	१५।१७	१५।२६
साउदी अरब रियाल १ का रु.	२७।३८	२७।५४
कतारी रियाल १ का रु.	२८।२०	२८।३७
थाई भाट १ का रु.	३।०५	३।०६
सं. अरब इमिरट दिराम १ का रु.	२७।९६	२८।१२
मलसियन रिङ्गिट १ का रु.	२३।९५	२४।०९
दक्षिण कारियन वन १०० का रु.	९।१०	९।१५

खरिद दर

	खरिद दर
स्विडिस क्रानर १ का रु.	१२।३२
डनिस क्रानर १ का रु.	१५।८१
हङकङ डलर १ का रु.	१३।१६

नोटः वर्तमान व्यवस्था अन्तर्गत वणिज्य बैङ्कहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

नेप्से जेठ २५ यताकै उच्च

नेपाल समाचारपत्र

काठमाडौं

नयाँ आर्थिक वर्षको शुरूआतसँगै शेयर बजार परिसुचकमा क्रमशः सुधार आएको छ। आर्थिक वर्ष २०७४/७५ को पहिलो कारोबार भएको दिन आइतबार शून्य दशमलव ९ अंकले बढेको शेयर बजारमा सोमबार पनि २० दशमलव ५८ अंकले बढेको हो।

वृद्धिसँगै बजार परिसूचक सोमबार जेठ २५ यताकै उच्च विन्दुमा पुगेको छ। सोमबार बजारले १६ सय अंक छुँदा कारोबारमा आएका सबै समूहका परिसूचकमा सुधार आए। सोमबार १ हजार ५ सय ८३ दशमलव ५७ को बिन्दुबाट शुरू भएको बजार कारोबार अवधिभर सकारात्मक देखियो।

नेप्सेले छलाङ मार्दा सोमबारको कारोबार रकम भने हल्का मात्र बढेको छ। सोमबार बजारमा १ सय ५४ कम्पनीका २० लाख १२ हजार ४ सय १५ कित्ता शेयर ६९ करोड ४३ लाख ६९ हजार ४ सय ३५ रुपियाँमा कारोबार भए। कारोबार अघिल्लो दिनभन्दा १ करोड ३१ लाख बढी हो। आइतबार बजारमा ६८ करोड १२ लाखभन्दा बढीको कारोबार भएको थियो।

सोमबार कारोबारमा आएका सबै समूहका परिसूचक बढेपछि बजारको समग्र परिसूचक १ हजार ६ सय ४ दशमलव १५ अंकमा पुगेर रोकियो। सोमबार सबैभन्दा धेरै बीमा क्षेत्रको परिसूचक ९५ दशमलव ३५ अंकले बढेको छ। त्यस्तै विकास बैंक, उत्पादनमूलक समूहमा पनि क्रमशः २ ९ दशमलव ५७ र २७ दशमलव शून्य ४ अंकका सुधार आए। त्यस्तै अन्य समूहका परिसूचकमा पनि १ दशमलव १६ अंकको सुधार आयो।

यस्तै सोमबार 'क' वर्गका कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स ४ दशमलव ४ अंकले बढेर ३ सय ४० दशमलव ७७ को बिन्दुमा पुगेको छ। सोमबार सबैभन्दा धेरै कारोबार फर्वाड कम्युनिटी माइक्रोफाइनान्स वित्तीय संस्थाको भयो। कम्पनीका शेयर ४ करोड ८९ लाख ३ हजार ४ सय ६६ रुपियाँमा कारोबार भए। त्यस्तै कारोबार रकमका आधारमा नेपाल लाइफ इन्स्योरेन्स कम्पनी र कुबेर मर्चेन्ट बित्तीय संस्थाका संस्थापक शेयर क्रमशः दोस्रो र तेस्रो स्थानमा रहे।

सोमबार सबैभन्दा बढी हिमालयन डिस्टिलरीका शेयरधनीले कमाएका छन्। कम्पनीको शेयर मूल्य १० प्रतिशतले बढेको छ। दोस्रोमा नेसनल माइक्रोफाइनान्सको ८ दशमलव १४ र तेस्रोमा फर्वार्ड माइक्रोफाइनान्सको ७ दशमलव ४ प्रतिशतले शेयर मुल्य बढेको छ। त्यस्तै कुबेर मर्चेन्ट बित्तीय संस्थाका संस्थापक शेयरधनीले सबैभन्दा बढी ६ प्रतिशत गुमाए। आर्थिक वर्षको समाप्तिसँगै चौथो त्रैमासिक रिपोर्ट प्रकाशन गर्ने समय नजिकिँदै गर्दा लगानीकर्ता राम्रो लाभांश दिने कम्पनीमा आकर्षित हुँदा समग्र बजार बढेको हो।

बिक्न छोड्यो इन्डक्सन चुलो

काठमाडौं, (नेस)

चीनले अनुदानमार्फत् दिएको इन्डक्सन चुलोको बिक्री सुस्ताएको छ। असार ११ गतेदेखि बिक्री शुरू गरेको भए पनि हालसम्म १४ सय थान मात्र चुलो बिक्री भएको नेसनल टेडिङले जनाएको छ। अझै ८ हजार ६ सय थान चुलो बाँकी रहेको छ।

पहिला दैनिक २ सय थानसम्म बिक्री हुने गरेकामा हाल आएर दैनिक ४० वटा मात्र बिक्री भइरहेको छ। अहिले वर्षा याम भएकाले पनि बिक्री सुस्ताएको नेसनल ट्रेडिङले जनाएको छ। 'पहिला मौज्दात थोरै रहेकाले उपभोक्ताको खरिदको लागि हानथाप थियो हाल भने १० हजार मौज्दात रहेकाले उपभोक्तामा धेरै छ पछि किनुला भन्ने खालको सोचाइले पनि बिक्री सुस्ताएको' नेसनल ट्रेडिङका उपत्यका बिक्री शाखा प्रमुख श्यामकुमार श्रेष्ठले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो।

पहिलेको भन्दा राम्रो, कम विद्युत खपत हुने र यसले धेरै विद्युत् क्षमताको शक्ति सञ्चय गर्ने खालको गुणस्तरयुक्त रहेको श्रेष्ठले बताउनुभयो । १३ सयको लटमा पहिले भने दुईवटा भाडा रहेको थियो भने अहिले एउटा भाडा रहेको छ जुन राम्रो रहेको श्रेष्ठले बताउनुभयो।

यो इन्डक्सन चुलोको १२ हजार पर्ने भए पनि नेसनल ट्रेडिङले ४ हजार रुपियाँमा बिक्री गरिरहेको छ।

दुई वर्ष नेपाल पारवहन तथा गोदाम व्यवस्थापन कार्यालयको गोदाममा थन्किएर रहेको १० हजार थान इन्डक्सन चुलो बिक्री गर्न नेसनल ट्रेडिङले स्वीकृति पाएको थियो ।

कर फछ्र्यौट आयोग खारेज गर्न निर्देशन

काठमाडौं, (नेस)

व्यवस्थापिका संसदको अर्थ समितिले कर फछ्र्यौट आयोग २०३३ खारेज गर्न निर्देशन दिएको छ। सोमबार समितिको बैठकमा सांसदहरूले आयोग खारेज गर्नुपर्ने माग राखेपछि समितिले कर फछ्र्यौट आयोग २०३३ तत्काल खारेज गर्न निर्देशन दिएको हो।

कर निर्धारणको व्यवस्था नयाँ कानुन स्वयम्ले गरिसकेको हुनाले कर फछ्र्यौट ऐनको आवश्यकता नभएको भन्दै अर्थ समितिले खारेजीको प्रक्रिया शुरू गर्न निर्देशन दिएको हो। समितिले अर्थ मन्त्रालयमार्फत् सरकारलाई कर फछ्र्यौट ऐन खारेजीको प्रक्रिया शुरू गरेर संसदमा ल्याउन निर्देशन दिएको हो।

सोमबार बसेको समितिको बैठकमा कर फछ्र्यौट आयोगले मनपरी तरिकाले अर्बौं रुपियाँ कर मिनाहा गरेको भन्दै सांसदहरूले आपत्ति जनाएका थिए।

छलफलपछि अर्थ समितिका सभापति प्रकाश ज्वालाले वि.सं. २०५८ मा आयकर ऐन आएपछि कर फछ्र्यौट आयोगको औचित्य नभएकाले सो आयोग तत्काल खारेज गर्न अर्थ समिति निर्देशन दिएको बताउनुभयो।

समिति बैठकमा उपस्थित अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले कर फछ्र्यौट आयोगको विषयमा अदालतमा मुद्दा परेका कारण आफू केही नबोल्ने बताउनुभयो।

'अदालतमा विचाराधीन अवस्थामा रहेको मुद्दाका विषयमा मैले केही बोल्न मिल्दैन, आयोगबारे अदालतले जे निर्णय गर्छ, त्यही हुन्छ,' कार्कीले भन्नुभयो।

समितिले अर्थ मन्त्रालयका अधिकारीलाई समेत बैठकमा बोलाएको थियो।

समितिमा राजस्व सचिव शिशिर ढुंगानाले संसदले बनाएको ऐन सरकारले खारेज गर्न नसक्ने भन्दै संसदबाटै खारेज गर्न सुझाव दिनुभएको थियो।

कानुन बमोजिम निर्धारण गरिएको तथा असुल गर्नुपर्ने बक्यौता कर निर्धारण गरी असुल गर्नका २०३३ मा कर फछ्र्यौटसम्बन्धी ऐन बनाइएको थियो। सरकारले २०७१ सालमा चार्टर्ड एकाउन्टेन्ट एलडी महतको संयोजकत्वमा उमेश ढकाल र आन्तरिक राजस्व विभागका महानिर्देशक चुडामणि शर्मा संलग्न कर फछ्र्यौट आयोग बनाएको थियो।

अनुदान दिन प्राधिकरणले समयसीमा तोक्यो

नेपाल समाचारपत्र

काठमाडौं,

राष्ट्रिय पुनिर्निर्माण प्राधिकरणले निजी आवास पुनर्निर्माणका लागि अनुदान लिने अन्तिम मिति निश्चित गरेको छ। निर्देशक समितिको बैठकको निर्णयअनुसार प्राधिकरणले समय सीमा तोकेरै अनुदान लिन लाभग्राहीलाई आग्रह गरेको हो।

प्राधिकरणले निर्धारण गरेको तालिकाअनुसार लाभग्राहीले २०७५ असार मसान्तभित्र निजी आवास पुनर्निर्माण सम्बन्धी सम्पूर्ण अनुदान लिइसक्नुपर्नेछ।

निजी आवास पुनर्निर्माणको लागि अनुदान सम्झौता भई घर निर्माण शुरू गरेको संख्या कम रहेको सन्दर्भमा लाभग्राहीबाट घर पुनर्निर्माणको कार्यमा तीव्रता दिने उद्देश्यले भूकम्प प्रभावित ३१ जिल्लामै लागू हुने गरी समय सीमा निर्धारण गरिएको प्राधिकरणका प्रवक्ता यमलाल भूसालले बताउनुभयो।

निर्धारित तालिकाअनुसार पहिचान भएका सबै लाभग्राहीले आगामी कार्तिक मसान्तभित्र अनुदान सम्झौता गरी प्रथम किस्ता लिइसक्नुपर्नेछ।

यस्तै २०७३ पुस मसान्तसम्म प्रथम किस्ता प्राप्त गरेका निजी घरधनीले २०७४ पुस मसान्तसम्म र आगामी कार्तिक मसान्तभित्र प्रथम किस्ता प्राप्त गर्ने लाभग्राहीले आगामी चैत मसान्तभित्रै दोस्रो किस्ता लिइसक्नुपर्नेछ। यसैगरी २०७४ पुस मसान्तभित्र दोस्रो किस्ता प्राप्त गर्ने निजी घरधनीले २०७५ जेठ मसान्तभित्र तेस्रो किस्ताको अनुदान लिइसक्नुपर्नेछ। प्राधिकरणले २०७४ चैत मसान्तभित्र दोस्रो किस्ता प्राप्त गर्ने निजी घरधनीले २०७५ असार मसान्तसम्म अन्तिम अर्थात तेस्रो किस्ता लिइसक्नुपर्ने गरी समयावधि निर्धारण गरेको हो।

असार २८ गते प्रधानमन्त्री शेरबहादुर देउवाको अध्यक्षतामा बसेको प्राधिकरण निर्देशक समितिको बैठकले अनुदान प्राप्त गर्ने अन्तिम तालिका स्वीकृत गरेपछि प्राधिकरणले निजी आवास पुनर्निर्माणका लागि समय सीमा तोकी थप अभियानका रूपमा कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको हो।

पछिल्लो तथ्यांक अनुसार निजी आवास पुनर्निर्माणका लागि अनुदान सम्झौता भएका ६ लाख २८ हजार ८ सय २२ घरधुरीमध्ये ५ लाख ९४ हजार १ सय ५० घरधुरीले पहिलो किस्ता लिइसके पनि ५२ हजार १ सय ६६ घरधुरीले मात्र दोस्रो किस्ता लिएका छन्। अनुदान लिएपनि घर पुनर्निर्माण सम्पन्न गर्ने म्याद नतोकिँदा लाभग्राहीमा जहिले निर्माण शुरू गरे पनि हुन्छ भन्ने धारणा देखिएका कारण समय सीमा निर्धारण गरिएको प्राधिकरणको भनाइ छ।

प्राधिकरणले लाभग्राहीलाई अनुदान लिने प्रक्रियामा ढिलाई नहोस् भनेर अग्रिम रूपमै प्रभावित जिल्लामा पठाए पनि दोस्रो र तेस्रो किस्ता लिनेको संख्या उत्साहजनक रूपमा अघि नबढेपछि समय सीमा तोकेरै अभियानका रूपमा कार्यक्रम शुरू गरिएको प्रवक्ता भूसालले बताउनुभयो।

महिन्द्राकाको नयाँ शोरुम इटहरीमा

काठमाडौं (नेस)

महिन्द्राका युटिलिटी भेइकल्स तथा ट्राक्टरको लागि अग्नि ग्रुपले आफ्नो क्षेत्रीय शाखा कार्यालय विराटनगर लाइन, इटहरीमा शुरू गरेको छ।

महिन्द्राका युटिलिटी भेइकल्स तथा ट्र्याक्टरहरूका लागि पूर्वाञ्चलमा स्थापना गरिएको सो शाखाले आफ्ना डिलर एवम् ग्राहकलाई नजिक ल्याई सरल एवम् सहज सुविधा प्रदान गर्ने विश्वास कम्पनीले लिएको छ। उक्त शोरुमबाट आफ्ना सम्पूर्ण रेन्जका टु ह्वीलर सवारी, सर्भिसिङ तथा जेन्यून स्पेयर पार्ट उपलब्ध हुने छन्। इटहरीस्थित नयाँ क्षेत्रीय कार्यालय, शोरुम तथा सर्भिस सेन्टरले इटहरी तथा आसपासका बासिन्दालाई न्यूनतम मूल्यमा कम्पनीको गुणस्तरीय सेवा तथा सुविधा पाउनु हुने विश्वास कम्पनीले लिएको छ।

शाखाको शुभारम्भ अग्नि ग्रुपका अध्यक्ष अर्जुन शर्माले गर्नु भएको थियो। अर्जुन शर्माले कम्पनी केवल सवारी बिक्री गर्नतर्फ मात्र केन्द्रित नभई ग्राहकमुखी सेवा, चुस्त सर्भिस तथा स्पेयरपार्टको सर्वसुलभतातर्फ पनि विशेष ध्यान केन्द्रित रहेको कुरा उल्लेख गर्नुभयो। चाहिएको बेला सर्वसुलभ तरिकाबाट समयमै ग्राहकलाई स्पेयरपार्ट उपलब्ध गराई ग्राहकलाई सन्तुष्टि दिनु कम्पनीको प्रमुख उद्देश्य रहँदै आएको जानकारी दिनुभयो।

६ जिल्लामा टेलिकमद्वारा आईसीटी सेन्टर स्थापना

काठमाडौं, (नेस)

भूकम्पबाट अति प्रभावित ६ जिल्लाका सामुदायिक विद्यालयमा नेपाल टेलिकमको सहयोगमा आव २०७३/७४ मा सूचना प्रविधि केन्द्र (आईसीटी सेन्टर) स्थापना गरिएको छ।

नेपाल टेलिकमले यी विद्यालयमा आईसीटी सेन्टर स्थापनाका लागि कम्प्युटर, प्रिन्टरलगायतका अन्य आवश्यक उपकरण उपलब्ध गराई मासिक रूपमा ३० जिबी डाटा भोल्युमको इन्टरनेट सुविधा २ वर्षसम्म निःशुल्क उपलब्ध गराउने व्यवस्था समेत गरेको छ। कम्पनीले शारदा मावि प्याउली भोजपुर, रत्नचुण्डेश्वर मावि पानीमुण्डे बनेपा, सगरमाथा मावि ओखलढुंगा, कन्यादेवी आधारभूत विद्यालय कल्याणपुर नुवाकोट र सेतीदेवी मावि सालु रामेछापमा आईसीटी सेन्टर स्थापना गर्न सहयोग गरेको हो। सोलुखुम्बुको जीवन ज्योति मावि नेलमा पनि केही समयमै आवश्यक उपकरण जडान गरी सेवा सञ्चालन गर्ने तयारी छ।

नेपाल टेलिकमले गत आव २०७२/७३ मा पनि पशुपतिकन्या मावि चरिकोट दोलखा, ज्ञानमन्दिर नमूना मावि मेलचौर सिन्धुपाल्चोक, दशरथचन्द मावि छत्रेदेउराली धादिङ, रसुवा उच्च मावि धुन्चे रसुवा र विन्द्रावति उच्च मावि मसेल गोरखामा यस प्रकारको आईसीटी सेन्टर स्थापना गरी सेवा सञ्चालन समेत भइरहेको छ।

कम्पनीले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत भूकम्पबाट अति प्रभावित १४ जिल्लामध्ये काठमाडौं, ललितपुर र भक्तपुरबाहेक अन्य ११ जिल्लामा आईसीटी सेन्टर स्थापना गर्ने निर्णय गरेको थियो।

SHARE MARKET

17 JULY MONDAY, 2017

S.No.	Traded Companies	Total Share	Max. Price	Min. Price	CP Price	Diff Rs.
1	Agriculture Development Bank Limited	16129.00	448.00	433.00	448.00	15.00
2	Api Power Company Ltd.	938.00	554.00	541.00	554.00	2.00
3	Arun Finance Limited	5015.00	221.00	210.00	219.00	5.00
4	Arun Kabeli Power Ltd.	7175.00	416.00	407.00	412.00	-3.00
5	Arun Valley Hydropower Dev. Co. Ltd.	8159.00	284.00	270.00	284.00	8.00
6	Asian Life Insurance Co. Limited	1914.00	1490.00	1468.00	1480.00	20.00
7	Bank of Kathmandu Ltd.	15778.00	472.00	462.00	470.00	8.00
8	Barun Hydropower Co. Ltd.	270.00	255.00	250.00	251.00	-1.00
9	Bhargav Bikash Bank Ltd.	3500.00	305.00	299.00	303.00	6.00
10	Bottlers Nepal (Terai) Limited	20.00	6205.00	6205.00	6205.00	120.00
11	Butwal Power Company Limited	108.00	632.00	620.00	632.00	12.00
12	Central Finance Co. Ltd.	6537.00	195.00	189.00	191.00	1.00
13	Century Commercial Bank Ltd.	14944.00	285.00	280.00	285.00	3.00
14	Chhimek Laghubitta Bikas Bank Limited	2478.00	1575.00	1530.00	1567.00	9.00
15	Chilime Hydropower Company Limited	6034.00	800.00	786.00	793.00	-2.00
16	Citizen Bank International Limited	8903.00	406.00	394.00	406.00	4.00
17	Citizen Investment Trust	380.00	4045.00	4000.00	4000.00	20.00
18	Civil Bank Ltd	59578.00	260.00	248.00	260.00	12.00
19	Civil Laghubitta Bittiya Sanstha Ltd.	822.00	1310.00	1260.00	1291.00	20.00
20	Deprosc Development Bank Limited	4722.00	1338.00	1300.00	1315.00	20.00
21	Deva Bikas Bank Limited	21741.00	275.00	264.00	275.00	9.00
22	Dibyashwori Hydropower Ltd.	229.00	210.00	202.00	205.00	-5.00
23	Everest Bank Limited	6497.00	1367.00	1360.00	1363.00	-5.00
24	Everest Bank Limited Con. Pref.	140.00	921.00	885.00	885.00	-38.00
25	Everest Insurance Co. Ltd.	2016.00	2495.00	2451.00	2455.00	-15.00
26	Excel Development Bank Ltd.	2528.00	618.00	610.00	614.00	-1.00
27	First Micro Finance Dev. Bank Ltd.	3605.00	1040.00	1020.00	1020.00	5.00
28	Forward Community Mic. Bittiya Sa. Ltd.	14227.00	3570.00	3260.00	3542.00	244.00
29	Garima Bikas Bank Limited	5536.00	300.00	295.00	300.00	5.00
30	Global IME Bank Limited	41946.00	398.00	388.00	395.00	10.00
31	Global IME Samunnat Scheme-1	10000.00	10.10	9.90	10.10	0.20
32	Goodwill Finance Co. Ltd.	140.00	214.00	209.00	209.00	-1.00
33	Green Development Bank Ltd.	338.00	628.00	614.00	620.00	-2.00
34	Guheshowori Mer. Bank & Fin. Co. Ltd.	422.00	274.00	263.00	274.00	7.00
35	Gurans Life Insurance Company Ltd.	3382.00	1064.00	1022.00	1050.00	25.00
36	Gurkhas Finance Ltd.	366.00	185.00	180.00	185.00	3.00
37	Hamro Bikas Bank Ltd.	50.00	223.00	223.00	223.00	1.00
38	Hamro Bikas Bank Ltd. Promoter Share	25000.00	140.00	140.00	140.00	0.00
39	Himalayan Bank Limited	2995.00	910.00	899.00	905.00	15.00
40	Himalayan Distillery Limited	550.00	891.00	826.00	891.00	81.00
41	Himalayan General Insurance Co. Ltd	5149.00	740.00	735.00	740.00	0.00
42	ICFC Finance Limited	4162.00	292.00	285.00	292.00	8.00
43	Jalabidyut Lagani tatha Bikas Co. Ltd.	10345.00	198.00	195.00	197.00	2.00
44	Janaki Finance Ltd.	1775.00	271.00	269.00	271.00	-1.00
45	Janata Bank Nepal Ltd.	78896.00	306.00	295.00	306.00	12.00
46	Janautthan Sam. Lag. Bikas Bank Ltd.	120.00	3115.00	3065.00	3100.00	35.00
47	Jyoti Bikas Bank Limited	32137.00	215.00	207.00	213.00	5.00
48	Kabeli Bikas Bank Limited	108.00	520.00	510.00	510.00	-20.00
49	Kailash Bikas Bank Ltd.	2973.00	333.00	326.00	333.00	8.00
50	Kalika Microcredit Development Bank Ltd.	616.00	1800.00	1745.00	1745.00	6.00
51	Kanchan Development Bank Limited	884.00	278.00	271.00	278.00	2.00
52	Karnali Development Bank Limited	760.00	308.00	304.00	305.00	-6.00
53	Khanikhola Hydropower Co. Ltd.	682.00	210.00	198.00	210.00	4.00
54	Kisan Microfinance Bittiya Sanstha Ltd.	476.00	2870.00	2750.00	2870.00	170.00
55	Kuber Merchant Finance Limited	1940.00	159.00	139.00	141.00	-9.00
56	Kuber Merchant Fin. Ltd. Pro. Share	313110.00	103.00	100.00	100.00	-5.00
57	Kumari Bank Limited	28283.00	336.00	330.00	335.00	3.00
58	Lalitpur Finance Ltd.	300.00	180.00	180.00	180.00	2.00
59	Laxmi Bank Limited	2827.00	395.00	383.00	390.00	0.00
60	Laxmi Laghubitta Bittiya Sanstha Ltd.	2257.00	1948.00	1860.00	1925.00	50.00
61	Laxmi Value Fund-1	416000.00	13.00	12.50	13.00	0.75
62	Life Insurance Co. Nepal	1012.00	2135.00	2110.00	2135.00	-14.00
63	Lumbini General Insurance Co. Ltd.	1846.00	939.00	926.00	930.00	4.00
64	Machhapuchhre Bank Limited	8296.00	363.00	360.00	363.00	6.00
65	Mahila Sahayatra Mic. Bittiya Sanstha Ltd.	502.00	1208.00	1160.00	1180.00	16.00
66	Manjushree Finance Ltd.	2619.00	163.00	158.00	163.00	6.00
67	Mero Microfinance Bittiya Sanstha Ltd.	1941.00	2250.00	2156.00	2250.00	62.00
68	Mirmire Microfinance Dev. Bank Ltd.	705.00	2283.00	2210.00	2283.00	83.00
69	Mission Development Bank Ltd.	50.00	311.00	311.00	311.00	-6.00
70	Miteri Development Bank Limited	470.00	531.00	515.00	531.00	19.00
71	Mithila LaghuBitta Bikas Bank Ltd.	374.00	1362.00	1336.00	1362.00	52.00
72	Muktinath Bikas Bank Ltd.	13969.00	975.00	958.00	971.00	14.00
73	Muktinath Bikas Bank Ltd. Pro. Share	28322.00	472.00	472.00	472.00	-9.00
74	Nabil Balance Fund 1	95000.00	20.10	19.85	20.10	0.35
75	Nabil Bank Limited	11170.00	1599.00	1540.00	1597.00	67.00
76	NABIL Bank Limited Promotor Share	12320.00	1180.00	1145.00	1180.00	32.00
77	Nabil Equity Fund	15609.00	10.00	9.99	10.00	0.00
78	NagBeli LaghuBitta Bikas Bank Ltd.	545.00	3240.00	3141.00	3240.00	100.00
79	National Hydro Power Company Limited	29800.00	135.00	130.00	135.00	5.00
80	National Life Insurance Co. Ltd.	4700.00	2375.00	2330.00	2375.00	60.00
81	National Microfinance Bittiya Sanstha Ltd.	140.00	1927.00	1817.00	1927.00	145.00
82	Naya Nepal Laghubitta Bikas Bank Ltd.	455.00	2310.00	2265.00	2310.00	8.00
83	NB Insurance Co. Ltd.	1317.00	1037.00	1000.00	1037.00	37.00
84	Neco Insurance Co. Ltd.	3887.00	1005.00	990.00	999.00	15.00
85	Nepal Bangladesh Bank Limited	8119.00	414.00	403.00	409.00	6.00
86	Nepal Bank Limited	26755.00	384.00	370.00	379.00	11.00
87	Nepal Community Dev. Bank Ltd.	1184.00	320.00	313.00	320.00	13.00
88	Nepal Credit And Co. Bank Limited	16430.00	390.00	385.00	385.00	2.00
89	Nepal Doorsanchar Comapany Limited	1430.00	670.00	660.00	670.00	0.00
90	Nepal Grameen Bikas Bank Ltd.	948.00	770.00	742.00	770.00	30.00
91	Nepal Insurance Co. Ltd.	11476.00	1510.00	1421.00	1510.00	88.00
92	Nepal Investment Bank Limited	19271.00	800.00	766.00	780.00	5.00
93	Nepal Investment Bank Ltd. Pro. Share	31056.00	687.00	676.00	685.00	9.00
94	Nepal Life Insurance Co. Ltd.	16168.00	2169.00	2140.00	2168.00	18.00
95	Nepal SBI Bank Limited	5888.00	941.00	922.00	941.00	17.00
96	Nerude Laghubita Bikas Bank Limited	7828.00	1319.00	1264.00	1319.00	34.00
97	Ngadi Group Power Ltd.	289.00	265.00	260.00	261.00	-2.00
98	NIBL Samriddhi Fund 1	100.00	12.25	12.25	12.25	0.24
99	NIC Asia Bank Ltd.	11095.00	455.00	444.00	455.00	13.00
100	Nirdhan Utthan Bank Limited	3987.00	2078.00	1975.00	2075.00	80.00
101	NLG Insurance Company Ltd.	870.00	1510.00	1480.00	1510.00	50.00
102	NMB Microfinance Bittiya Sanstha Ltd.	2419.00	2998.00	2905.00	2960.00	55.00
103	NMB Bank Limited	8427.00	553.00	540.00	551.00	6.00
104	NMB Hybrid Fund L-1	1248.00	10.00	9.90	9.90	-0.04
105	NMB Sulav Investment Fund-1	139700.00	13.15	12.61	13.01	0.40
106	Oriental Hotels Limited	1291.00	690.00	675.00	690.00	20.00
107	Pokhara Finance Ltd.	3125.00	255.00	246.00	255.00	4.00
108	Prabhu Bank Limited	22881.00	411.00	405.00	410.00	4.00
109	Prabhu Insurance Ltd.	4694.00	1029.00	1012.00	1029.00	15.00
110	Premier Insurance Co. Ltd.	164.00	1665.00	1660.00	1665.00	-5.00
111	Prime Commercial Bank Ltd.	12039.00	430.00	422.00	427.00	5.00
112	Prime Life Insurance Company Limited	10294.00	2714.00	2666.00	2675.00	-24.00
113	ProgressiveFinance Limited	500.00	196.00	196.00	196.00	-1.00
114	Prudential Insurance Co. Ltd.	1523.00	1440.00	1420.00	1440.00	15.00
115	Purnima Bikas Bank Ltd.	2139.00	318.00	308.00	308.00	2.00
116	Rastriya Beema Company Limited	304.00	13290.00	12990.00	12990.00	-44.00
117	Rastriya Beema Co. Limited Pro. Share	120.00	12240.00	12000.00	12000.00	194.00
118	Reliable Microfinance Bittiya Sanstha Ltd.	383.00	2100.00	1948.00	2090.00	142.00
119	Reliance Finance Ltd.	1554.00	218.00	212.00	212.00	-3.00
120	Ridi Hydropower Dev. Company Ltd.	2440.00	205.00	197.00	203.00	2.00
121	RSDC Laghubitta Bittiya Sanstha Ltd.	1115.00	2980.00	2901.00	2941.00	21.00
122	Rural Microfinance Dev. Centre Ltd.	2635.00	800.00	779.00	800.00	26.00
123	Sagarmatha Insurance Co. Ltd.	100.00	1440.00	1440.00	1440.00	20.00
124	Sahayogi Bikas Bank Limited	436.00	369.00	363.00	363.00	0.00
125	Sana Kisan Bikas Bank Ltd	3692.00	1555.00	1521.00	1521.00	15.00
126	Sanima Bank Limited	71820.00	438.00	429.00	436.00	7.00
127	Sanima Mai Hydropower Ltd.	11776.00	1150.00	1135.00	1145.00	-5.00
128	Saptakoshi Development Bank Ltd.	622.00	202.00	200.00	201.00	1.00
129	Shangrila Development Bank Ltd.	4780.00	404.00	395.00	404.00	14.00
130	Shikhar Insurance Co. Ltd.	1483.00	1990.00	1910.00	1990.00	70.00
131	Shine Resunga Development Bank Ltd.	319.00	428.00	416.00	428.00	5.00
132	Shree Investment Finance Co. Ltd.	153.00	391.00	389.00	391.00	9.00
133	Shrijana Finance (Bittaya Sanstha)	1000.00	445.00	440.00	445.00	10.00
134	Siddhartha Bank Limited	19749.00	489.00	484.00	489.00	1.00
135	Siddhartha Equity Orineted Scheme	25800.00	12.15	12.00	12.15	0.15
136	Siddhartha Insurance Ltd.	2422.00	1509.00	1495.00	1501.00	7.00
137	Soaltee Hotel Limited	7064.00	363.00	360.00	360.00	2.00
138	Standard Chartered Bank Limited	7422.00	2309.00	2296.00	2306.00	8.00
139	Summit Micro Finance Dev. Bank Ltd.	430.00	3050.00	2980.00	3045.00	15.00
140	Sunrise Bank Limited	3274.00	396.00	385.00	393.00	2.00
141	Surya Life Insurance Company Limited	4959.00	1150.00	1080.00	1135.00	54.00
142	Swabalamban Bikas Bank Limited	639.00	1866.00	1810.00	1850.00	50.00

Total Amount Rs. 694,369,435 Total Quantity 2,012,415 Total No of Transactions 6,635

२०७४, साउन
मंगलबार
३

बोर्डले साविकको धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली २०६४ संशोधन गरी धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) (पहिलो संशोधन), २०७४ साउन ३ गते देखि लागू हुने जनाएको छ।

मर्चेन्ट बैंकरको चुक्ता पुँजी र कार्यक्षेत्र बढ्यो

नेपाल समाचारपत्र

काठमाडौं

नेपाल धितोपत्र बोर्डले मंगलबारदेखि लागू हुने गरी मर्चेन्ट बैंकरको चुक्ता पुँजी बढाएको छ। अर्थ मन्त्रालयले साउन १ गते दिएको स्वीकृतिका आधारमा बोर्डले मर्चेन्ट बैंकरको पुँजी वृद्धि र कार्यक्षेत्र पनि बिस्तार गरेको हो।

बोर्डले साविकको धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली २०६४ संशोधन गरी धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) (पहिलो संशोधन), २०७४ साउन ३ गते देखि लागू हुने जनाएको छ।

बोर्डले निष्काशन तथा बिक्री प्रबन्धकको न्यूनतम चुक्ता पुँजी ३ करोड रहेकोमा ५ करोड, धितोपत्र प्रत्याभूतिकर्ता (अण्डरराइटर) को ४ करोड रहेकोमा ७ करोड, शेयर रजिष्ट्रारको १ करोड रहेकोमा ३ करोड, लगानी व्यवस्थापकको १ करोड रहेकोमा ५ करोड र संस्थागत परामर्शदाताको ३ करोड रुपियाँ संशोधित नियमावलीमा गरिएको बोर्डले जनाएको छ।

त्यस्तै साविकको नियमावलीअनुसार मर्चेन्ट बैंकरले निष्काशन तथा बिक्री प्रबन्ध, धितोपत्र प्रत्याभूति (अण्डरराइटिङ), शेयर रजिष्ट्रेसन र लगानी व्यवस्थापनसम्बन्धी कार्य गर्दै आएकोमा अब संशोधित नियमवलीअनुसार मर्चेन्ट बैंकरले संगठित संस्थाको संरचना हेरफेर, मूल्यांकन, व्यावसायिक योजना, लोन सिन्डिकेसन, वर्किङ क्यापिटल फाइनान्सिङ, भेन्चर क्यापिटल, प्राइभेट इक्विटी, हेज फन्ड जस्ता कोष सञ्चालन, सम्पत्ति व्यवस्थापनलगायतका विषयमा परामर्श सेवा प्रदान गर्नेलगायतका काम गर्न पाउने भएका छन्।

यसैगरी साविकको नियमावलीमा धितोपत्र प्रत्याभूतिकर्ता (अण्डरराइटर) ले प्रत्याभूति (अण्डरराइटिङ) वा लगानी व्यवस्थापन गर्ने सम्बन्धमा कुनै सीमा नतोकिएकोमा संशोधित नियमावलीमा धितोपत्र प्रत्याभूतिकर्ता (अण्डरराइटर) ले अन्तिम लेखा परीक्षण भएको नेटवर्थको पाँच गुणा र लगानी व्यवस्थापकले अन्तिम लेखा परीक्षण भएको नेटवर्थको १० गुणासम्म प्रत्याभूति (अण्डरराइटर) वा लगानी व्यवस्थापन गर्न सक्ने व्यवस्था गरिएको छ।

बोर्डका अनुसार सहायक कम्पनी स्थापना गरी मर्चेन्ट बैंकिङ व्यवसाय सञ्चालन गरिरहेका बैंक वा वित्तीय संस्था एक आपसमा गाभिएमा वा कुनै एकले प्राप्ति (मर्जर वा एक्विजिसन) गरेमा एक मात्र सहायक कम्पनी कायम गरी मर्चेन्ट बैंकिङ व्यवसाय सञ्चालन गर्नुपर्ने व्यवस्था गरी मुख्य कम्पनीहरू मर्ज वा एक्विजिसनमा गएमा सहायक कम्पनीहरूको समेत मर्जर र एक्विजिसन गर्नुपर्ने व्यवस्था नयाँ नियमवलीमा गरिएकोछ।

मर्चेन्ट बैंकरको शेयरधनीले आफूले ग्रहण गरेको शेयर बिक्री वा हस्तान्तरण गर्नुभन्दा पहिले बोर्डमा तत् सम्बन्धी अभिलेख गराउनुपर्ने व्यवस्था गरी मर्चेन्ट बैंकरको शेयर बिक्री वा हस्तान्तरण प्रक्रियालाई व्यवस्थित गरिएको बोर्डले जनाएको छ।

धितोपत्र व्यवसायमा हुन सक्ने कन्फ्लिट अफ इन्ट्रेसलाई न्यूनीकरण गरी सुशासन कायम गर्न कुनै एक मर्चेन्ट बैंकरमा स्वामित्व वा कुनै लाभको पद ग्रहण गरेको व्यक्तिले अन्य धितोपत्र व्यवसायी संस्थामा स्वामित्व वा कुनै लाभको पद ग्रहण गर्न नपाइने व्यवस्था गरिएको छ। निष्काशन तथा बिक्री प्रबन्ध सेवामा हुन सक्ने अस्वस्थ्य प्रतिस्पर्धालाई निरुत्साहित गर्न निष्काशन तथा बिक्री प्रबन्धक सेवाको लागि १ लाखभन्दा कम सेवा शुल्क लिन नपाइने व्यवस्था गरिएको छ। धितोपत्र बोर्डले यो नियमावली लागू भएपश्चात धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) को कार्य क्षेत्र विस्तार हुने तथा बढ्दो जिम्मेवारी अनुरूप मर्चेन्ट बैंकरको वित्तीय अवस्था सुदृढ भई मर्चेन्ट बैंकरको प्रतिस्पर्धात्मक क्षमतामा वृद्धि भई समग्र पुँजी बजारको विकास तथा विस्तारमा सहयोग पुग्ने बोर्डको भनाइ छ।

द्वन्द्वपीडितको ७६ लाख फ्रिज

हेटौंडा, (नेस)

सरकारले द्वन्द्वपीडितलाई राहतस्वरूप पठाएको ठूलो रकम फ्रिज भएको छ। शेरबहादुर देउवा नेतृत्वको सरकारले आव २०७३/७४ को अन्तिम समयमा मात्र छुट्याएको रकम वितरण गर्ने समय आर्थिक वर्ष सकिएसँगै समाप्त भएर फ्रिज भएको हो। पीडितले समयमै सूचना नपाउँदा रकम फ्रिज भएको हो।

सूचना अभावले पीडितले जानकारी पाउन नसकेका हुन्। सरकारले सूचना प्रवाह गर्ने व्यवस्था मिलाएन। घरघरै पुगेर भन्न सक्ने अवस्था छैन। गाउँमा पुग्न समस्या हुने गरेको छ। खेतीपातीको समय परेकाले पनि पीडितहरू सदरमुकाम आउन पाएनन्। पीडितले सरकारले केही वास्ता नगर्दा दिक्क मानिरहेका थिए।

सरकारले मकवानपुरमा ७ करोड ६१ पठाएको थियो। १ सय ३५ द्वन्द्वपीडितका लागि असारसम्ममा रकम बाँड्न परिपत्र आएपनि आर्थिक वर्ष २०७४/०७५ को कारोबार शुरू भएपछि रकम फ्रिज भएको हो। प्रशासनका लेखा अधिकृत अर्जुनप्रसाद ढकालका अनुसार ६ जना पीडितले रकम लिन नआएपछि ७६ लाख ७५ हजार रुपियाँ फ्रिज भएको छ।

मेगा बैंक नेपाल लिमिटेडको

बचत खातामा हकदावी सम्बन्धी ३५ दिने सूचना

रसुवा जिल्ला लाङटाङ गा.वि.स वडा नं २ निवासी लोप्साङ तामाङको नाती, सितार छिरिङ तामाङको छोरा छिरिङ जाङबु तामाङको मिति २०७३ मंसिर १८ गते मृत्यु भएकोले निजको नाममा यस बैंकको बौद्ध शाखामा रहेका बचत खाता नम्बर ०२५००५००३८०५२ बन्द गरी उक्त बचत खातामा रहेको रकम मृतकको बाबु सितार छिरिङ तामाङले पाँउ भनि कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त बचत खाता उपर निज निवेदक बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र अधिकारवाला हकदारले सबुद प्रमाण सहित दावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित समय भित्र कुनै पनि हकवालाको निवेदन नपरेको अवस्थामा निवेदकको माग बमोजिम उक्त खाताको रकम निवेदकलाई प्रदान गर्ने व्यहोरा जानकारी गराइन्छ । साथै, म्याद भित्र प्राप्त नभएको र रित नपुगेको हक दावीको निवेदन उपर कुनै कार्यवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

MEGA BANK NEPAL LIMITED मेगा बैंक नेपाल लिमिटेड

मेगा बैंक नेपाल लिमिटेड: राइजिङ मल, कमलादी, काठमाडौं, नेपाल, पोष्ट बक्स नं. २६५५९, फोन: ९७७-१-४१६९२१७, फ्याक्स: ९७७-१-४१६९२१५

आइ.सि.एफ.सि फाइनान्स लिमिटेडको ICFC

संस्थापक शेयर खरीद गर्न चाहनुहुने संस्थापक शेयरधनी महानुभावहरूलाई

जरूरी सूचना

यस संस्थाका केही संस्थापक शेयरधनीहरूको आफ्नो नाममा रहेको संस्थापक शेयरहरु बिक्री गर्ने इच्छा जाहेर गरि यस संस्था समक्ष निवेदन गर्नु भएको र संस्थापक शेयरहरु खरिद बिक्री गर्दा साविकको संस्थापक शेयरधनीहरुलाई प्राथमिकता दिनु पर्ने विद्यमान व्यवस्था भएको हुँदा संस्थापक शेयर खरिद गरि लिन इच्छुक हाल कायम यस संस्थाका संस्थापक शेयरधनीहरुको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ । यदि कुनै संस्थापक शेयरधनी महानुभावहरुलाई संस्थाको संस्थापक शेयर खरिद गरि लिन इच्छा भएमा यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र संस्थाको प्रधान कार्यालय भाटभटेनीमा सम्पर्क राख्न आउन हुन सूचित गरिन्छ ।संस्थापक शेयर खरिद गरि लिने सम्बन्धमा उक्त समय भित्र हाल कायम कुनै पनि संस्थापक शेयरधनी महानुभावहरुको तर्फबाट इच्छा जाहेर हुन नआएमा नियमानुसार नयाँ शेयरधनीहरुलाई बिक्रीकर्ता संस्थापक शेयरधनीहरुको संस्थापक शेयर बिक्री गर्ने सम्बन्धमा आवश्यक कारबाही अघि बढाइने व्यहोरा जानकारी गराइन्छ ।

ICFC FINANCE LIMITED आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड

१४२५, भिरबम सडक-२, भाटभटेनी, काठमाण्डौं

फोन नं. ४-४२५२४२, फ्याक्स नं. ४-४२५२५४

www.icfcbank.com

बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.

नगद भुक्तानी सीमा सम्बन्धि बैंक अफ काठमाण्डू लिमिटेडको सूचना

आदरणीय ग्राहक महानुभावहरू

श्री नेपाल सरकार, अर्थ मन्त्रालय तथा श्री नेपाल राष्ट्र बैंकद्धारा जारी परिपत्र अनुसार वि.सं. २०७४ श्रावण १ गते देखि लागू हुने गरी नगद भुक्तानीको अधिकतम सिमा रू. १० लाख भन्दा कम हुनुपर्ने कायम गरेको यहाँहरूलाई विदितै छ । उपर्युक्त परिपत्र अनुरूप यस बैंकले सोही मितिबाट लागू हुने गरी रू. १० लाख वा सो भन्दा बढी नगदमा भुक्तानी नदिने भएको हुँदा ग्राहक महानुभावहरूलाई यथाशक्य बैंकिङ्ग उपकरण मार्फत कारोवार गर्न हार्दिक अपिल गर्दछौं ।

साथै, यस सम्बन्धमा निम्न लिखित व्यवस्थाहरू गरिएको सूचित गरिन्छ ।

१) फर्म, कम्पनी, संस्था वा कार्यालयको नाममा खिचिएको चेक एकाउन्ट पेयी नै हुनुपर्नेछ । त्यस्ता चेक, चेकमा उल्लेखित पेयी (भुक्तानी पाउने संस्था) को खातामा सोझै जम्मा गरी भुक्तानी हुनेछ ।

२) एक पटकमा एक जना धारकलाई एउटा खातामा खिचिएको एक भन्दा बढी चेकको कूल भुक्तानी रकम रू. १० लाख भन्दा बढी हुने गरी नगदमा भुक्तानी दिइने छैन ।

३) एउटा खातामा खिचिएको चेक सोही खातामा जम्मा गर्न पाइने छैन ।

४) कुनै खास कारण विशेषले एकै चेक वा एकै खातामा खिचिएको एक भन्दा बढी चेकहरू तथा कूल रकम रू. १० लाख वा सो भन्दा बढीको नगद भुक्तानी माग भएमा खातावालको निवेदनको औचित्यको भरपर्दो आधारमा व्यक्तिगत खातावालको हकमा खातावाल स्वयमलाई तथा संस्थाको हकमा आधिकारिक कर्मचारीलाई मात्र दिइने छ । यस बैंकको शाखाहरूमा तथा बैंकको वेबसाइट http//www.bok.com.np/form/downloads मा उपलब्ध ढाँचामा ग्राहकहरूले दिएको निवेदन उपर कारवाही गर्ने, चेकको नगद भुक्तानी गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहने जानकारी गराउँदछौं । फर्म, कम्पनी, संस्था वा कार्यालयको हकमा निवेदन आधिकारिक लेटर प्याडमा तोकिएको ढाँचामा आधिकारिक हस्ताक्षर तथा संस्थाको छाप प्रयोग गरी पेश गर्नु पर्नेछ ।

५) फर्म, कम्पनी, संस्था वा कार्यालयले नगद भुक्तानीको लागि निवेदनका साथ दिने चेक भुक्तानी लिन आउने प्राकृतिक व्यक्ति (आधिकारिक कर्मचारी) को नाममा खिच्नु पर्नेछ । भुक्तानी लिन आउँदा सम्बन्धित कार्यालयको कर्मचारी भएको व्यहोरा खुल्ने परिचयपत्रको सक्कल प्रति अनिवार्य रूपमा पेश गर्नु पर्नेछ ।

यस सम्बन्धि थप जानकारीको लागि आफ्नो नजिकको शाखामा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं ।

ADVERTISEMENT RATES FOR NEPAL SAMACHARPATRA

Rates

	B/W	COLOR
Inside page per Clm/cm	Rs.1200	Rs.1500
Third page per Clm/cm	Rs.1800	Rs.1800
Back page per Clm/cm	Rs.2000	Rs.2000
Front page per Clm/cm	Rs. 2600	Rs. 2600

Dispaly Box & Classified Ads

Per Display Box	Rs. 1000 /- (1clm/5cm)
Passport Display Box	Rs. 1000/- (1clm/5cm)
Per Word	Rs. 15/- (Normal)
Per Word	Rs. 20/- (Bold)

Discounts & Premiums

Jacket Page (Front & Second Page)	Rs. 20,00,000
Jacket Page (Front & Back Page)	Rs. 22,00,000
Top Strip (Any Page)	50 % (Premium)
Island/ Irregular Ad	50% (Premium)
Earpanel (FP)	Rs. 20,000
Side PopUp (FP)	Rs. 25,000
Frequency Discount	
For Four insertions in a month	7 %
For Five or more insertions in a month	10 %
Full Page Discount	10%

Note: All rates are excluding VAT

Mechanical Data

Width of Column	:	3.8cm
No. of Column	:	8 columns
Height of Column	:	50 cm
Printable Area	:	33 X 47 cm
Overall size	:	33 X 50 cm
Process	:	Web Offset
Screen	:	85DPI/95DPIw

ADVERTISEMENT RATES FOR KAMANA/ SADHANA

Rates

	RATE
Cover Full Page (Outside Back)	Rs. 90,000/-
Cover Full Page (Inside Front)	Rs. 75,000/-
Cover Full Page (Inside Back)	Rs. 75,000/-
Inside Ordinary Full Page	Rs. 60,000/-
Double Spread	Rs. 100,000/-
Central Spread	Rs. 110,000/-
Inside Ordinary Half Page	Rs. 40,000/-
Inside Ordinary Quarter Page	Rs. 30,000/-
Strip	Rs. 30,000/-

Frequency Discount

For six insertions in a yea	7%
For twelve insertions in a year	10 %

Note: All rates are excluding VAT

Mechanical Data

Full Page Bleed	-	21.3 cm by 29.3 cm
Full Page Non Bleed	-	18.5 cm by 27 cm
Half Page Horizontal	-	18.5 cm by 14.5 cm
Half Page Vertical	-	9.5 cm by 27 cm
Quarter Page	-	9.5 cm by 14.5 cm
Vertical Strip	-	6 cm by 27 cm
Horizontal Strip	-	18.5 cm by 6 cm
Double Spread Bleed	-	42.6 cm by 29.3 cm
Double Spread Non Bleed	-	37 cm by 27 cm
Cover Double Spread Bleed	-	41 cm by 29.3 cm

Rates effective from Shrawan 1, 2074. PLEASE BE ADVISED THAT THE ADVERTISING RATE MIGHT CHANGE WITH 7 DAYS NOTICE IN *NEPAL SAMACHARPATRA*

Kamana News Publications Pvt. Ltd.

Maru Bhimsensthan, Kathmandu, Nepal

Phone no : 4261179, Fax : 4218990

Email : nepalsamacharpatra@gmail.com

नेपाल यू-२३ बाहिरियो

काठमाडौं, (नेस)

यूएईमा जारी एएफसी यू-२३ छनोट चरणको दोस्रो खेलमा नेपाल उज्बेकिस्तानसँग पराजित भएपछि प्रतियोगिताबाट बाहिरिएको छ।

समूह 'डी'अन्तर्गत सोमबार राति भएको खेलमा उज्बेकिस्तानले नेपाललाई २-० ले गोलअन्तर पराजित गरेको हो। समूहको पहिलो खेलमा आयोजक यूएईसँग ५-० को फराकिलो गोलअन्तरले हारेको नेपाल छनोट चरणबाट बाहिरिएको हो।

तुलनात्मक रूपमा समूहको पहिलो खेलभन्दा सुधारिएको प्रदर्शन गरेको नेपाल खेलको पहिलो हाफमा १-० ले पछि परेको थियो। उज्बेकिस्तानका लागि खेलको २१औं मिनेटमा तुर्सुनोभलेले हेडमार्फत उत्कृष्ट गोल गरेका थिए। खेलको दोस्रो हाफमा पनि हावी रहेको उज्बेकिस्तानका स्ट्राइकरहरूले नेपाली डिफेन्स र गोलरक्षकलाई व्यस्त राखेका थिए। यसैक्रममा खेलको ८०औं मिनेटमा नेपाललाई अर्को झट्का लाग्यो। कमल श्रेष्ठले सही तरिकाले मार्क गर्न नसकेको अवस्थामा गोलरक्षक एलनलाई सजिलै बिट गर्दै गानिभले उज्बेकिस्तानका लागि दोस्रो गोल गर्न सफल भए। हारसँगै दुई खेलबाट अंकविहीन बनेको नेपालले ७ गोल बेहोरिसकेको छ। अब नेपालले समूहको अन्तिम खेल लेबननविरुद्ध साउन ४ मा खेल्नेछ।

यू-१९ विश्वकप क्रिकेट छनोट

नेपालको सानदार शुरूआत

नेपाल समाचारपत्र

काठमाडौं

आईसीसी यू-१९ विश्वकप क्रिकेट छनोट प्रतियोगिताअन्तर्गत नेपालले सानदार शुरूआत गरेको छ।

सोमबार पहिलो खेलमा नेपालले आयोजक सिंगापुरलाई ४ विकेटले हराउँदै प्रतियोगितामा सानदार शुरूआत गऱ्यो। बलरले घातक बलिङ गरेर पहिले नै नेपालको जितको छनक दिइसकेका थिए। सिंगापुरले मात्र ७४ रनको लक्ष्य पस्केकामा नेपालले ६ विकेटको क्षतिमा १७ दशमलव ३ ओभरमा पूरा गऱ्यो।

नेपालले सहज देखिएको लक्ष्य पूरा गर्न भने शीर्ष ब्याटसम्यानले निरास गरेका थिए। ओपनरद्वय सन्दीप सुनार १ रन र आसिफ शेख ४ रन बनाएर पभेलियन फर्के। त्यस्तै राम्रो लयमा देखिएका दीपेन्द्र सिंह ऐरीले पनि २ रनमै ओपनरको पथ पछ्याएका थिए। त्यसो त प्रनीत थापामगर एक इन्डमा राम्रै खेले। उनी तीन चौकाको सहयोगमा २३ रन बनाएर आउट भए।

चार विकेट नेपालको पतन भइसकेको अवस्थामा मध्यक्रममा अनील शाहले ९९ रन र प्रकाश केसीले ६ रन जोडे। रोहितकुमार पौडेल ११ रन र पवन शराफ चार रनमा नटआउट रहेर नेपालको सुखद अन्त्य गरेका थिए। सिंगापुरका आर्यमान सुनिल र गोपीनाथ अचरले २/२ विकेट लिए भने रोहन रंगराजन र अंश भार्गभले १/१ विकेट बाँडे।

यसअघि टस जितेर फिल्डिङ रोजेको नेपालले सिंगापुरलाई ७३ रनमा अलआउट गरेको थियो। कप्तान सन्दीप लामिछानेले उत्कृष्ट बलिङ प्रदर्शन गर्दै २१ रन खर्चेर ५ विकेट लिए। सिंगापुरका लागि ब्रिगु ऐरले सर्वाधिक ४२ रन जोडे भने अन्य ब्याटसम्यान नेपाली बलरका सामु टिक्न सकेनन्।

धरहरा

पैसाको थैली

नेपालका निजी स्कुलका बारेमा सकारात्मक टिप्पणीभन्दा नकारात्मक टिप्पणी हुने गरेको धरहराले सुनेकै हो।

हैन यी निजी स्कुल सञ्चालकहरूले नियुक्त गरेका प्रिन्सिपलको हर्कत देखेर धरहरा तीन छक परेको छ भन्या। पहिला पहिला एसएलसी पास गरेपछि उच्च शिक्षा अध्ययन गर्न जाने विद्यार्थीलाई भारी बोकाउने पुस्तक प्रकाशकले प्रिन्सिपललाई मोटो थैली बुझाई आफ्नो किताब पढाउन बाध्य पारेपछि सरकारले एसएलसी खारेज गरेर एसईई लागू गरेपछि फेरि पुस्तक प्रकाशकहरू प्रिन्सिपलको थैली भर्न मरिहत्ते गर्ने गरेको दृश्यले धरहरालाई काउकुती लागेको छ।

१२ कक्षासम्म सरकारले तोकेको पुस्तक पढाउनुपर्ने नियम भए पनि निजी स्कुलका प्रिन्सिपल भने थैलीको लोभमा विद्यार्थीलाई भारी बोकाउन लागेको देखेर धरहरालाई भने लाज लागेको छ। हैन पैसाका लागि जे पनि त गर्नु भएन नि हो प्रिन्सिपल ज्यूहरू। जनताका छोराछोरीलाई मारेर कमाएको पैसा त्यति फलिफाप हुँदैन भन्छन् बूढाबूढीहरू। बेलैमा विचार गर्ने कि? कि कसो त पाठकवृन्द?

कोरियामा नेपाली तेक्वान्दोलाई ११ स्वर्ण

नेपाल समाचारपत्र

काठमाडौं

दक्षिण कोरियाको मुजु शहरमा भएको ११औं वर्ल्ड तेक्वान्दो कल्चरल एक्स्पोमा नेपालले अन्तिम दिन कुल ११ स्वर्ण, ६ रजत र ५ कांस्य पदक हात पारेको छ।

मुजुमा सम्पन्न अन्तर्राष्ट्रिय तेक्वान्दोमा नेपालले फाइटतर्फ ८ स्वर्ण र पुम्सेमा तीन स्वर्ण जितेको नेपालका हेड अफ टिम कुमार लामा घिसिङले बताए। सोमबार भएको प्रतियोगितामा पुरुषको फाइटतर्फ २२ केजीमा रोहन माझी, ३३ केजीमा उज्ज्वल कटुवाल, ४० केजीमा प्रतीक श्रेष्ठ, ५४ केजीमा राहुल माझी, ५८ केजीमा दिविहाङ लिम्बु र ६३ केजीमा रिमन महर्जनले नेपालका लागि स्वर्ण जिते।

पुरुषको फाइटमै ४४ वर्षभन्दा माथिको ८० केजीमा प्रेम भण्डारीले रजत पदक हात पारे। उत्कृष्ट प्रदर्शनका बाबजुद भण्डारी फाइनलमा चाइनिज ताइपेईका खेलाडीसँग ट्राई ब्रेकरमा स्तब्ध भएपछि रजत पदकमै सीमित भए। भण्डारीले पुम्सेमा पनि रजत पदक जिते। फाइटमै ८७ केजीमा अनिस महर्जनले रजत, ३० केजीमा अविभ श्रेष्ठ र ३५ केजीमा राहुल थापामगरले कांस्य पदक जिते। महिलातर्फ फाइटको ७८ केजीमा सुमित्रा खत्रीले रजत पदक हात पारिन्।

त्यस्तै पुरुष पुम्सेतर्फ १३ वर्षमुनि स्वरूप भण्डारी र १५ वर्षमुनि नवीन श्रेष्ठले स्वर्ण पदक हात पारे। पुम्सेमै १४ वर्षमुनि प्रसुन तामाङले रजत र १२ वर्षमुनि अविभव शाक्यले कांस्य पदक हात पारे। नेपाली टोलीको हेड अफ टिम कोचसमेत रहेका कुमार लामा घिसिङले ३५ वर्षमुनि कांस्य पदक जित्न सफल भए।

मनीता आफ्नै विद्यालयबाट पुरस्कृत

नेपाल समाचारपत्र

काठमाडौं

किर्गिस्तानको बिस्केकमा भएको ११औं एसियाली क्याडेट तथा १८औं एसियाली जुनियर जुडो च्याम्पियनसिपको जुनियर महिला ५७ केजीमुनि कांस्य जितेकी मनीता श्रेष्ठ प्रधान सोमबार नगदबाट पुरस्कृत भएकी छिन्। मनीता अध्ययनरत रानीवनस्थित बाल विकास माविले नगद १५ हजारसहित सम्मान गरेको हो।

उक्त प्रतियोगितामा मनीताले तीन राष्ट्रका खेलाडीलाई पराजित गर्दै करियरको छैटौं अन्तर्राष्ट्रिय पदक जितेकी थिइन्। मनीताले भारत, उज्वेकिस्तान र ताजकिस्तानका खेलाडी पाखा लगाउँदै कांस्य जितेकी हुन्।

नेपाल जुडो संघका उपमहासचिव एवं बन्दी सहायता नियोग (पाम) का जुडो प्रशिक्षक सूर्य श्रेष्ठले मनीतालाई विद्यालयका तर्फबाट नगद १५ हजार हस्तान्तरण गरे। ६ वर्षको उमेरदेखि पाममै आश्रित मनीतालाई शुरूआतदेखि नै श्रेष्ठले प्रशिक्षण दिइरहेका छन्।

Call 4-261179, (98511) 08620, (98510) 35406, (9841) 764976 to Advertise on the Collector's Issue of The Largest Selling Entertainment Magazine

LIMITED SPACE AVAILABLE

Ad Deadline: Shrawan 10, 2074
(July 25, Tuesday)

Entertaining Nepalese Since 1984

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, सम्पादकः लेखनाथ अधिकारी, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ